सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

**SAGARMATHA ENGINEERING ACADEMY (SEA)**

Admission Open for

**B.E. ENTRANCE PREPARATION**

Managed and run by a galaxy of highly experts in the related field.

Contact: SEA Office, Kupondole, Lalitpur ☎ 5531547
(Opposite to Micro Bus Stand)

25% Scholarship to First 100 Enrolment

● वर्ष १२ ● ठमाडौं, शुक्रबार, वैशाख २८, २०६४ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, May 11 ● पृष्ठ २४ ● मूल्य रु. ८/-






# दुर्व्यवहार होइन फ्लर्टिङ

**प्रदीप मेयाङ्बो**

बाटो ढुकेर युवतीलाई हेर्दै जिब्रो पड्काउने युवकलाई अधिकांशले नराम्रो बानी भएको व्यक्तिमा गन्छन् । बसमा होस् वा कतै यात्रामा छेडछाड गर्ने युवकलाई पनि खत्तमको दर्जामा राखिन्छ, अर्थात् सडक प्रेमी भएर युवतीका अगाडि बरालिँदै सुसेली हालेर गुनगुनाउने युवकलाई युवतीहरूले 'काम नपाएर बरालिन्छ' भन्दै सराप्छन् । हदै नाघे गाली गर्छन् वा लगाएको सेन्डल फुकालेर पिट्न पनि भम्टिन्छन् ।

यस्ता घटना प्रायः विद्यालय-कलेज, यातायात क्षेत्र वा कार्यालयमा हुन्छन् । जिस्क्याएकै कुरालाई लिएर विवाद बढी युवकहरूको दुई समूहबीच भगडा पनि हुने गरेको छ । अर्काको आत्मसम्मानमा चोट पुग्ने गरी छेडछाड गर्नुलाई अनैतिक मान्न सकिन्छ, तर सामान्य अवस्थामा वातावरणलाई रमाइलो बनाउन एक-अर्कालाई जिस्क्याएर, शरीर, आँखा, मुख, हात, आवाज आदिको प्रयोग गरेर छेडछाड गर्नु अनैतिक हुनु होइन । सम्बन्धित व्यक्तिलाई त्यस्तो व्यवहार असहज महसुस हुन थाल्यो भने त्यो र्‍यागिङमा परिणत हुन्छ र मानसिक रूपमै तनाव उत्पन्न हुनसक्छ ।

अंग्रेजीमा □लर्टिङ र नेपालीमा छेडछाड भनिने यस किसिमको उत्ताउलोपनमा युवकहरू नै बढी सहभागी हुन्छन् भन्ने परम्परागत मान्यता छ । □लर्टिङ पाश्चात्य खुला समाजबाट एसियाली मुलुकमा भित्रिएको तर्क गर्नेहरू पनि छन् । □लर्टिङको माध्यमबाट पुरुषले नारीको आत्मसम्मानमा चोट पुर्‍याएको धारणा पनि कतिपयको छ ।

के □लर्टिङ युवकले मात्र गर्छन् ? हाम्रा विद्यालय-कलेज वा व्यावसायिक क्षेत्रमा युवकको □लर्ट गर्ने बानीबाट आजित हुने सबै युवतीहरू मात्र छन् ? होइन र छैन । यस्तो उत्ताउलोपनबाट पछिल्लो समयमा युवकहरू पनि उत्तिकै सताइएका छन् । सताइएका भन्नाले साह्रै नै पीडित पारिएको भने होइन, अर्थात् □लर्टिङ गर्नमा अब



युवतीहरू पनि उत्तिकै अगाडि देखिन थालेका छन् । प्रायः कलेजमा युवतीहरू पनि कुनै युवक (चिनेको) लाई हेरेर 'वा वा वा क्या हेन्डसम क्या सेक्सी कपाल । आज त तिमीलाई आई लव यु भन्न मन लाग्यो' भनेर मज्जाले उडाउँछन् ।

बाँकी पृष्ठ १४ मा



## क्यासेट

### अल्पविराम



एएनएस म्युजिक प्रा.लि.ले उद्योगपति तथा गायक प्रसाद श्रेष्ठका गीतहरूको संग्रह 'अल्पविराम' बजारमा ल्याएको छ। आठवटा गीत संग्रहीत अल्पविराममा शब्द चेतन कार्की, शीतल गुरुङ, यादव पाण्डे, प्रेमविनोद नन्दन, जयराम श्रेष्ठ तथा प्रभातकुमार जोशीको छ। त्यसैगरी संगीत गोपाल योञ्जन, प्रसाद श्रेष्ठ, शिरीषबहादुर थापा, यादव पाण्डे र दीपक प्रधानको छ। संग्रहमा ७ मिनेट २० सेकेन्डको पहिलो गीत कलकल सलसलमा गायक श्रेष्ठलाई अरुणा लामाले साथ दिएकी छिन्।

### परिकल्पना



धौलागिरि क्यासेट सेन्टरले गीतकार चन्द्र प्रसाईंका गीतहरूको संग्रह 'परिकल्पना' श्रोतामाझ ल्याएको छ। परिकल्पनामा संगीत टीका भण्डारीको छ भने स्वर कर्णदास, रामकृष्ण ढकाल, एम बराल, टीका भण्डारी, स्वरूपराज आचार्य, माण्डवी त्रिपाठी, सपनाश्री, राजेशपायल राई तथा जुना प्रसाईंको छ।

### गुर्खा सोल्जर



गीतकार तथा संगीतकार धरम गुरुङको नयाँ गीतिसंग्रह 'गुर्खा सोल्जर' स्रोतामाझ आएको छ। १२ वटा गीत संग्रहित गुर्खा सोल्जरमा धरम गुरुङ तथा उनका साथीहरूले नौवटा गीतमा स्वर प्रदान गरेका छन् भने तीनवटा गीतमा सर्वज्ञमान शाक्यको स्वर सुन्न पाइन्छ। पप, हिपहप तथा आधुनिक गीतहरू यो संग्रहमा समावेश गरिएका छन्।

## रंगमञ्च

- नाट्य समूह शिल्पीले त्रिभुवन विश्वविद्यालयको अडिटोरियम हलमा वैशाख २० गते बिहीबारदेखि २६ गते बुधबारसम्म नाटक 'नयाँ-नेपाल' मञ्चन गऱ्यो। शिल्पीले यो नाटकलाई देशभरका विभिन्न स्थानमा मञ्चन गर्ने योजना बनाएको छ। शिल्पीका कार्यक्रम संयोजक तथा नाटक लेखक घिमिरे युवराजका अनुसार अब भक्तपुरमा यो नाटक मञ्चन गरिनेछ। संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनचेतना बढाउने कथामा आधारित नाटक नयाँ नेपाललाई राजन खतिवडाले निर्देशन गरेका छन्।

-राजधानीको विजेश्वरीस्थित होटल बज्रको स्टुडियो सेभेनमा गत शुक्रबारदेखि अंग्रेजी नाटक 'द अनेस्ट थिप' अर्थात् इमान्दार चोर मञ्चन भैरहेको छ। हास्यरसमा आधारित यो नाटकलाई नाट्यकर्मी सविना लेहमेनले निर्देशन गरेकी हुन्। नाटकमा चरणदास नामको एक चोर, जसले चोरेका सामग्रीमध्ये आफूलाई आवश्यक राखेर अरू गरिबहरूलाइ बाँड्छ। चोर भए पनि ऊ कहिल्यै ढाँट्दैन। नाटकमा चरणदासले महारानीको विवाह गर्ने प्रस्तावलाई अस्वीकार गरेपछि उसलाई मार्ने हुकुम दिइन्छ। राजस्थानी लोककथामा आधारित यो नाटकलाई हबिब तनविरले लेखेका हुन्।

- आरोहण-गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित सम नाटकघरमा भैरहेको 'आरोहण राष्ट्रिय नाटक महोत्सव' आज समापन हुँदैछ। महोत्सवको अन्तिम दिन आज रंगसारथी नाट्य समूह काठमाडौंले नाटक 'बुर्की' मञ्चन गर्नेछ। नाटक बुर्कीको निर्देशन विजय विष्फोटले गरेका हुन्। गत वैशाख २ गते प्रारम्भ भएको उक्त नाटक महोत्सवमा मुलुकभरका २७ वटा नाट्य समूहका २७ नाटक मञ्चन भएको वरिष्ठ नाट्यकर्मी सुनिल पोखरेलले बताए। महोत्सवमा दिउँसो १२ बजे र साँझ साढे ५ बजे गरेर दिनहुँ दुई पटक एउटै नाटक मञ्चन भएको थियो। त्यसैगरी अघिल्लो दिन मञ्चन भएको नाटकका सम्बन्धमा भोलिपल्ट अन्तर्क्रिया कार्यक्रम पनि गरिएको थियो।

## ग्यालरी

-२५५१ औं बुद्ध जयन्तीको अवसरमा गत सोमबार प्रारम्भ भएको दोस्रो परम्परागत थाङ्का (पौभा) चित्रकला प्रदर्शनी हिंजो बिहीबार सम्पन्न भएको छ। नेपाल ललितकला संस्था (नाफा) मा आयोजित उक्त प्रदर्शनीमा बुद्ध धर्मसम्बन्धी ९६ कलाकारका १ सय ५ वटा थाङ्का चित्र राखिएका थिए। प्रदर्शनीमा स्टोन, गोल्ड, मिक्स्ड, इमोल्सन, पोष्टर तथा फ्रेब्रिक आदि रंग प्रयोग गरिएका चित्रहरू थिए। प्रदर्शनीमा ३५ हजार रुपैयाँ देखि ७ लाख मूल्यसम्मका थाङ्का चित्र राखिएका थिए।

-कलाकार गौरव श्रेष्ठको तेस्रो एकल चित्रकला प्रदर्शनी द आर्टसप दरबारमार्गमा गत आइतबार प्रारम्भ भएको छ। 'मोमेन्ट अफ प्यासन' शीर्षकको उक्त चित्रकला प्रदर्शनीको उद्घाटन फाइन आर्ट क्रिटिक्स सोसाइटीका अध्यक्ष रमेश खनालले गरेका थिए। कलाकार श्रेष्ठले प्रदर्शनीमा विभिन्न शीर्षकका २० वटा चित्र राखेका छन्। जेठ १ गते मंगलबारसम्म चल्ने प्रदर्शनीमा राखिएका ती चित्र सन् २००२ देखि २००७ सम्म कोरिएको कलाकार श्रेष्ठले बताए।

-कलाकार गजेन्द्रमान श्रेष्ठको १६ औं एकल चित्रकला प्रदर्शनी हिंजो बिहीबार सम्पन्न भएको छ। 'वेभ्स अफ इको (सेरिज-२)' शीर्षकको उक्त प्रदर्शनी सोन्जा आर्ट ग्यालरी ठमेलमा आयोजित गरिएको थियो।

-आफ्नो चौथो वार्षिकोत्सवको अवसर पारेर ग्यालरी नाइनले 'नेपालीको परिकल्पनामा गाई' शीर्षकको समूहगत चित्रकला प्रदर्शनी आयोजना गरेको छ। चित्रकलामा नाम चलेका २२ जना कलाकारका कुचीले गाईलाई विभिन्न स्वरूपमा उतारेका छन्। एक महिनासम्म चल्ने उक्त प्रदर्शनीकै क्रममा १० दिनसम्म विभिन्न कार्यक्रम आयोजित हुनेछन्।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समय बलियो छ। आँटेका काम पूरा हुनेछन्। प्रसन्नता एवं पराक्रम बढ्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। मान-सम्मान पनि प्राप्त होला।सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### वृष

साता राम्रो छ। सोचेका कुरा पूरा हुनेछन्। जोस एवं जाँगर बढ्नेछ। अधुरा काम फत्ते हुनेछन्। प्रसन्नता बढ्नेछ भने आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। अरूको विश्वास पनि प्राप्त होला। यात्रा गर्ने अवसर जुट्नेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। सफलताका लागि गोपनीयतामा जोड दिनुहोला।

### मिथुन

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। आइतबारदेखि मान-सम्मान मिल्नेछ। काममा सुधार आउनेछ भने सोच्ने शक्ति बढ्नेछ। अरूबाट सहयोग पनि प्राप्त हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कर्कट

स्वास्थ्य कमजोर रहनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। खर्च एवं विवाद बढ्ने योग छ। मंगलबारदेखि मान-सम्मान प्राप्त हुनेछ भने काममा सफलता मिल्नेछ। आम्दानीका साथै प्रसन्नता बढ्नेछ। अरूको भरोसा गरिहाल्नु उचित हुँदैन।

### सिंह

सुरुमा व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने दखिन्छ। खर्च बढे पनि आम्दानी घट्ने छैन। मान-सम्मान पनि मिल्नेछ। अध्ययनमा सफलता प्राप्त होला। धार्मिक कार्यमा मन जानेछ। आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कन्या

परिश्रम गर्नुपरे पनि धनआर्जन गर्ने अवसर जुट्नेछ। काममा सफलता मिल्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर प्राप्त हुनेछ। भेटघाटमा रमाउन पाइनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। मंगलबारदेखि स्वास्थमा समस्या तथा काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### तुला

गलत विचार एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउला। मन दुविधाग्रस्त रहनेछ। स्वास्थ्य गडबड हुन सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। आइतबारदेखि परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय बढ्ने एवं यात्रा हुने योग छ। नयाँ काम पनि पाइनेछ।

### वृश्चिक

सुरुमा घरेलु समस्याले सताउनेछ। गलत विचार बढ्नाले काममा अवरोध आउन सक्छ। अध्ययनमा अवरोध देखिन्छ। व्यावसायमा समस्या आउनेछ। काममा तगारो लगाउनेहरू सक्रिय हुनेछन्। विश्वास गरेकाले धोका दिन सक्छन्। स्वास्थ्यमा समस्या देखापर्नेछ। मंगलबारदेखि परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। काममा सुधार आउला। सफलताका लागि आफैले प्रयास गर्नुहोला।

### धनु

पराक्रम बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। राम्रै आम्दानी हुनसक्छ। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। आइतबारदेखि घरेलु समस्याले सताउनेछ। स्वास्थ्य कमजोर हुनुका साथै काममा अवरोध आउनाले मनोबल घट्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। अरूको भरोसा नगर्नु होला।

### मकर

साता मध्यम रहनेछ। विवादबाट टाढै रहनु होला। धनमाल हराउन सक्छ। घरेलु समस्याले सताउनेछ भने शत्रु बढ्नेछन्। रोगले पनि सताउन सक्छ। आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आम्दानी पनि हुनेछ। व्यवसाय तथा अध्ययनमा सफलता मिल्नेछ।

### कुम्भ

समय राम्रो छ। आँटेको काममा सफलता मिल्नेछ। प्रसन्नता बढ्नेछ भने भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ। अध्ययनमा सफलता मिल्नुका साथै अरूको मन जितेर सम्मान प्राप्त गर्न सकिनेछ। बोल्दा विचार पुऱ्याउनुहोला।

### मीन

सुरुमा खर्च एवं विवाद बढ्नेछ। झूटा आरोप पनि लाग्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिनसक्छन्। काममा अवरोध आउनेछ। आइतबार तथा सोमबार मान-सम्मान पाइनुका साथै भेटघाटमा रमाउने अवसर जुट्नेछ। व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ भने अध्ययनमा सफलता मिल्नेछ।

### यो साताको पञ्चाङ्ग

वैशाख ३० गते एकादशी, जेठ २ गते औंसी, जेठ ४ गते विश्व दूरसञ्चार दिवस, विश्व परिवार दिवस



# संविधानसभाअघि राजतन्त्रबारे निर्णय नलिइने

**साप्ताहिक समाचार**

काठमाडौं, छ दशक पुरानो आफ्नो छविलाई कायम राख्दै नेपाली कांग्रेस मध्यमार्गी एवं लचिलो दलका रूपमा स्थापित भएको छ। कांग्रेसले आफ्नो भावी रणनीति तय गर्न बोलाएको जिल्ला सभापतिहरूको भेलामा नेपाली कांग्रेसलाई कुनै दल विशेषको नीतिका पछाडि नलागी मध्यमार्गी एवं लचिलो दलका रूपमा अघि बढ्न सुझाव मिलेको हो। नेपाली कांग्रेस एकातर्फ सक्रिय राजावादी तथा अर्कोतर्फ अधिनायकवादी कम्युनिस्टहरूको बीचमा फसेकाले होसियारीपूर्वक अघि बढ्न भेलाले सुझाव दिएको छ।

६५ जिल्लाका सभापति एवं विभिन्न भ्रातृ संगठनका प्रमुखहरू जम्मा भएको उक्त भेलामा गणतन्त्रको स्वर उठे पनि त्यसलाई अरू दलभन्दा फरक शैलीमा लानुपर्ने आवश्यकता भएको निष्कर्ष निकालियो। भेलालाई सम्बोधन गर्दै उक्त दलका सभापति गिरिजाप्रसाद कोइरालाले भने, 'नेपाली कांग्रेस बन्दुकसँग लडेर विचारको विजय गराउने दल हो। हामीले कसैसँग डराउनु पर्दैन, डराएको पनि छैन।' कोइरालाले पनि नेपाली कांग्रेस गणतन्त्रमा गइसकेको विचार व्यक्त गर्दै भने, 'हाम्रो गणतन्त्र नारामा छैन, व्यवहारमा छ। जुन दिन मैले राष्ट्रप्रमुखका रूपमा विदेशी राजदूतको ओहदाको प्रमाणपत्र लिएँ, त्यसै दिनदेखि देशमा गणतन्त्रको प्रोसेस सुरु भएको हो।'

जिल्ला सभापतिहरूको भेलाले कांग्रेस एकीकरणमा जोड दिएको छ। काङ्ग्रेस एकीकरणका विषयमा झण्डै ९५ प्रतिशत सहभागीले नेतृत्वतहलाई जिम्मेबार मान्दै आफ्नो गल्ती स्वीकार गर्न दबाब दिए। कांग्रेस टुक्रिएकै कारण राजाले सत्ता आफ्नो हातमा लिने हिम्मत गरेको तथा देशमा कम्युनिस्टहरू बढेको निष्कर्ष निकाल्दै कांग्रेस कमजोर हुँदा प्रजातन्त्र पनि कमजोर हुने ठहर उक्त भेलाले गरेको छ। सभापतिहरूको यो निष्कर्षले दुवै कांग्रेस एक हुन बल मिलेको छ।

अन्तरिम संसद लगातार अवरुद्ध हुनुको दोष नेकपा (माओवादी) ले लिनुपर्ने बताउँदै सभापतिहरूले जिल्ला-जिल्लामा पनि उक्त दलको व्यवहार परिवर्तन नभएकोमा नेतृत्वको कडा आलोचना गरे। सभापतिहरूले सरकारले शान्ति सुरक्षा मजबुत बनाउन असफल रहेको भन्दै योङ कम्युनिस्ट लिगको व्यवहारलाई रोक्न ढिलाइ गरेकोमा सरकारको कामप्रति असन्तुष्टि व्यक्त गरे।

माओवादीका कार्यकर्ताले जनताको घर-दैलोमा पुग्न अझै अवरोध गरेको, द्वन्द्वको अवस्थमा कब्जामा लिएको सम्पत्ति फिर्ता नगरेको, फरक विचार राख्नेहरूप्रति असहिष्णु व्यवहार गरेको भन्दै केन्द्रमा नेकपा (माओवादी) सँग गरिएको मिलोमतो कांग्रेसका लागि दूरगामी असर पर्ने भएकाले नेतृत्वलाई सचेत हुन आग्रह गरे।

जिल्ला सभापतिहरूको चार दिने उक्त भेलाले १२ बुँदे प्रस्ताव पास गरेको छ। प्रस्तावमा २००७ सालदेखि संविधानसभाको निर्वाचनलाई मुद्दाका रूपमा उठाउँदै नेपाली कांग्रेसले उक्त मुद्दालाई महत्त्व दिएर त्यसको तिथि घोषणा गर्न दबाब दिएको छ।

संविधानसभा निर्वाचनको वातावरण सरकारको पहिलो एजेन्डा हुनुपर्ने बताउँदै संविधानसभाअघि गणतन्त्रमा गए नेपाली कांग्रेसको अडान परिवर्तन हुने भएकाले अन्तरिम संसदबाट गणतन्त्रमा जान नहुने सुझाव दिए। संविधानसभाको निर्वाचन ढिलो गर्दा त्यसले नेपाली कांग्रेसको छवि धमिल्याउने भएकाले यस विषयमा संवेदनशील हुन जिल्ला सभापतिहरूले नेतृत्वलाई आग्रह गरेका छन्। यद्यपि संविधानसभाअघि नै नेपाली कांग्रेसले विशेष महाधिवेसन बोलाउने वा महासमितिको बैठक बसेर नेपाली कांग्रेसको गणतन्त्रसम्बन्धी स्पष्ट धारणा बनाउनुपर्ने सुझाव दिए।

संसद पुनर्स्थापनाका विषयमा जसरी पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको एउटा अडान थियो, राजतन्त्रका विषयमा त्यो अडान आउन नसकेकोमा केही सभापतिहरूले असन्तुष्टि व्यक्त गरे। त्यसको जबाफमा कोइरालाले जनता परिवर्तनतर्फ गएकाले नेपाली कांग्रेस जनताको परिवर्तनसँगै जानुपर्ने बताएर आफ्नो भनाइ त्यसै अनुसार आएको स्पष्टीकरण दिए।

कोइरालाको यो स्पष्टीकरणपछि नै सभापतिहरूको भेलाले विशेष महाधिवेश बोलाएर राजतन्त्रका सम्बन्धमा कांग्रेसले राजतन्त्रका बारेमा स्पष्ट धारणा बनाउने माग गरेका हुन्। भेलाले आगामी संविधानसभाको निर्वाचनमा नेपाली कांग्रेसको एजेन्डा के हुनुपर्छ भन्ने विषयमा कार्यपत्र प्रस्तुत भएको थियो। भेलामा अधिवक्ता ललितबहादुर बस्नेत तथा कुमार रेग्मीले नेपाली कांग्रेसको भावी रणनीतिसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए।

भेलामा नन्दमणि राई तथा आङ्गेलु शेर्पाले नेपाली काङ्ग्रेस पनि समय अनुसार संघीय गणतन्त्रमा जानुपर्ने आवश्यकता भए पनि त्यसबाट जातीय द्वन्द्व एवं देश विभाजनका लागि आधार प्राप्त हुने हुँदा त्यसतर्फ सचेत हुन नेतृत्वलाई अनुरोध गरे। भेलामा माओवादी सेनालाई १ अर्ब ४७ करोड रुपैयाँ छुट्याइएकोमा अर्थमन्त्री रामशरण महत तथा शान्ति सुरक्षा कायम गर्न नसकेकोमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको आलोचना भएको थियो।

पासहुनेनैगरी पढ्न आउनुहोस्।
समय: बिहान/दिउसो/बेलुका
भर्ना खुल्यो-०६४
माध्यम: अंग्रेजी/नेपाली
Private
Test-SLC
D.E.O.
I.A, I.Com,
T.U.
Regular: Tuition & Coaching
Test-SLC, I.A, I.Com, I.Sc, +2
Capsule कक्षाद्वारा Maths/Science/English सजिलै पास गर्न सकिन्छ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆4422105

सबै भन्दा पुरानो ! सबैभन्दा विश्वासिलो ! !
अत्याधुनिक प्रविधि ! हजारौं लाभान्वित ! !
● फोटोग्राफी ● फोटोएडिटीङ ● भिडियोग्राफी ● भिडियो एडिटीङ
● फोटो ल्यामिनेसन ● दुई हप्ते HOBBY फाटोग्राफी / भिडियोग्राफी
सम्पर्क: अरूण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
(मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्ष्टिच्यूट) २१९१०३७
भोटाहिटी साझा भण्डार माथिल्लो तल्ला ४२१६२९१

प्राइभेट TEST/SLC मा भर्ना खुल्यो
कक्षा ८ पास तथा 9, Test/SLC फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरुको लागि सिमित सिटमा धमाधम नयाँ भर्ना लिइदै छ। तुरुन्त सम्पर्क राख्नुहोला।
विशेषताहरु
◆ विगतमा उत्कृष्ट रिजल्ट दिन सफल,
◆ Hostel को व्यवस्था,
◆ अंग्रेजी र नेपाली दुवै माध्यममा विहानी तथा दिवा कक्षाहरु हुने,
◆ अनुभवी शिक्षक, शिक्षिकाहरुद्वारा अध्यापन गराउने,
◆ नेपाल सरकार तथा EIA Nepal बाट मान्यता प्राप्त।
विस्तृत जानकारीको लागि
SAMARPAN ACADEMY
Lagankhel, Lalitpur
PH: 5547574, 2384239
(लगनखेल बसपार्कबाट करिब १०० मि. पूर्वपट्टी)
POLE STAR ACADEMY
Lagankhel, Lalitpur
Ph. No.: 2123238
(लगनखेल मिनीमार्केट सँगै)

# कुरा वाइसीएलको

अहिले दिनहुँजसो कुनै न कुनै सञ्चारमाध्यममा वाइसीएल अर्थात् योङ्ग कम्युनिष्ट लिगका गतिविधिहरूले स्थान पाउने गरेका छन् । नेकपा (माओवादी) ले सात राजनैतिक दलसँग शान्ति सम्झौता गरेपछि माओवादीको भ्रातृ संगठनका रूपमा अस्तित्वमा आएको वाइसीएलका गतिविधिहरूका कारण आमजनता भयभीत पनि देखिन्छन् । कतिपय अवस्थामा वाइसीएलका गतिविधिहरू सकारात्मक भए पनि नकारात्मक गतिविधिहरूको चर्चा बढी छ । विगतमा सशस्त्र जनयुद्धका बेला माओवादीले सैन्य प्रशिक्षणमा हुर्काएका युवाहरू नै अहिले वाइसीएलका रूपमा देखापरेका छन् । वाइसीएलको पृष्ठभूमि जे भए पनि अहिले उसले जसरी कानुनी शासनको उपहास गर्दै आफ्नो नियन्त्रण कायम गर्ने अभियान थालेको छ त्यसले नेकपा (माओवादी) को राजनैतिक तथा वैचारिक धरातललाई कमजोर बनाउने हो कि भन्ने आशंका उत्पन्न हुन थालेको छ । माओवादीहरूले विगतमा सशस्त्र संघर्षको माध्यमबाट आफ्नो पहिचान कायम गरेका थिए । अहिले राजनैतिक रूपमा आम जनताको मन जित्ने कसरत गरिरहेको माओवादीका लागि शान्तिपूर्ण वैचारिक अभियान महत्त्वपूर्ण हुनसक्छ । वाइसीएलका गतिविधिहरूले माओवादीहरूको यस्तो वैचारिक अभियानमा धक्का पुऱ्याउन सक्छ भन्ने हेक्का माओवादी नेतृत्वले राख्नुपर्छ ।

वाइसीएलले मुलुकभरि आफ्नो अस्तित्व विस्तार गर्ने नाममा अहिले जसरी कानुनी शासनका मर्यादाहरूलाई कुल्चेर आफ्ना गतिविधिहरूलाई निरन्तरता दिएको छ, त्यसलाई एउटा राजनैतिक संगठनको राजनैतिक क्रियाकलापका रूपमा लिन सकिंदैन । मुलुकमा शान्ति सुरक्षा बहाल गर्ने, चोरी डकैती नियन्त्रण गर्ने, सार्वजनिक यातायात र सडक व्यवस्थापन गर्ने–गराउने कार्यका लागि राज्यका आफ्नै निकायहरू हुन्छन् । ती निकायहरूको अधिकार क्षेत्रमा प्रवेश गरेर आफ्नो कथित अस्तित्व विस्तार गर्ने नाममा अहिले वाइसीएलले राज्यको दैनिक प्रशासनमा समेत हस्तक्षेप गरिरहेको छ । यस्तो गतिविधिबाट जनताको मन जित्न सकिंदैन । जनताको मन जित्नका लागि राज्यका ऐन कानुनहरूको पनि सम्मान गरिनुपर्छ । आफ्नो लाभका लागि अरूलाई हानि पुऱ्याउनु हुँदैन भन्ने मान्यता पालना गर्नु नै सही अर्थमा जनताको राजनीति गर्नु हो । अरूको अस्तित्वलाई अस्वीकार गरेर आफ्नो प्रभाव विस्तारका लागि अहिले जे जस्ता गतिविधि समाचारमा आइरहेका छन् त्यसले स्वार्थपूर्ण राजनीतिलाई नै प्रष्ट पारेको छ ।

वाइसीएलले अहिले आफूलाई जुन रूपमा प्रस्तुत गरिरहेको छ त्यसका लागि माओवादी नेतृत्व कति जिम्मेवार छ भन्ने कुरा समयले नै छिनोफानो गर्नेछ तर एउटा राजनैतिक शक्तिका रूपमा आफूलाई रूपान्तरण गर्न चाहेको हिंजोको सशस्त्र विद्रोही शक्तिका लागि उसका भ्रातृ संगठनहरूको संयमित व्यवहार निकै महत्त्वपूर्ण मानिन्छ । नेकपा (माओवादी) का लागि पनि अहिलेको अवस्थामा राजनैतिक धरातल विस्तारका लागि शान्तिपूर्ण राजनैतिक अभियानहरू बढी महत्त्वपूर्ण हुन्छन् । यस्तो अवस्थामा पनि माओवादी नेतृत्वले वाइसीएलका गतिविधिहरूलाई अनियन्त्रित अवस्थामै राख्ने हो भने आम जनतासम्म पुग्ने अभियान कमजोर हुन सक्छ । माओवादीहरूले आफ्नो राजनैतिक धरातललाई वैचारिक रूपमा बलियो बनाउनका लागि पनि अवाञ्छित गतिविधिहरूमा नियन्त्रण गर्नैपर्ने हुन्छ । जनताको सेवा गर्ने नाममा जनतालाई नै अप्ठ्यारो हुने गरी सञ्चालन गरिने कुनै पनि गतिविधिले कुनै पनि राजनैतिक दलको आधारलाई खुम्च्याउने काम मात्र गर्छ भन्ने कुरा वाइसीएल र माओवादी दुवैले बुझ्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# तेन त्यक्तेन भुञ्जिथा

*Man is at his best when he spies on himself.* -Octavio Paz





डा. डी.पी. भण्डारीसँग अन्तरंग

शरीर आंशिक असुविधामा हुँदा पनि मन चलायमान भैरहन्छ । मनको मौलिक स्वभाव नै चञ्चलता हो– कहिले क्लियोपाट्रा, कहिले कालिगुला, कहिले हिटलर, कहिले गान्धी, कहिले कोही, कहिले कुनै विषयहरूको भीड लागिरहन्छ असंयमित विषय चुनाव चेष्टामा । आज म उपनिषद् वाणीमाथि चिन्तन गर्दैछु, महात्मा गान्धी सम्बद्ध वाणी वर्तमान नेपाली र शेष दक्षिण एसियालीहरूको केन्द्रीय चरित्र र स्वभावको विपरीत ध्रुवमा उभिएको वाणी । वर्तमान संक्रमणकालीन राजनैतिक परिदृश्य, यो भूखण्डको समग्र चरित्र, यहाँका सन्तुलित-असन्तुलित वासनाहरूको साइनो कस्तो रहेछ यो इशावास्योपनिषद्-वचनसित । तेनः त्यक्तेन भुञ्जिथाः त्यागेर भोग गर ।

वास्तविक, जिज्ञासु प्रश्नकर्ताहरूको बहुसंख्या अत्यन्त छोटो तर सारगर्भित उत्तर चाहन्छन् । सायद मानिस उत्तरको लम्बाईभन्दा उत्तरको सारगर्भिताबाट बढी चिनिने भएकाले मानव इतिहासका केही स्मरणयोग्य प्रश्नकर्ताहरूले स्मरणयोग्य उत्तर पाए । सोक्रेटसलाई कसैले सोध्यो– 'महाशय □ मेरो एक जिज्ञासाको उत्तर दिन चाहनुहुन्छ ?' तिम्रो जिज्ञासा सुनाऊ । प्रश्नकर्ता समर्पित भएर सोच्छ– युनानमा सबैभन्दा बुद्धिमान् मानिस को होला ? तत्क्षण सोक्रेटस उत्तर दिन्छन्- सबैभन्दा बुद्धिमान् म नै हुँ, किनकि म मात्र घोषणा गरिरहेको छु कि म केही पनि जान्दिनँ । केही असन्तुष्ट श्रोता देवी डेल्फीकहाँ सोध्न गए- सोक्रेटस त आफैंलाई महामूर्ख भन्छन्, कसरी उनी बुद्धिमान भए ? देवीको उत्तर आयो- त्यसै कारणले सुकरात सबभन्दा बुद्धिमान भए ।

महान् इतिहासकार एडवार्ड गिब्बनलाई उनका एक अत्यन्त समर्पित प्रशंसकले सोधे- रोमन साम्राज्यको पतनमाथि तपाईंले यति मोटो ग्रन्थ लेख्नुभयो । मलाई त्यति विशाल ग्रन्थ पढ्न लामो समय लाग्नेछ, एक शब्दमा भन्नुहोस्, रोमन साम्राज्यको पतनको कारण के हो– त्यो साम्राज्य, जहाँ सूर्य कहिले पनि अस्ताएन । प्रश्नकर्ताको जिद्दीपछि गिब्बन दस मिनेट मननशील हुन्छन् र आफ्नो उत्तर सुनाउँछन्- करप्सन, भ्रष्टाचार । कुनै एक ख्यातिप्राप्त अमेरिकी पत्रकारले महात्मा गान्धीलाई प्रश्न गऱ्यो– म तपाईंप्रति धेरै पहिलेदेखि आकर्षित मात्र होइन, पूर्णतः समर्पित भैसकेको मानिस हुँ । मानवजीवनको लक्ष्यको, वास्तविक आनन्दको परिभाषा तीन शब्दमा भन्नुहोस् । तत्क्षण महात्मा गान्धीको उत्तर आयो- रिनाउन्स एन्ड इन्ज्वाय, त्याग गरेर भोग्नु । पत्रकार एकछिन विस्मयाविष्ट हुन्छन् त्याग र भोगको सम्बन्ध, सान्दर्भिकता कस्तो होला भनेर ।

वास्तवमा महात्मा गान्धीको उत्तर इशावास्योपनिषद्को प्रथम श्लोकको एक पंक्ति हो, महात्मा गान्धीको जीवनको दर्शन र अभ्यास पनि हो । महात्मा गान्धीको मात्र होइन, सब वास्तविक उच्चात्माहरूको डेफिनेसन अफ ह्याप्पीनेस त्यही हो, शाण्डिल्य सोक्रेटस, जिसस, रमण महर्षि, रामकृष्ण परमहंसदेखि लिएर मदर टेरेसा र लियो टाल्स्टायसम्म सबैको ? महात्मा गान्धी, मदर टेरेसा र टल्सटाय मुक्तामा थिए कि थिएनन् भन्ने प्रश्न अर्कै हो, तर ती तीनै जनाको आनन्दको मात्र नभएर सम्पूर्ण सुफल जीवनको मेरुदण्ड नै त्यही हो– इशावास्यो इदम सर्वभ् यत् किन्चम जगतम जगत् । त्येन त्येक्तेन भुञ्जिथामा गृध कस्स्यचित धनम् ।

सम्पूर्ण अस्तित्व परमात्मात्छादित छ । मार्गमा आइपर्ने प्रलोभनहरूलाई त्यागेर जसले अर्थपूर्ण वास्तविक प्रामाणिक जीवन बाँच्ने कला जान्थ्यो त्यही मानिसको जीवन उन्नयनकारी जीवनको एक प्रभावशाली नमुना हो । तिनीहरूमध्ये केही वास्तविक आध्यात्मिक अर्थमा इनलाइटेन्ड, बुद्ध हुन सक्छन्, केही बुद्धत्वको निकट हुन सक्छन्, धेरै विशुद्ध कल्याणकारी विचारधाराबाट प्रभावित भएका हुन सक्छन् । गान्धी, मदर टेरेसा र टाल्स्टाय बुद्धत्व निकटका आत्माहरू हुन । संसारमा लिप्त मजस्तो अति सामान्य मानिस पनि प्रभावित हुन अन्तरात्माले विवश भएँ महात्मा गान्धीको आनन्दको परिभाषा पढेर । एक सतही जिज्ञासुको सतही बुझाइ । त्यस्तै त्यो अमेरिकी पत्रकार पनि प्रभावित भयो र उसले आफ्नो डायरीमा लेख्यो : सर्वाधिक सन्तोषदायी परिभाषा ।

सामान्य पर्यवेक्षक, सामान्य उपभोक्ता- यदि उसमा केही संवेदना र कल्पना छ भने फुर्सदका पलहरूमा चिन्तनशील हुन बाध्य हुन्छ : समयको गति र राष्ट्रिय चरित्रको समग्र स्वभावमाथि । अहिले मेरा देशवासीहरूको आकांक्षा, राजनैतिक खेलाडीहरूको समग्र चरित्र र व्यक्तित्व, हाम्रो इतिहासका सिमानाहरू, व्यक्ति महत्त्वाकांक्षाका सीमाहीनताहरू, स्वप्नद्रष्टाका सपनाहरू र देशको कठोर यथार्थबीचको लयात्मकता कति सहज, कति असहज हुन्छ भन्ने सत्यबारे म विल्कुलै अनभिज्ञ छु । हृदयको एक कुनामा एक विधायक, पोजिटिभ भावदशामा हुँदाहुँदै पनि कहिलेकाहीं दुःस्वप्नको झट्का अनुभव गर्छु । गान्धीजीको बोलीको पृष्ठभूमिमा सम्पूर्ण एसिया महाद्वीपको चरित्रतिर मानसिक भ्रमण गर्दा लाग्छ समयको चुनौतीलाई राम्रोसँग आत्मसात् गरेर तदअनुकूल नेपालीहरूले व्यवहार गर्न सके भने भविष्य सुन्दर छ, कमनीय छ ।

आजको मेरो लहडी चिन्तनको मूल शब्द त्याग हो । सायद नेताको अर्थ हुन्छ कुनै समूह वा देशलाई नेतृत्व दिएर शुभलक्ष्य लिएर अग्रगति दिन सक्ने नरनारीहरू, जो मूलतः राजनैतिक प्राणी हुन्छन् । कुन परम्परा, कस्तो हेरिटेज, कस्तो सौन्दर्यशास्त्र बोकेर गैरहेका छन् हाम्रा घोषित देशनिर्माताहरू, नेताहरू □ भन्ने प्रश्न सायद देशका धेरै प्रबुद्ध र कम प्रबुद्धहरूका मनभित्र उठिरहेको होला बेला-बेलामा । यो युगमा एक व्यवस्थालाई तिलाञ्जली दिएर अर्को व्यवस्थामा जानु एक सीमासम्म कठिन अवश्य हुन्छ, तर असम्भव भने हुँदैन । किनकि व्यापक पृष्ठभूमि तयार भैसकेको हुन्छ, सामूहिक मनोविज्ञान तत्परता देखाइरहेको हुन्छ- अक्सर हुन्छ । तर प्रश्न यथावत् छ : नैतिक मूल्यपद्धति चैतन्यको अभावमा अरु गोचर परिवर्तनले मात्र देशले कति स्वस्थ, अग्रगति लिन सक्छ ?

किशोरवस्थादेखि सुन्दै आएको थिएँ– नेताहरू त्यागी हुनुपर्छ अनि मात्र देशले राम्रो गति लिन्छ । समयले अगाडि तान्दै लग्यो । केही बुझें, केही अझै बुझ्न बाँकी छ । 'नेता त्यागी हुनुपर्छ, कल्पनाशील, विवकेशील, साहसी, निष्ठावान् हुनुपर्छ भन्ने उद्घोष सुनेको दिनदेखि त्यही सूत्रलाई वेदवाक्य मानेर नेपाली नेताहरू, नेपालबाहिरका नेताहरूलाई चस्मा पुछेर हेर्ने गरेको छु । हेर्दाहेर्दै थाकिसकें, तर त्यो युगमा सुनेर स्मृतिमा ग्रहण गरिरहेका लक्षणहरू उचित अवसरमा देशचालक राजनैतिक प्राणीहरूलाई जाँच्दा मलाई संशय हुन थाल्छ ।

नेताज्यूहरूको उत्साहपूर्ण मञ्चवाणी एक छाँटको ध्वनि फ्याँक्छ, कर्महरूविपरीत राग फ्याँक्छन् । सूचना र सुविधा मिल्यो भने राजनैतिक नेताहरूको दक्षिण एसियाली भीड पनि जोससित अग्रसर हुन बेर लाउँदैन गान्धीजीका वाणीहरू उद्धत गर्न । पछि जे होला, होला । तर्क दिन सकिन्छ भ्रष्टाचार वृत्ति र कर्मको, तर्क दिन सकिन्छ परस्त्रीगमनको, तर्क दिन सकिन्छ अयोग्य काम लाग्ने चाकरलाई योग्य घोषित गर्नुको, वास्तविक योग्यलाई अयोग्य प्रमाणित गर्नुको । प्रजातन्त्र आफ्ना वकिलहरूको अत्यन्त कठोर परीक्षा लिन्छ ।



# नीति-नियम

यदि कसैले धनी व्यक्तिसँग लिएको धन समर्थ भएर पनि फिर्ता बुझाउँदैन भने त्यसलाई दण्ड दिएर पनि धनी व्यक्तिलाई फिर्ता दिलाइदिनुपर्छ ।

जसले खोटो सामान बिक्री गर्छ अर्थात् धोका दिई सामान बिक्री गर्छ उसलाई चोरलाई दिइने दण्ड दिनुपर्छ ।

कठिनभन्दा कठिन फलाम पनि उपाय गर्नाले पिंधिन सक्छ । पानीले आगो निभाउन सक्छ, तर उपाय अवलम्बन गरियो भने त्यसले उल्टै पानीलाई सुकाइदिन सक्छ । उपायबाटै मानिसले हात्तीको टाउकोमा आफ्नो पैताला राख्न सकेको हो ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



# चि ठी प त्र

## हिमाली तमाङ विलय हुने डर

तमाङ जातिलाई आदिवासी जनजातिको सूचीमा राखिएको छ । जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्यामध्ये तमाङको संख्या १२ लाख ८२ हजार ३ सय ४ छ । तमाङ जातिलाई विभिन्न इतिहासकारले घोडामाथि सवार गर्ने सैनिकका रूपमा परिभाषित गरेको पाइन्छ । तमाङ भनेको घोडामाथि सवार गर्ने जाति मात्र नभएर हेर्दामा सुन्दर, हिस्सी परेको र शुभकार्य गर्ने मानिस वा जाति (ततङ तेम्रेल जेपेई मी तमाङ) भनेर हिमाली भेकमा बसोबास गर्ने तमाङ बूढापाकाहरू बताउँछन् । आफूहरूलाई तामाङ नभनेर तमाङ भन्नुपर्ने रसुवाका तमाङ जातिको भनाइ छ । रसुवा जिल्लाका तमाङहरूको शब्द उच्चारणमा आकारन्तको कम प्रयोग हुन्छ ।

उहिले यो जातिलाई लामा, भोटे र तमाङ यी तीन प्रकारले सम्बोधन गरिन्थ्यो । नेपालको उत्तरी दिशामा चीनको स्वशासित क्षेत्र तिब्बत (भोट) पर्ने र भोट बर्मेली समुदायमा पर्ने यो जातिको शारीरिक बनावट, धर्म-संस्कृति, सामाजिक परम्परा, वेशभूषा, भाषा तिब्बतीहरूसित मिल्दोजुल्दो भएका कारण अन्य जातिले तमाङ जातिलाई यस्तो भनेका हुन् । अहिले तमाङ, लामा, भोटे भिन्न जाति हुन् कि ? भन्ने धेरैलाई लाग्न थालेको छ ।

भोटे नितान्त तिब्बतीयनसित सरोकार राख्ने शब्द हो भने लामा र तमाङ यी दुई शब्द तमाङ जातिसित सरोकार राख्ने पर्यायवाची शब्द हुन् । पूर्वमा बस्ने तमाङलाई श्यार्पा (शेर्पा) र पश्चिममा बस्ने तमाङलाई नुप्पा ( नुप्रीपा) भनिन्छ । श्यार भनेको पूर्व र नुप भनेको पश्चिम हो, तर पुर्वेली र पश्चिमेली (श्यार्पा, शेर्पा), नुप्पा-नुप्रिपा) भनेर एउटा छुट्टै जातिका रूपमा स्थापित भै आदिवासी जनजातिका रूपमा सूचीकृत भैसकेको छ । ल्होपा, ल्होमी, डोल्पा, मुगुम्पा, ह्योल्मो आदि आदिवासी जनजातिका रूपमा सूचीकृत भैसकेका छन् ।

तमाङ जातिलाई मूलतः दुई समूहमा बाँड्न सकिन्छ । एउटा हो, नाक छेड्ने तमाङ, अर्को नाक नछेड्ने तमाङ । नाक छेड्ने तमाङ जाति काठमाडौं उपत्यका, यसवरपरका पहाडी जिल्ला र तराईमा बसोबास गर्छन् । नाक नछेड्ने तमाङ जाति उच्च पहाड वा हिमाली भेकमा बस्छन् । यी दुई तमाङको वेशभूषामा फरक भए पनि, धर्म एउटै छ ।

संस्कृति, परम्परा र भाषा भने गाउँपिच्छे अलिअलि अलग छन् । यसो हेर्दा अलगजस्तो लाग्ने यी दुई तमाङ जाति एउटै हुन् भन्ने प्रमाण उनीहरूभित्रको उपसमूह वा थरबाट प्रस्ट हुन्छ । जस्तो, रसुवाको स्याफ्रुमा त्वेबा, भार्खुमा बोम्जेन, सिन्धुपाल्चोक, नुवाकोटको ह्योल्मो भेकमा ठोङ्सवा भन्छन् । अन्य जाति वा धार्मिक समुदायको धर्म, संस्कृति, वेशभूषा, भाषाको बाहुल्यताबाट प्रभावित (डोमिनेन्ट) हुनु र भौगोलिक बनावटबाट संस्कृति, वेशभूषा, भाषा आदिमा हुन गएको सामान्य भिन्नतालाई आधार मानेर हिमाली भेकमा बसोबास गर्ने तमाङ जाति अन्य समूह वा जातिमा विलय हुने वा छुट्टै आदिवासी जनजातिका रूपमा सूचीकृत गर्ने क्रम बढ्दो छ ।

विशेष गरी हिमाली भेकमा बसोबास गर्ने तमाङ जाति संस्कृतिमा धनी भए पनि शैक्षिक एवं आर्थिक क्षेत्रमा कमजोर भएकाले यसरी विभाजन भएको हो । अर्को कारण पहाड र मधेसमा बस्ने तमाङहरूमा आफ्नो मौलिक संस्कृतिभन्दा भिन्न संस्कृति देखिँदा साँच्चै हामी अर्कै जातिका हौं कि ? भन्ने भ्रम पर्नु हो । लेखक, अनुसन्धानकर्ताहरूले पनि भाषा, वेशभूषा, संस्कृतिलाई आधार मानेर टुक्र्याउने कार्य गरे । उनीहरू हाडनाता र हाम्रो उत्पत्तिसम्मको गहिराइमा पुग्न सकेनन् । यसरी तमाङको इतिहास लेख्ने क्रम गलत तरिकाले सुरु भयो । लेखिएको इतिहास सच्चिन धेरै गाह्रो हुन्छ । त्यसो हुनाले शेर्पा (पूर्वेली), ल्होमी वा ल्होपा (दक्षिणी भेकमा बस्ने मानिस), नुप्पा वा नुप्रीपा (पश्चिमेली), ह्योल्मो (ह्योल्मो ठाउँको नाउँ हो यसले जाति वा समुदाय जनाउँदैन) भन्ने कुरालाई बिर्सिए । चारदिशा, ठाउँविशेषको नाउँमा एउटा जाति वा समुदायको निर्माण हुँदै गयो । आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार भन्दै यी सबै जनजातिका रूपमा सूचीकृत भए, तर एउटा वास्तविक जाति टुक्रिनु, अन्य जातिको रूपमा स्थापित हुनु वा अन्य जाति वा समूहमा विलय हुनुलाई कसरी सहज रूपमा लिन सकिन्छ ?

–फुर्पा तमाङ, रसुवा

## तीतो सत्य

-हतार, नशा, निद्रा र रिसमा कहिल्यै निर्णय गर्नु हुँदैन ।

-मानिस सामाजिक प्राणी हो तर समाजमा सबै राम्रा कुरा हुन्छन् भन्नु गलत हो ।

**कौशल देवकोटा, बर्दिबास**

- प्रार्थना गर्ने ओठभन्दा सेवा गर्ने हात नै महान् हुन् ।
- आनन्द आफैंभित्र खोज्नुपर्छ ।
- राजनीति रक्तपातहीन युद्ध हो भने युद्ध रक्तपातयुक्त राजनीति हो ।
- आशा समुद्रजस्तै हुन्छ, जुन कहिल्यै भरिंदैन ।

**रूपक भट्टराई, पोखराथोक, पाल्पा**

- जोसँग धैर्य गर्न सक्ने बल छ, उसले संसार जित्न सक्छ ।
- मित्रबाट बच्न सके शत्रुसँग जो पनि लड्न सक्छ ।
- समाजमा अगाडिबाट हात मिलाएर पछाडिबाट घात गर्ने मानिसको कमी हुँदैन ।

**टेकबहादुर थापा, बाग्लुङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मेरो विचार

### काम, बाधा र दायित्व

प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट मतदान गरी निर्वाचित भएका प्रतिनिधिहरूको समूहले सर्वपक्षीय रूपमा संविधान तयार गर्छ। यसका लागि स्वतन्त्रता, यस विषयमा ज्ञान, शान्त वातावरण, सुरक्षाको ग्यारेन्टी लगायत राजनैतिक शुद्धताजस्ता कुरा आवश्यक हुन्छ। संविधानसभा निर्वाचनको सफलताका लागि हरेक वर्ग, जाति, क्षेत्र, समुदाय आदिको समान जिम्मेवारी रहन्छ। स्वतन्त्रता, सुरक्षा, बजेट तथा निष्पक्ष रूपमा मतदान गर्न पाउने भयरहित वातावरण भए संविधानसभाको निर्वाचन सफल हुन सक्छ।

यसका लागि सरकार तथा नागरिक समाजले आ-आफ्नो क्षेत्रबाट उत्तिकै सहयोग एवं समर्थन गर्नु उनीहरूको दायित्व हो। सरकारी पक्षबाट नागरिक स्वतन्त्रता, सुरक्षा, विश्वसनियता आदि वातावरण निर्माण गर्नुपर्छ। त्यस्तै नागरिक समाजबाट पनि यस्ता कार्यको समर्थन गरी अवसरको सदुपयोग गर्नुपर्छ। नियम-कानुनभित्र रही आवश्यक प्रक्रिया अनुसार संयमित रूपमा स्वतन्त्रपूर्वक मतदान गर्न सहयोग गर्नु लगायत यससम्बन्धी प्रक्रियामा जिम्मेवारी बोध गर्नु नागरिक समाजको कर्तव्य एवं दायित्व हो। यसरी सरकार तथा नागरिक समाजको आपसी सहभागिता,, विश्वास एवं सहकार्यबाट संविधानसभालाई उद्देश्यमुखी एवं उपलब्धिमूलक तथा सरल बनाउन सकिन्छ।

**–लक्ष्मण अर्याल, काठमाडौं**

### एक मात्र विकल्प

नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहमतिको मूल एजेन्डा बनिसकेको छ। नेपालमा जारी द्वन्द्व समाधानका लागि संविधानसभाको निर्वाचन एक मात्र विकल्पका रूपमा स्वीकार गरिएको छ।

विश्वमा संविधानसभाका विभिन्न ढाँचा देखिएका छन्। जस्तै एक सदनात्मक, दुई सदनात्मक। संविधानसभाको ढाँचा जस्तो भए पनि त्यसले जनादेश पाएको हुनुपर्छ। मुलुकलाई कुन ढाँचामा लाने भन्ने निर्णय पनि संविधानसभाले नै गर्ने भएकाले संविधानसभा जनताको सही प्रतिनिधित्व गराउन स्वच्छ एवं स्वतन्त्र वातावरणमा निर्वाचन हुनु आवश्यक छ। अहिले आम नागरिकको चासो र चिन्ताको विषय पनि संविधानसभाको चुनाव नै बनिसकेको छ। यस्तो अवस्थामा राज्यले संविधानसभाको निर्वाचनका लागि राष्ट्रव्यापी जनचेतना अभियान सञ्चालन गर्नु अत्यन्त आवश्यक छ।

हाम्रो जस्तो राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक आदि क्षेत्रमा पिछडिएको एवं आन्तरिक द्वन्द्वमा फसेर ओरालो लागेको विकासोन्मुख देशलाई द्वन्द्वबाट मुक्त गरी स्वतन्त्र, शान्त र समृद्ध नेपाल बनाउनु छ जसका लागि सम्पूर्ण क्षेत्र, वर्ग, समुदाय, जातजाति, पेसा, धर्म, संस्कृति, दलित, उत्पीडित सबैलाई समानुपातिक रूपमा समेट्न सक्नुपर्छ। संविधानसभा निर्वाचनले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा २१ औं शताब्दीको दिशा, भावना तथा चाहनालाई आत्मसात गरी अघि बढ्न सक्ने संविधान (मूल कानुन) जनसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ।

**–शान्ति देवकोटा, काठमाडौं**

### समुन्नतिको चाहना

सामान्य रूपमा संविधानसभा भन्नाले सम्पूर्ण जनताले मतका आधारमा चुनिएका जनप्रतिनिधिले जनताको इच्छा तथा देशको भलोका निम्ति संविधान बनाउने सभा हो। संविधानसभाको निर्वाचन हुन लागिरहेको बेलामा राजनैतिक दलहरूले दलगत स्वार्थ त्यागेर राष्ट्रका निम्ति काम गर्छौं भन्ने विश्वास दिलाउन सक्नुपर्छ। जनताको आँखामा छारो हाल्ने काम गर्नुहुँदैन।

राजनैतिक दलहरूले आफ्नो स्वार्थ त्यागी संविधान कसरी जनतामुखी तथा देशको हकहितका निम्ति उपयोगी हुन सक्छ भन्ने कुरामा लाग्नुपर्छ। संविधानसभाको निर्वाचन हुनुभन्दा पहिले मतदान गर्ने मतदाताले संविधान भनेको के हो ? यसले के काम गर्छ ? यो सभाले जनताको दैनिक जीवनमा कस्तो प्रभाव पार्छ भन्ने जानकारी हुनुपर्छ। संविधान बनाउँदा विषयवस्तुमा दक्षता हासिल गरेका एवं विशेष अनुभवी व्यक्तिलाई समावेश गरिनुपर्छ। हामी मतदान गर्ने नागरिकहरूले मतदान गर्दा अरूको लहैलहैमा नलागी स्वतन्त्र रूपमा मतदान गर्नुपर्छ। संविधानसभाको निर्वाचन गरेर संविधान बनाउँदैमा मुलुकका सबै समस्या समाधान हुन्छन् भन्ने होइन। यो त एउटा प्रक्रियागत थालनी मात्र हो, बाँकी काम, कर्तव्य त हामी आफैंले गर्नुपर्छ। संविधान त केवल कागजमा लेखिन्छ। उक्त संविधानलाई हामी सबै नेपाली मिलेर व्यवहारमा लागू गर्नुपर्छ। सबै एकजुट भएर सार्वजनिक हितमा लाग्यौंभने देशको उन्नति निश्चित छ।

**–राजन न्यौपाने**

### हक-अधिकारको बाटो

संविधानसभा भनेको जनताले आफ्नो भाग्य र भविष्यको फैसला गर्नका लागि आफैंले प्रत्यक्ष निर्वाचन गरी चुनेका प्रतिनिधिहरूको सभा हो। संविधानसभाको निर्वाचनपछि सयौं वर्षदेखि पिछडिएका जनता, दलित, जनजाति, आदिवासीहरूले आफ्नो हक-अधिकारका लागि बाटो निर्माण गर्छन्। संविधानसभाको निर्वाचनका बाधा, अड्चनहरू धेरै छन्। तीमध्ये राजा, राजावादी र हिन्दू अतिवादीहरू मुख्य बाधा बन्न सक्छन्, किनभने २००७ को परिवर्तनपछि पनि हुने भनिएको संविधानसभाको चुनाव यिनै राजा र राजावादीका कारणले हुन सकेको थिएन। यी बाधा-अड्चनहरूलाई हटाउन नसके नेपाली जनता पुनः पछाडि नै रहनुपर्नेछ। जनआन्दोलन भाग-२ मा दोषी ठहरिएका सम्पूर्णलाई कारबाही गर्नुपर्छ। संविधानसभालाई सफल तुल्याउने दायित्व सम्पूर्ण जनता एवं सरकारमा छ।

सरकारले संविधानसभाको निर्वाचनका लागि आवश्यक पर्ने सुरक्षा प्रदान गरेर सहयोग गर्नुपर्छ। नागरिकहरूले पनि निर्वाचन आयोगलाई सही विवरण दिनुपर्छ, संविधानसभाका बारेमा गाउँ-गाउँमा जनचेतना फैलाउने कार्यक्रम चलाएर यसको प्रचार-प्रसार गर्नुपर्छ। नागरिकले डर, धम्की तथा धनको प्रभावमा नपरी आफैंले विचार गरेर नेपाल र नेपालीको भावना बुझी लोकतान्त्रिक गणतन्त्रका लागि बाटो निर्माण गर्न सक्ने खालका प्रतिनिधि चुन्नुपर्छ। संविधानसभाको निर्वाचन गराउन सरकार र नेताहरूलाई खबरदारी गरिरहनुपर्छ साथै संविधानसभाको विरुद्धमा रहेका शक्तिहरूबाट सचेत रहनुपर्छ।

**–लोचननिधि दाहाल, हेटौंडा**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक अंकमा एउटा उत्कृष्ट सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

कसले भन्छ, निर्वाचन हुँदैन भनेर ? राष्ट्रप्रमुखको हैसियतले निर्वाचन गराउने जिम्मा मैले लिनैपर्छ र लिन्छु। नेतृत्व गर्नेको आलोचना हुन्छ। आलोचना भयो भनेर म डराउँदिनँ। मैले निर्वाचन गराउने संकल्प गरेको छु। त्यसैले संविधानसभाको निर्वाचन भएरै छाड्छ। मितिको जुन कुरा आएको छ, त्यो तुरुन्तै घोषणा हुन्छ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

संविधानसभा गर्न जति ढिलो भयो त्यति नै नयाँ-नयाँ खलपात्र जन्मिरहन्छन्। यही कारण कि त चाँडै संविधानसभाको निर्वाचन गर्नुपर्‍यो कि त खलपात्र जन्माउने संस्थालाई हटाउनुपर्‍यो। यदि संविधानसभा निर्वाचन गर्न ढिला हुन्छ भने ठीक छ, संसद्बाटै गणतन्त्र घोषणा गरौं। कमसेकम तराईमा देखिएजस्ता खलनायक जन्मन त कम हुन्छ नि।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

केही व्यक्ति एवं संस्थाले संविधानसभा निर्वाचन सर्नुको दोष निर्वाचन आयोगलाई पनि दिने गरेको पाइएको छ। हाम्रो दावी भने फरक छ। हामीले हाम्रो हातमा रहेको ९५ प्रतिशत काम सकेका छौं। पाँच प्रतिशत बाँकी रहेको काम सक्न हामीलाई गाह्रो छैन। सरकारको पक्षबाट गर्नुपर्ने कामचाहिँ पाँच प्रतिशत मात्र भएको छ। त्यसैले सरकारले द्रुत गतिमा काम गर्ने हो भने मंसिरमा संविधानसभाको निर्वाचन सम्भव छ।

**नीलकण्ठ उप्रेती, आयुक्त, निर्वाचन आयोग**

आयोगले संविधानसभाको मिति तोकोस्, सरकारले त्यसमा सहयोग गर्छ। हिंजो जे भयो त्यसमा विवाद नगरौं। आरोप-प्रत्यारोपको बाटो छाडेर सबै आयोगले भनेको मितिमा निर्वाचन गर्न प्रतिबद्ध हुनुपर्छ। किनभने अब देशका सबै समस्याको समाधान संविधानसभाको निर्वाचनबिना असम्भव छ।

**रामचन्द्र पौडेल, मन्त्री, शान्ति तथा पुनर्निर्माण**

जुन तत्त्वले जेठमा संविधानसभा निर्वाचन हुन दिएन, त्यो तत्त्वले मंसिरमा चुनाव हुन दिन्छ भन्ने कुरा कसैले सोचेको छ भने त्यो मूर्खता हो। जबसम्म हामीले संविधानसभा निर्वाचन हुन नदिने तत्त्वलाई हराउँदैनौं, उनीहरूले निर्वाचन हुन नदिने षड्यन्त्र गरिरहन्छन्। त्यसैले पनि संविधानसभाअघि संसद्बाटै गणतन्त्र घोषणा गरौं भन्ने हाम्रो जिकिर हो।

**कृष्णबहादुर महरा**
**सूचना तथा सञ्चार मन्त्री**

मलाई संविधानसभा निर्वाचन हुन नदिन स्वदेशीको भन्दा विदेशीको हात बढी छ भन्ने लाग्छ। केही विदेशी तत्त्वलाई राजतन्त्र रहँदा फाइदा हुने भएकाले उनीहरू कुनै न कुनै रूपमा राजतन्त्रको वकालत गरिरहेका छन्। आ-आफ्नै स्वार्थका कारण विदेशीहरू यस्तो कुरा गर्छन्। त्यसैले राजतन्त्र रहेसम्म संविधानसभा असम्भव छ।

**देव गुरुङ, स्थानीय विकास मन्त्री**


PRIVATE TEST/SLC
२०६४ को लागि विशेष छुटका साथ भर्ना खुल्यो
कक्षा ८/९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल, Test/SLC फेल भएका हरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर
COSSET EDUCATION CENTER
Ph: 2160736, लाजिम्पाट प्रहरी बिट सँगै

Private Test/ SLC - 2064
का लागि
धमाधम भर्ना लिईदैछ
सम्पर्कः
Manjushree Open School
Swoyambhu-15, Bhagawan pau,
Ph: 4287538
We serve Quality Education

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ महिलाहरूको लागि विभिन्न किसिमका तालिम दिईन्छ।
१.सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. पेन्टिङ ५. बुनाई ६. प्याचवर्क ७. इम्ब्राइडरी। चायाँ, डण्डिफोरको उपचार पनि गरिन्छ।
Beautician Advance Course संचालन भैरहेको छ।
S.L.C. दिएर बसेका विद्यार्थिहरूकोलागि बिशेष छुटको व्यवस्था गरिएको छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ (भक्तपुर जाने बसपार्क अगाडी) फोन: ४२३१०३०
खुल्ने समयः विहान ७ बजेदेखि साँझ ६ बजेसम्म।

तु-आवश्यकता
नयाँ शाखा कार्यालय विस्तारको लागी कर्मचारी आवश्यकता
साथै
S.L.C दिएर बसेकालाई विशेष अवसर।
योग्यताः Test / SLC or above
संख्याः 9 Gents/ 9 Ladies
तलबः ८२०० + संञ्चयकोष
सम्पर्कः ०१-६२२६५२९
Unique Aims International
गोङ्बु चोक बाट १०० मिटर अगाडी सामाखुसी तर्फ स्वस्तिक हर्वल भएको घर।

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Herbal 44 Before After
Rs. 822/-
Natural Treatment 100% Guaranteed
बेदाग, गोरो मुहारको लागि रूपअमृत (R. Water, Sunscreen & Shampoo Free) - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक/दम/बाथ-समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
मोटोपना घटाउने बेल्ट - 2400/-
आस्था हेल्थ केयर
काठमाडौं गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
For Trade Inquiry:- 9841330144

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

MODELS WANTED
Male and Female + Dress Designers
For NEPAL TOUR FASHION SHOW & MUSIC DHAMAKA 2007
The Right Arm Int'l (P) Ltd.
Subidhanagar, Tinkune, KTM (Adwitee Marga)
Ph-2060171,9841485838

नेपाल सरकार तथा (EIA-NEPAL) बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC मा भर्ना खुल्यो
(विगत TEST तथा SLC परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल)
"English तथा Nepali दुवै माध्यममा कक्षा संचालन हुने"
Harvard Int'l Academy
Koteshwor, Ktm.Ph:2050153
(कोटेश्वर प्रहरी वीटबाट ३० मी. भित्र)

आवश्यकता
कर्मचारी चाहियो
S.L.C दिएकालाई सुवर्ण अवसर
संख्याः 13 Gents/ Ladies
तलबः ६५००
सम्पर्कः
व्यक्तित्व विकास तथा डाटा कलेक्सन केन्द्र
फोनः 2092356
9841664283
नोटः सनिबार अफिस खुल्ला रहने छ।

निःशुल्क ब्यूटिसियन ट्रेनिङ्ग

नेपाल सरकारद्वारा स्वीकृति प्राप्त NGO को सहयोगमा विदेशबाट तालिम प्राप्त तथा दशकौ अनुभवी ब्युटिसियनहरुद्वारा विविध उपकरणहरूको प्रयोगबाट तालिम दिइँने।
पार्लर खोल्नको लागि दक्ष बनाउन Complete कोर्षको व्याख्या, विदेश जानेहरुका लागि Special कोर्षको व्यवस्था, S.L.C. दिएर बसेकाहरुलाई विशेष छुट, Basic कोर्षदेखि Advance, Complete कोर्ष र Diploma सिक्नेहरूको लागि तालिमपछि ६ महिनासम्म सिकन सामान र मासिक शुल्क नलाग्ने।
आइ.टि.सि. ट्रेनिङ्ग सेन्टर
महाराजगंज, नारायणगोपाल चोक
फोन: २१५०७३१, ४ ७२०३२३
कोटेश्वर सालिक अगाडि २०५२१७२




# कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका जारी

प्राइभेट कोचिङ सेन्टर तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्दै आएका व्यवसायीहरूले अब जिल्ला शिक्षा कार्यालयको अनुमति लिएर संस्था सञ्चालन गर्नुपर्ने निर्देशिका शिक्षा मन्त्रालयले जारी गरेको छ ।

बढी उमेरका कारण विद्यालय जान नसक्ने तथा चाहेर पनि विद्यालयमा गएर नियमित अध्ययन गर्न नसक्नेहरूका निम्ति सहज मानिएका यसप्रकारका शैक्षिक संस्थाहरू सञ्चालनका लागि गत फागुनको अन्तिम साता नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभागले निर्देशिका जारी गरेको हो । (अनुमति प्रावधानसम्बन्धी व्यवस्था हेर्नुहोस् बक्समा) विशेष गरी प्राइभेट एसएलसी परीक्षा दिलाउँदै आएका कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्रलाइ वैधता प्रदान गर्न उक्त निर्देशिका जारी गरिएको हो ।

गत वैशाख १६ गते सार्वजनिक भएको उक्त निर्देशिका अनुसार सञ्चालनमा रहेका यस्ता शिक्षण संस्थाले शिक्षा विभागले निर्धारण गरेका सबै मापदण्ड पूरा गरेको हकमा संस्था सञ्चालन अनुमति दिनेछ । शिक्षा विभाग विद्यालय व्यवस्थापन माध्यमिक शाखाका उपनिर्देशक जीवन पौडेलका अनुसार सञ्चालन भैरहका र नयाँ खोलिने यसप्रकारका संस्था सञ्चालनका लागि अब वैधानिक बाटो खुलेको मात्र होइन बिना अनुमति कसैले संस्था सञ्चालन गर्न पाउने छैनन् ।

निर्देशिका अनुसार कोचिङ कक्षामा भर्ना हुने विद्यार्थीले जुन तहको परीक्षाको तयारीका लागि अध्ययन गर्न चाहेको हो त्यसभन्दा दुई कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेस गर्नुपर्नेछ । त्यसैगरी भर्ना हुने विद्यार्थीको भर्ना फारमको समष्टिगत विवरण तयार गरी कात्तिक मसान्तभित्र अध्यापन गराउने संस्थाले सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा अनिवार्य रूपमा बुझाउनुपर्ने प्रावधान निर्देशिकामा राखिएको छ ।

निर्देशिकामा जिल्लास्तरीय परीक्षा र एसएलसी परीक्षामा समावेश हुनुपर्ने विद्यार्थीको हकमा सम्बन्धित परीक्षा लिने संस्थाले भराउने रजिष्ट्रेसन र आवेदन फाराम ती परीक्षा सञ्चालन गर्ने निकायले तोके अनुसार नै हुने उल्लेख छ । यसअघि यसरी इन्स्टिच्युट चलाउँदै आएका संस्थाले आफ्नो कोचिङ सेन्टरमा अध्ययन गरिसकेका विद्यार्थीलाई प्रवेशिका परीक्षा दिनका लागि रजिष्ट्रेसन तथा आवेदन फारामहरू माध्यमिक स्तरको स्थायी शिक्षक र विद्यालयले सिफारिश गर्नुपर्ने व्यवस्था थियो ।

निर्देशिकाले अनुमतिप्राप्त शिक्षण संस्थाका प्रमुखले प्रमाणित गर्नुपर्ने प्रावधान राखेको छ तर यसका लागि कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्रको प्रमुखले न्यूनतम स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ । त्यसैगरी यस्ता शिक्षण संस्थाका शिक्षकहरूको शैक्षिक योग्यता सम्बन्धित तहको सम्बन्धित विषय शिक्षकका लागि तोकिएको शैक्षिक योग्यता बराबर हुनुपर्नेछ ।

कक्षा सञ्चालन अनुगमन, निरीक्षण शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय वा जिल्ला शिक्षा कार्यालयमार्फत समय-समयमा गरिने प्रावधान समेत निर्देशिकामा उल्लेख भएको उपनिर्देशक पौडेलले साप्ताहिकलाई बताए ।

बर्सेनि करिब १० हजार विद्यार्थी यो प्रक्रियाबाट एसएलसी दिइरहेका छन् ।

स्टुडेन्ट्स ओपन स्कुलका निर्देशक बलराम थापा भन्छन्- नियमित विद्यालय जान नसक्नेहरूका लागि खुला विद्यालयको नीति जारी हुनुपर्छ भन्ने हाम्रो माग थियो । कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका जारी हुनु हाम्रो प्रमुख सफलता हो ।

यो निर्देशिका अनुसार अब प्राइभेट कोचिङ सेन्टर सञ्चालन गर्नेहरूले विद्यालय जस्तै गरी बाह्रै महिना कक्षा सञ्चालन गनुपर्नेछ । शिक्षाविद् मनप्रसाद वाग्लेका अनुसार मौसमी व्यापार गर्ने उद्देश्यले सञ्चालन भैरहेका संस्थालाई विस्थापन गरी नियमित अध्यापन गराउने संस्थाको प्रबर्द्धनमा यो निर्देशिका उपयोगी हुनेछ । राजधानीमा सञ्चालित ८० भन्दा बढी शैक्षिक संस्थामध्ये केहीले यसप्रकारको नियमित विद्यालय पद्धति अगाँलेका छन् ।

प्राइभेट प्रक्रियाबाट परीक्षा दिनका लागि आवश्यक तयारी गराउन खुलेका शैक्षिक संस्थाहरूलाई हेर्ने दृष्टिकोण भने यसअघि गलत थियो । संख्यात्मक रूपमा आधा दशकअघि केही संख्यामा रहेका यस्ता इन्स्टिच्युटको संख्या पछिल्लो तीन वर्षयता ह्वात्तै बढेको थियो ।

प्राइभेट प्रक्रियाबाट परीक्षा दिलाउने संस्थाहरूले धोका दिन्छन् भन्ने सोचाइ नै गलत भएको अवस्थामा जारी निर्देशिकाले त्यो भ्रमलाई हटाउने प्राइभेट एकेडेमी पुतलीसडकका प्रमुख मो. अनवर अली बताउँछन् । अलीका अनुसार केही संस्था गलत नियतले सञ्चालन भएका हुनसक्छन् अब बिना अनुमति यस्ता शिक्षण संस्था सञ्चालन गर्न नपाइने भएकाले गलत संस्थाहरू आफै पलायन हुनेछन् ।

अलि भन्छन्- अब यस्ता इन्स्टिच्युटहरू नै गलत छन् भन्ने अभिभावकवर्गको धारणामा ठूलो परिवर्तन आउने हामीले आशा राखेका छौं । प्राइभेटबाट एसएलसी परीक्षा दिनका लागि विद्यार्थीले परीक्षाका लागि कसरी आफूलाई तयारी गर्ने भन्ने प्रश्न अगाडि आउँछ, यसका लागि पनि प्राइभेट कोचिङ सेन्टरहरूको आवश्यकता

बाँकी पृष्ठ ७ मा


**प्राइभेट एसएलसीका लागि कोचिङकक्षा सञ्चालन गर्दै आएका शैक्षिक संस्थाहरू**

| नाम | ठेगाना | फोन |
|---|---|---|
| स्टुडेन्स ओपन स्कुल | भाटभटेनी | ४४१५२४४ |
| स्याण्ड्रा ओपन स्कुल | नयाँबजार | ४३६१७१२ |
| सी पब्लिक ओपन स्कुल | ठमेल | ४४२०५३७ |
| हार्डवर्ड इन्टरनेसनल एकेडेमी | कोटेश्वर | २०५०१५३ |
| ब्राइट फ्युचर इन्स्टिच्युट | चावहिल | ४४६३०७३ |
| युनिभर्सल एजुकेसन फाउन्डेसन | अद्वैत मार्ग | ९८४१३९५८४४ |
| काठमाडौं मल्टिपल इन्स्टिच्युट | भोटाहिटी | ४२३२२०३ |
| ब्रिलियन्ट ओपन एकेडेमी | गोंगबु | २१७११७२ |
| हिमालयन ओपन स्कुल | पुरानो बानेश्वर | ४४७६६८५ |
| मञ्जुश्री ओपन स्कुल | स्वयम्भु | ४२८७५३८ |
| डाइनामिक एजुकेसन सेन्टर | नयाँबानेश्वर | ४४८०२०५ |
| थर्ड भिजन एकेडेमी | लगनखेल | २१२१७१७ |
| जेम्स इन्स्टिच्युट | नयाँबानेश्वर | १६२२३२५१ |
| कोलम्बिया एकेडेमी | नयाँबानेश्वर | ४७८२१६२ |
| पाइथागोरस एकेडेमी | प्रदर्शनी मार्ग | ४२६०६३२ |
| विसडम एजुकेसन फाउन्डेसन | बागबजार | ४२३८०३७ |
| काठमाडौं एजुकेसन फाउन्डेसन | कलंकी | १६२०९९३७ |
| प्राइभेट एकेडेमी | पुतलीसडक | ९८४१२५८५२३ |
| फरवार्ड इन्स्टिच्युट | लगनखेल | ५५५५३०८ |
| म्यागोनोलिया इन्स्टिच्युट | लगनखेल | ९८४१३३२०६४ |
| कामना इन्स्टिच्युट | कोटेश्वर | ४६०१८७८ |
| एभरेस्ट एजुकेसन सेन्टर | जमल | ४२२४८३८ |
| स्मल हेभन एकेडेमी | लगनखेल | २१२०६९३ |
| स्याम्पल एकेडेमी | भक्तपुर | ९८५११०२४७९ |
| मेरिट इन्स्टिच्युट | कालिमाटी | ४२८५६६४ |
| बुद्ध एकेडेमी | गोंगबु | ४३६५९५५ |
| पेन्टागन ओपन स्कुल | भक्तपुर | ९८५११०२४७९ |
| शिवपुरी ओपन स्कुल | सामाखुसी | ४३६२१२५ |
| पेन्टा इन्स्टिच्युट | महाराजगन्ज | ४७२१३२० |
| समर्पण एकेडेमी | लगनखेल | ५५४७५७४ |
| कान्तिपुर इन्टर. ओपन एजुकेसन | नयाँबानेश्वर | २०४४०८२ |
| पाथफाइन्डर इन्स्टिच्युट | पुतलीसडक | ४४३३२११ |
| मोडल इन्स्टिच्युट | बागबजार | ४२३९१५६ |
| कोसेट एजुकेसन सेन्टर | लाजिम्पाट | २१६०७३६ |
| ओसियन एकेडेमी | सामाखुसी | २१६०८२२ |
| पोलस्टार एकेडेमी | लगनखेल | २१२३२३८ |
| प्यारागन एकेडेमी | पुतलीसडक | ४४२१३९० |
| क्यापिटल इन्स्टिच्युट | कालिमाटी | २२००४९८ |
| अल्फा एजुकेसन सेन्टर | थापाथली | ४२३१८२७ |
| के.पी. ब्राइट फ्युचर | धापासी | ९८४१४९३७०९ |
| मनकामना ओपन स्कुल | सोह्रखुट्टे | २०९०४७० |
| डाइनामिक ओपन स्कुल | ठमेल | ४४११५८७ |
| कान्तिपुर इन्स्टिच्युट | कालोपुल | ४४१०१५३ |
| वासिंगटन एकेडेमी | नयाँबानेश्वर | ४७८२१६२ |
| मुनलाइट एजुकेसन सेन्टर | लगनखेल | ९८४१३३६६८० |
| किंग्स एकेडेमी | कोटेश्वर | ९८४१२६८२६७ |
| मनकामना एजुकेसन सेन्टर | ललितपुर | ५५२४५६७ |

SLC/+2 फेल ? No चिन्ता !
➢ ५ विषय मात्र पास गरे पुग्ने । ➢ Sent-up दिन नपर्ने ।
➢ Maths/Science नपढे पनि हुने । ➢ १ वर्षमै +2 पास गर्न चाहनु हुन्छ ?
➢ यस इन्स्टिच्यूटद्वारा संचालित NIOS (Delhi Board) का कक्षामा भर्ना भै ढुक्क हुनुहोस् ।
प्राइभेट Test/SLC
भर्ना खुल्यो
प्राइभेट Test परीक्षा २०६३ काठमाडौं जिल्लामा
79% अङ्क ल्याई Top गरेको हाम्रो विद्यार्थी शम्भु खर्गालाई बधाई ।
STAFF Nurse/H.A./I.E. Entrance Perparation
अल्फा एजुकेशनल सेन्टर
प्रसूतिमार्ग, थापाथली, फोन नं. ४२३१८२७

प्राइभेट
TEST/SLC
विगतका वर्षमा 100% नै विद्यार्थी पास गराउन सफल
सम्भवत उपत्यकाकै एक मात्र सर्वोत्कृष्ट यस एकेडेमीमा
नयाँ भर्ना खुल्यो
➡ नेपाल सरकार र E. I. A. नेपालद्वारा मान्यता प्राप्त ।
➡ विहान, दिउसो, बेलुकी अंग्रेजी, नेपाली दुवै माध्यममा पढाइने ।
➡ कक्षा दशको मात्र पाठ्य पुस्तक अध्ययन गरे पुग्ने ।
➡ बारम्बार फेल भई निरास भएका र पढाई छाडेकाहरूका लागि अनुभवी शिक्षकद्वारा मनोवैज्ञानिक ढंगबाट पढाइने ।
विस्तृत जानकारीका लागि
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, फोन : ४७८१०६१/९८४१३८७६९७


प्राइभेट
Test/S.L.C.
बिगत बर्षहरूको अपार सफलता पछि २०६४ को लागि पनि Private Test/S.L.C.मा धमाधम भर्ना लिइदैछ ।
कक्षा समयः बिहान र दिउसो
माध्यमः अंग्रेजी र नेपाली
साथै Computer, Language/ Tuition Classes संचालन भईरहेका छन् ।
EVEREST
Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

प्राइभेट TEST/SLC
दोस्रो ग्रुपमा भर्ना खुल्यो ।
➡ नेपाल सरकारद्वारा मान्यता प्राप्त ।
➡ कक्षा ८ पास भए पुग्ने साथै कक्षा ९, १० र SLC फेल भएपनि फरक नपर्ने ।
➡ दुर्गम, दलित तथा आर्थिक अवस्था कमजोर भएकालाई १००%सम्म छात्रवृत्तिको व्यवस्था ।
➡ विहान, बेलुका र दिउँसो तथा नेपाली र अंग्रेजी दुवै माध्यमबाट पढाइने ।
➡ वर्षौ अनुभवी शिक्षक शिक्षिकाद्वारा पढाइने ।
➡ उमेर नाघेका, जागिरे तथा गृहिणीले घरैमा बसेर पनि परीक्षा दिन सक्ने ।


वासिङ्टन एकेडेमी
नयाँ बानेश्वर डिपार्टमेन्टल स्टोर अगाडि, फोन : ४७८२१६२

प्राइभेट Test / S.L.C.
विगत ५ बर्ष देखि Private Test/ S.L.C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६४ सालको लागि नयाँ भर्ना खुल्यो ।
कक्षा समयः बिहान र दिउँसो माध्यमः English र नेपाली
साथै कोरियन र अंग्रेजी भाषाको नयाँ कक्षाहरु संचालन भइरहेको छ ।
Model Educational Institute
बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

# कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका जारी



पृष्ठ ६ बाट जारी

महसुस हुन्छ ।

प्राइभेट एसएलसीका लागि कोचिङ कक्षा सञ्चालन गर्दै आएका शैक्षिक संस्थाहरूको छाता संगठन 'नेपाल शैक्षिक संस्था संघ' का अध्यक्ष तथा स्यान्ड्रा ओपन स्कुलका प्रमुख बलराम पौडेल भन्छन्- 'विद्यालय नगएको अवस्थामा एकै स्थानमा ८ वटा विषय अध्ययन गर्ने शैक्षिक थलोका रूपमा कोचिङ सेन्टरहरूको विकास गर्नुपर्छ ।' प्राइभेट कोचिङ सेन्टरहरूको अहिलेसम्मको सफलताको विवरण सुनाउँदै हार्डवर्ड इन्टरनेसनल एकेडेमीका अशोक दाहाल भन्छन्- हाम्रा संस्थाहरूमा अध्ययन गर्ने विद्यार्थीहरू औसतमा ५० देखि ७० प्रतिशत उत्तीर्ण हुने गरेका छन् ।

कमजोर आर्थिक हैसियतका कारण सानो उमेरमा पढ्न नपाएका, सानो उमेरमा पढ्न मन नलागेर बरालिएका र पछि गएर पढाइको महत्त्व बुझ्नेकाहरू प्राइभेट कोचिङ सेन्टर पुग्छन् । 'नेपालको सन्दर्भमा हेर्ने हो भने, विसं २००८ सालदेखि नै खुला विद्यालयको नीति अनुसार परीक्षा सञ्चालन हुने गरेको थियो,' शिक्षाविद् विद्यानाथ कोइरालाले भने- त्यसबेला केही विद्यालयले तीन वर्षमात्र अध्यापन गराएर विद्यार्थीलाई एसएलसीका लागि तयार पार्थे । यो चलन २०२८ मा नयाँ शिक्षा नीति नआउन्जेल कायम थियो ।

नन्दी रात्री मावि नक्सालले सञ्चालन गरेको ८, ९ र १० को कक्षालाई यस आधारले गलत भन्ने कि के गर्ने ? कोइराला भन्छन्- व्यक्तित्व विकासका लागि शैक्षिक आधार बलियो बनाउनुपर्छ भन्ने पछि बुझ्नेकाहरूले समय वितेपछि खुला पद्धति अनुरूप कसैको सहयोग लिएर अध्ययन गर्छु भन्न पाउनुपर्छ भन्ने मान्यतालाई हामीले पनि साथ दिएका छौं ।

छिमेकी मुलुक भारत लगायत अन्य राष्ट्रमा खुला विद्यालय नीतिअन्तर्गत कोचिङ सेन्टरहरूको आवश्यकतालाई महसुस गरेर अनुमति प्रदान गरिन्छ । दूरशिक्षा नीति अन्तर्गत विभिन्न विश्वविद्यालयले विभिन्न श्रेणीको परीक्षा लिने गरेको कोइराला बताउँछन् । कोइराला भन्छन्- निर्देशिका मात्र होइन नियमावली पनि जारी गरिनुपर्छ । नियमित विद्यालय जान नपाउनेहरूले दोस्रो अवसरको रूपमा खुला प्रक्रियाबाट अध्ययन गर्न पाउनुपर्छ ।

यसअघि केही प्राइभेट कोचिङ सेन्टरका गलत शैलीका कारण विद्यार्थीहरूले धोका पाउँथे । कक्षा १० मा पनि भर्ना पाउने व्यवस्था हुन्जेलसम्म प्राइभेट एसएलसी दिन चाहनेहरूलाई यस्ता कोचिङ सेन्टरले निजी विद्यालयसँग मिलेर सेन्ट अप पास गराएर एसएलसी परीक्षा दिलाउँथे । यही कारणले कतिपय इन्स्टिच्युट कारबाही स्वरूप बन्द थिए तर जारी निर्देशिका अनुसार कुनै सञ्चालकले कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्र सञ्चालन गर्दा नियम अनुसार नगरी ठगेर बेपत्ता भए प्रचलित कानुन बमोजिम कारबाहीका लागि जिल्ला शिक्षा कार्यालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनुपर्ने प्रावधान छ।

प्राइभेट एसएलसीका लागि कोचिङ कक्षा सञ्चालन गर्दै आएका इन्स्टिच्युटहरूले छाता संगठनका रूपमा 'नेपाल शैक्षिक संस्था संघ' को स्थापना गरेका छन्। अहिले उक्त संघमा करिब ८० वटा इन्स्टिच्युट आबद्ध छन्।

## शिक्षण सहयोग केन्द्र तथा कोचिङ कक्षा अनुमतिसम्बन्धी व्यवस्था

१) कुनै व्यक्ति वा संस्थाले शिक्षण सहयोग केन्द्र एवं कोचिङ कक्षा सञ्चालन गर्न चाहेमा शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र कक्षा सञ्चालनसम्बन्धी प्रस्ताव ( सञ्चालनको उद्देश्य, भौतिक पूर्वाधार, भवन, कक्षा कोठाको उपयुक्तता, शैक्षिक सामग्री, फर्निचर, खानेपानी, शौचालयको व्यवस्था, शिक्षक, सञ्चालन गर्ने स्थान आदि) उल्लेख गरी तोकिएको ढाँचामा जिल्ला शिक्षा कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ ।

२) जिल्ला शिक्षा कार्यालयले प्राप्त निवेदनका सम्बन्धमा कर्मचारीबाट स्थलगत जाँचबुझ गरी तोकिएको पूर्वाधार पूरा भएको अवस्थामा यसै साथ संलग्न ढाँचामा कक्षा सञ्चालन अनुमति प्रदान गर्नुपर्नेछ ।

३) अनुमति माग गरेका शिक्षण सहयोग केन्द्र एवं कोचिङ कक्षाको स्थलगत निरीक्षणबाट तोकिएको पूर्वाधार पूरा गरेको देखिएमा अनुमति प्रदान गर्दा कोचिङ कक्षाका लागि न्यूनतम ५० हजार रुपैयाँ र शिक्षण सहयोग केन्द्रको हकमा १५ हजार रुपैयाँ रकम धरौटी स्वरूप राख्नुपर्नेछ । यसरी राखेको धरौटी रकम मुद्दति खातामा राख्नुपर्नेछ । सो खाताको सञ्चालन जिल्ला शिक्षा अधिकारीले तोकेको कर्मचारी र सञ्चालकको संयुक्त दस्तखतबाट हुनेछ । यसरी धरौटी राखिएको रकम सञ्चालित संस्था बन्द गर्नुपर्ने भए सञ्चालकले आवेदन गरेमा नियम अनुसार सम्बन्धित सञ्चालकलाइ फिर्ता गरिनेछ ।

४) सञ्चालनमा रहेको कुनै कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्रले दुवै कार्यक्रम राख्न चाहे तोकिएको पूर्वाधार पुऱ्याई उपदफा १ मा उल्लेखित प्रक्रिया पूरा गरी दुवै कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिनेछ । यसरी थप कार्यक्रमको अनुमति लिंदा धरौटी बापत एकमुष्ट रकम ६५ हजार रुपैयाँ राख्नुपर्नेछ ।

५) प्रत्येक आर्थिक वर्षको आय-व्ययको लेखापरीक्षकद्वारा लेखा-परीक्षण गराई प्रत्येक वर्षको असोज मसान्तसम्म नियमानुसार नवीकरण गर्नुपर्नेछ ।

६) कुनै अनुमतिपत्र प्राप्त कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्रको नामसँग मिल्ने गरी पुनः अर्को संस्था दर्ता गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्रदान गरिनेछैन ।

७) कुनै कोचिङ कक्षा तथा शिक्षण सहयोग केन्द्र दुई वा दुईभन्दा बढी संस्था गाभी एउटै कायम गर्ने चाहे वा साविकको नाम परिवर्तन गर्नुपरे वा विशेष परिस्थिति उत्पन्न भै साविक स्थानबाट सार्नुपर्ने अवस्था विद्यमान भएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई गर्न सकिनेछ ।

८) अनुमति दिएको संस्थाको अभिलेख सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा क्षेत्रीय शिक्षा निर्देशनालयमा अद्यावधिक गर्नुपर्नेछ ।

PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिइँदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल : ९८५१००२८०४, फोन नं।: ४४६३०७३, चावहिल, काठमाडौं .

प्राइभेट
Test/S.L.C.
विगत वर्षहरुमा
100% पास
गराउन सफल ।
२०६४ को लागि Private/ Test/S.L.C. भर्ना खुल्यो ।
कक्षा समय : बिहान र दिउसो
माध्यम : अंग्रेजी र नेपाली
साथै Computer, Languages/Tuition Classes सञ्चालन भइरहेको छ
Kathmandu Multiple Institute
Bhotahity, Kathmandu
Ph 4232203

होटल तालिम
कुक, वेटर, हाउसकिपिङ, लण्ड्रीमेन, वेलब्वाई, सेक्यूरिटी गार्ड, केयर गिभर तालिम आदि
विशेषताहरू:
विदेश जानेलाई विशेष व्यवस्था
Theory/Pratical दुबैको व्यवस्था
कुक सिक्नेलाई Waiter free
उत्कृष्टलाई स्वदेशमै रोजगारी
Language
कोरीयन, जापनिज, हिब्रु र अंग्रेजी भाषा
Tution:
SLC, +2, Bachelor (All Level All Subjects )
Private Test / SLC
प्रा. लि २८- ९- ७७ ०६० EIA १२१ ०६३
कक्षा ८ वा ९ पास अथवा Test / SLC फेल भई स्कुल जानबाट वञ्चित, उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेको लागी अध्यनको सुवर्ण अवसर
Eng र Nepali दुबै भाषामा विहानी बेलुकी कक्षा
विगतको राम्रो नतिजा रहेको दक्ष तथा अनुभवि द्वारा मनोवैज्ञानीक तरिकाबाट पढाइने ।
कामना इन्ष्टिच्युट कोटेश्वर
4601878, 4600335 (प्रहरी चौकी संगै) टंक प्रसाद शालिक अगाडि

के तपाई सजिलै S.L.C./+2 पास गर्न चाहानुहुन्छ ?
■ ८ पास, ९, १०, Test पास वा फेल, S.L.C. फेल, उमेर वा जागिरले गर्दा S.L.C./+2 पास गर्न सक्नु भएको छैन ?
■ Math/Sci, Sent- up नदिई S.L.C. दिन चाहनहुन्छ ?
■ १ वर्षमै S.L.C./+2 पास गर्न चाहनुहुन्छ ? Classes Running
प्राइभेट Test/S.L.C. मा ग्यारेण्टिका साथ निःशुल्क भर्ना खुल्यो
■ के तपाई कक्षा ९,१०, टेष्ट तथा S.L.C. फेल हुनु भएको छ ?
■ के तपाई कक्षा ८ पास गरी School जान सक्नु भएको छैन ?
■ के तपाई उमेरको कारण वा जागिरले गर्दा School गएर पढ्न सक्नु भएको छैन ?
२०६२ मा १००% S.L.C. पास र २०६३ मा १८ विद्यार्थी S.L.C. मा समिलीत गराउन सफल सम्भवतः नेपालको एकमात्र Academy
100% Pass
सिमित सिट मात्र
चाहनुहुन्छ भने विगत ७ वर्षदेखी लगातार कार्यरत यस Academy ले सञ्चालन गर्दै आएको NIOS (Delli Board) X र XII लगायत प्राइभेट Test/S.L.C. का कक्षा हरु अत्यन्तै अनुभवी तथा ख्याती प्राप्त शिक्षकहरु द्वारा अध्यापन गराइरहेको सहर्ष जानकारी गराउँदछौं ।
विशेषताहरु:– भर्ना खुल्यो
■ घर वा अफिस मै पढेर पास गर्न सकिने
■ % ल्याइ पास गर्न सजिलो ■ Faculty Change गर्न सकिने
■ किस्तामा जाँच दिन पाइने ■ जाँच Eng र Nep मा दिन पाइने
मात्र ५ विषय पढे पुग्ने विश्वभरि मान्यता प्राप्त
Paragon Edu. Academy
Putalisadak, 4421390
MIT Chabahil, 4488993
■ Math,Sci/ Eng Tution Free ■ English Language Free
■ मनोवैज्ञानिक ढङ्गले पढाइने ■ S.L.C. Model अनुसार पढाइने
■ Eng र Nep भाषाबाट माध्यमबाट पढाइन्छ
■ विहान, दिउसो र राती कक्षाहरु ■ 100 % पास गराउन सफल
■ Weekly/Monthly, Terminal Exam लिइने ।

# उच्च शिक्षाका लागि शैक्षिक परामर्श




**साप्ताहिक समाचार**

काठमाडौं– उच्च शिक्षाका लागि विद्यार्थीलाई शैक्षिक परामर्श दिने उद्देश्यले नेपाल शैक्षिक परामर्श संघ (ई-क्यान) ले पहिलो पटक 'ई-क्यान शैक्षिक मेला-२००७' आयोजना गर्ने भएको छ। शैक्षिक परामर्श उपलब्ध गराउँदै आएका व्यवसायी संस्थाहरूको छाता संगठन ई-क्यानले जेठ १० गतेदेखि १३ गतेसम्म चार दिनको उक्त शैक्षिक मेला वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (बीआइसिसी), नयाँ बानेश्वरमा आयोजना गर्ने भएको हो। विशेष गरेर राम्रो विषयमा उच्च शिक्षा हासिल गरेर व्यक्तित्व विकास गर्ने लक्ष्य बनाएका विद्यार्थीलाई लक्षित गरेर मेला आयोजना गरिएको शैक्षिक मेला प्रचार समिति संयोजक राजेन्द्र बरालले साप्ताहिकलाई बताए।

यसअघि विभिन्न इभेन्ट म्यानेजमेन्ट कम्पनी तथा शैक्षिक संस्थाहरूले यस प्रकारको शैक्षिक प्रदर्शनी आयोजना गर्दै आएका भए पनि पहिलो पटक शैक्षिक परामर्शदाता संस्थाहरूको संगठनले आफ्नै पहलमा प्रदर्शनी गर्न लागेको बरालले बताए।

प्रदर्शनी विदेशमा तथा स्वदेशमै उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीका लागि निकै राम्रो अवसरका रूपमा देखिएको छ। उक्त मेलाको अवसरमा शैक्षिक क्यारियर खोजिरहेका विद्यार्थीहरूले एउटै थलोमा सम्पूर्ण जानकारी पाउनेछन्। मेलामा शैक्षिक परामर्श व्यवसायी संस्थाका ७२ वटाका साथै अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानाडा, सिंगापुर, भारत तथा नेपालका विभिन्न शिक्षण संस्थाहरूका २७ वटा गरेर जम्मा ९९ स्टल रहनेछन्। बरालका अनुसार बीआईसीसी परिसरमा दुईवटा ह्यांगरमा प्रदर्शनी आयोजना गरिनेछ। मेलालाई ५० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने ई-क्यानले बताएको छ।

मेलामा अमेरिका, युरोप र विकसित एसियाली मुलुकमा उच्च शिक्षाका लागि जान आवश्यक शैक्षिक पूर्वाधारका विषयमा निःशुल्क परामर्श उपलब्ध हुनेछ। यसले उच्च शिक्षाका विदेश जाने तयारी गरिरहेका विद्यार्थी तथा अभिभावक दुवैलाई एकै छानामुनि समेटेर सबै जानकारी उपलब्ध गराउनेछ। प्रचार संयोजक बराल भन्छन्- 'मेलाको माध्यमबाट विद्यार्थीलाई आफ्नो उपयुक्तको शैक्षिक परामर्श संस्थाको चयन गर्न पनि सजिलो हुनेछ।'

मेलाको अर्को उद्देश्य राम्रा विषयमा उच्च शिक्षा अध्यापन गराउने स्वदेश तथा विदेशका उत्कृष्ट कलेजका बारेमा जानकारी गराउनु रहेको मेला संयोजक उत्तम पन्तले बताए। पन्तका अनुसार मेलामा शैक्षिक परामर्श व्यवसायी संस्था, उत्कृष्ट विश्वविद्यालय-कलेजका अतिरिक्त विदेशी कूटनैतिक नियोगलाई समेत सहभागी गराइने भएको छ, जसले गर्दा त्यहाँ अध्ययन गर्न जाने नेपालीहरूका लागि सेवा सुविधाका अवसरमा वञ्चित हुनु नपरोस्।

शैक्षिक मेलाले उच्च शिक्षाको पाठ्यक्रम भएका सबै विषयमा अवलोकनकर्ताहरूलाई जानकारी उपलब्ध गराउनेछ। बराल भन्छन्- 'विशेष गरेर न्यूनतम् प्लस टु उत्तीर्ण भएका देखि स्नातकोत्तर उत्तीर्णसम्मले यो मेलालाई अवसरका रूपमा प्रयोग गर्न सक्छन्। विदेश जाने मात्र होइन, उनीहरूको चाहनाबमोजिमको शिक्षा स्वदेशमै उपलब्ध छ भने हामी पहिलो प्राथमिकता स्वदेशी कलेजलाई नै दिन्छौं।'

त्यसैगरी विदेश जाने अन्तिम लक्ष्य बनाएकाहरूका लागि उनीहरूले उच्च शिक्षा क्रममा अध्ययन गर्नुपर्ने पाठ्यक्रम, विश्वविद्यालय-कलेजको शैक्षिक वातावरण, शुल्क आदिका बारेमा यथार्थ विवरण मेलामार्फत हासिल गर्न सक्नेछन्। कूटनैतिक नियोगलाई सहभागी गराउनुको कारण प्रस्ट्याउँदै प्रचार संयोजक बरालले भनें- 'त्यहाँस्थित सरकारको शिक्षा नीति, विदेशी विद्यार्थीहरूलाई उपलब्ध गराइने सुविधा आदिका बारेमा कूटनैतिक नियोगका अधिकारीहरूले स्पष्ट पार्नेछन्।'

चार दिनसम्म चल्ने प्रदर्शनीमा अध्ययनका लागि विदेश जाने चाहने विद्यार्थीलाई लक्षित गरेर अधिकांश शैक्षिक व्यवसायी संस्थाले स्टल राख्ने भएकाले विश्वसनीय संस्था चिन्न सजिलो हुनेछ। त्यस्तै अधिकांश संस्थाले विदेश जान चाहिने पूर्वाधारका लागि टोफेल, आईएलटीएस, जीआरई, स्याट आदि कोर्सका लागि आर्कषक छुट उपलब्ध गराउने भएका छन्। 'यो आफ्नै छाता संगठनले आयोजना गरेका अन्य प्रदर्शनीभन्दा पृथक् हुन्छ', बराल भन्छन्- 'सर्वसाधारणका अगाडि शैक्षिक परामर्श व्यवसायीहरूलाई विश्वसनिय बनाउन समेत यो प्रदर्शनीको भूमिका महत्त्वपूर्ण हुने विश्वास लिएका छौं।'

## शैक्षिक मेलाको विशेषता

शैक्षिक मेलाको आयोजनाले विद्यार्थीलाई उच्च शिक्षाका क्रममा विषय छनौट गर्दा हुने द्विविधा हटाउन विशेष सहयोग गर्छ। त्यसैगरी नयाँ प्राविधिक शिक्षाको पाठ्यक्रमका बारेमा जानकारी हासिल गर्न पनि मेला उपयोगी हुन्छ। व्यक्तित्व विकासका लागि उत्कृष्ट पाठ्यक्रम मात्र होइन, उत्कृष्ट शैक्षिक संस्थाको पनि आवश्यकता हुने भएकाले मेलामा जतिसक्दो धेरै जानकारी लिन सकिन्छ। शैक्षिक परामर्शको क्षेत्रमा लामो अनुभव हासिल गरेका विज्ञहरूको उपस्थितिले विद्यार्थीवर्गलाई स्वदेश र विदेशमा अध्ययन गर्दाका फरकका बारेमा थाहा पाउन मद्दत मिल्छ। मेलामा सबै किसिमका शैक्षिक संस्थाको उपस्थिति हुने भएकाले विद्यार्थीले सही र गलत संस्था छुट्याउन सक्नेछन्। त्यसैगरी हरेक वर्ष थपिँदै गएका नयाँ प्राविधिक विषयका बारेमा पनि मेलाले जानकारी गराउनेछ। मेलामा मेडिकल, इन्जिनियरिङ, नर्सिङ, बायो-टेक्नोलोजी, सूचना तथा सञ्चार प्रविधि (आईसीटी), एयरहोस्टेज, चार्टड एकाउन्टेन्ट, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइनिङ आदि पाठ्यक्रमका बारेमा जानकारी गराउनेछन्।

## अन्तर्राष्ट्रिय स्तरको शैक्षिक गुणस्तर नेपालमा पनि छ



राजेन्द्र बराल
(संयोजक, मेला प्रचारप्रसार समिति)

**यस पटकको मेलाको विशेष आकर्षण के हो ?**

-एकातर्फ शैक्षिक परामर्श व्यवसायीहरूको स्टल अर्कातर्फ उच्च शिक्षा उपलब्ध गराउने शैक्षिक संस्था तथा विदेशी कूटनैतिक नियोगहरूको स्टल हुने भएकाले क्यारियर विकासमा जुटेका विद्यार्थीले एकै थलोमा सबै जानकारी पाउनेछन्। त्यस्तै ई-क्यान आफैंले पहिलो पटक पहल गरेको यो मेलामा स्टल राख्न चाहनेहरूको संख्या देखेर अर्को पटकसम्ममा यो मेलाले बृहत् स्वरूप लिने छाँट देखिएको छ। अहिले यति भनूँ कि हामी अर्को वर्ष उल्लेख्य संख्यामा विदेशी विश्वविद्यालय र कलेजलाई मेलामा ल्याउनेछौं।

**ई-क्यान आफैंले मेला आयोजना गर्नुको उद्देश्य ?**

-शैक्षिक परामर्श व्यवसायीहरू अन्य कसैले आयोजना गरेको मेलामा जाने गरेका थिए, तर त्यो गलत रहेछ। हाम्रो आफ्नै छाता संगठनको पहलमा मेला आयोजना गर्दा संगठनको आर्थिक आधार पनि बलियो हुने, एक-आपसमा सद्भाव एवं विश्वसनीयता पनि बढ्ने भएकाले आफैंले मेला आयोजना गरेका हौं।

**मेलाले कस्तो सन्देश दिने अपेक्षा राख्नुभएको छ ?**

-अन्तर्राष्ट्रिय स्तरको शैक्षिक गुणस्तर नेपालमा भएका शैक्षिक संस्थाहरूमा पनि छ भन्ने देखाउन यो मेला प्रभावकारी हुनेछ। त्यस्तै उच्च शिक्षाका लागि स्वदेशमा भएका राम्रा शैक्षिक संस्थाहरूको शैक्षिक कार्यक्रमहरूका बारेमा पनि जनचेतना फैलाउन मेलाको भूमिका महत्त्वपूर्ण हुन्छ। आगामी दिनमा शैक्षिक परामर्श व्यवसायका क्षेत्रमा ई-क्यानले आधिकारिक रूपमा मेला आयोजना गर्ने सन्देश पनि जानेछ।

**प्रदर्शनी बाहेकका अन्य केही कार्यक्रम पनि छन् कि ?**

-छन्, अवलोकनकर्ताहरूलाई लक्षित गरेर केही रोचक कार्यक्रम पनि तय भएका छन्। जुन प्रदर्शनीको समयमा मात्र सार्वजनिक हुनेछन्। त्यसैगरी वैदेशिक अध्ययनका लागि जाने तयारी गरिरहेकाहरूका लागि १३ गते सेमिनारको आयोजना गरेका छौं।

**शैक्षिक मेलाको तयारी कहाँ पुग्यो ?**

-लगभग सबै तयारी पूरा भएको छ। स्टल बुकिङ भैसकेको छ। अब हामी कार्यक्रमलाई सफल रूपमा अवतरण गर्ने योजनामा जुटेका छौं।

# क्यान सफ्टटेक सम्पन्न

**साप्ताहिक समाचार**

काठमाडौं- पहिलो पटक आयोजना गरिएको सफ्टवेयरहरूको प्रदर्शनी 'सफ्टटेक' गत शनिबार सम्पन्न भएको छ। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) को आयोजनामा भएको क्यान सफ्टटेक-२००७ मा स्वदेश तथा विदेशमा विकास गरिएका विभिन्न उपयोगी सफ्टवेयर प्रदर्शन भएका थिए।

चार दिनसम्म चलेको सफ्टटेकमा ४४ कम्पनीका ६२ वटा स्टल थिए। क्यानका अध्यक्ष विप्लवमान सिंहले साप्ताहिकलाई भने- 'क्यान इन्फोटेक जस्तै अब हरेक वर्ष सफ्टटेक पनि आयोजना गरिनेछ।' सिंहका अनुसार सफ्टटेकको पहिलो संस्करण भए पनि यसले धेरैको मन जितेको छ।

सफ्टटेकमा नेपालका अतिरिक्त भारत, श्रीलंका, दक्षिण कोरिया तथा नेदरल्यान्डका सफ्टवेयर विकासकर्ता कम्पनीहरूले सहभागिता जनाएका थिए। सफ्टटेकका संयोजक अमृतबहादुर थापाका अनुसार प्रदर्शनीलाई २६ हजार दर्शकले अवलोकन गरे। सफ्टटेकमा सफ्टवेयर विकासकर्ता तथा व्यवसायीका अतिरिक्त मुलुकका नीति-निर्माता, शिक्षाविद्, विद्यार्थी एवं सर्वसाधारणको उल्लेख्य उपस्थिति थियो। सफ्टटेकबाट बैंक, वित्तीय संस्था, एयरलाइन्स, स्वास्थ्य, सञ्चार, संघ-संस्था एवं अन्य व्यावसायिक प्रतिष्ठानहरूले फाइदा लिएको थापाले बताए।




सफ्टटेकको अवसरमा 'मध्यम स्तरका सूचना तथा सञ्चार प्रविधि कम्पनीहरूको व्यवस्थापन' शीर्षकमा सूचना प्रविधि सम्मेलन पनि आयोजित गरिएको थियो। सम्मेलनका संयोजक राजनराज पन्तका अनुसार कम्पनी व्यवस्थापन, नयाँ सूचना तथा सञ्चार प्रविधि, व्यावसायिक अभिवृद्धि, बजार व्यवस्थापनजस्ता गम्भीर विषयमा सम्मेलन केन्द्रित थियो। त्यसैगरी स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयर समुदायको आयोजनामा खुला स्रोतका सफ्टवेयरका बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पानस साउथ एसियाले प्रकाशन गरेको सामग्री सार्वजनिक गरिएको थियो।

त्यस्तै विनिटेक कोरिया, यालामाञ्चिली भारत, मण्डाला सफ्टवेयर सिस्टम आदिले सफ्टटेककै अवसर पारेर विभिन्न सफ्टवेयर सार्वजनिक गरेका थिए। कम्प्युटर व्यवसायीहरूलाई एउटै थलोमा ल्याउन कोटेश्वर बालकुमारीमा निर्माण गर्न लागिएको 'साइबर प्लाजा' का विषयमा पनि सफ्टटेकमा जानकारी दिइएको थियो। यसबाहेक सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा समाचार संकलन गर्ने पत्रकारहरूको स्तर वृद्धिका निम्ति कार्यशाला आयोजित गरिएको थियो।


सफ्टटेकको पूर्वसन्ध्यामा क्यानको व्यवस्थापनमा वैशाख १८ र १९ गते एसिया-प्रशान्त कम्प्युटर उद्योग संगठन (एसोसिओ) मा आबद्ध २० राष्ट्रका ४० सूचना तथा सञ्चार प्रविधि विज्ञहरूको बैठक सम्पन्न भएको थियो। महासचिव पन्तका अनुसार बैठक एसिया-प्रशान्त क्षेत्रमा विदेशी लगानी, सफ्टवेयर निर्यात एवं बजार पहिचानका लागि गरिनुपर्ने अध्ययनजस्ता विषयमा केन्द्रित थियो।

## जन्मदिनको शुभकामना






आदर्श आचार्य
२०५७ वैशाख २९



साकार सुवाल
२०६२ वैशाख ३०



विधान घिमिरे
२०६० वैशाख २९



विपुल ज्ञवाली
२०५९ वैशाख ३१



अनिश चौधरी
२०६२ वैशाख ३१



श्रेया भट्टराई
२०५७ जेठ १



आयुष पाण्डे
२०६२ जेठ २



समीर लामा
२०६० जेठ ३



सृष्टिका राजवंशी
२०५२ वैशाख २८



रितिशा थापा
२०६१ जेठ ३



मार्भिन श्रेष्ठ
२०५८ वैशाख २८



काट्नुस्

जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :..................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# चिन्तामा नयाँ चिनो



पुरानो चलचित्र 'सोले' का नायक अमिताभ बच्चन नयाँ सोलेमा खलनायक अर्थात् गब्बरसिंह बन्ने समाचार आएकै केही समयपछि कलिउडको पुरानो चलचित्र 'चिनो' का नायक शिव श्रेष्ठ नयाँ चिनोमा खलनायक अर्थात् राते काइँला बन्ने भएका छन्। गब्बरसिंह पुरानो सोलेका खलनायक थिए भने राते काइँला पुरानो चिनोका।

गब्बरसिंह र राते काइँला दुवै परिचित पात्र हुन्। यी दुवै आ□नो चरित्रमा यसरी जमे कि वास्तविक जीवनमा समेत उनीहरूले राम्रै प्रभाव छाडे। गब्बरसिंह बनेका अमजद खान र राते काइँला बनेका सुनील थापा दुवैले आफ्ना चलचित्र प्रदर्शनमा आएपछि सोही चलचित्रको ब्याज खाएर रजाइँ गरे। सुनील थापा त अझै पनि राते काइँलाभित्रै बाँचेका छन्। सायद यस्तै कारणले होला, नयाँ बन्ने सोलेका लागि अमिताभको छनौटपछि विवादका स्वर उठे। गब्बरसिंहको भूमिकामाथि न्याय गर्न सकिएला कि नसकिएला भनेर आफू चिन्तित रहेको निर्देशक रामगोपाल वर्मा बताइरहेका छन्, तर नयाँ चिनोका निर्देशक शोभित बस्नेत भने राते काइँलाको भूमिकालाई सामान्य रूपमा लिइरहेका छन्। नयाँ सोले रिलिज भैहालेदेखि नयाँ चिनो निर्माण गर्न सजिलो पर्थ्यो होला, तर त्यसो हुन सकेको छैन। त्यसैले राते काइँलाको भूमिकाप्रति कसरी न्याय गर्ने भनेर नयाँ चिनो युनिट चिन्तित हुनु स्वाभाविक हो।

# चलचित्रमा काल पल्कियो



चलचित्र 'अहंकार' पछि सेन्सर बोर्डले अर्को चलचित्र 'वारुद' लाई प्रदर्शन हुनबाट रोकेको छ। दुई साताभित्र दुई चलचित्रलाई सेन्सर बार्डले रोकेपछि चलचित्रकर्मीहरू भन्न थालेका छन्– चलचित्रमा काल पल्कियो। वारुद किन रोकियो त ? निर्माता तथा नायक जयकिसन बस्नेत भन्छन्- चलचित्रमा टुहुरो, अनाथ, सालेजस्ता शब्द राख्न पाइँदैन रे।' बस्नेत थप्छन्- 'प्रहरीलाई खलनायक बनाउन हुँदैन भन्ने उहाँहरूको अर्को तर्क छ।'

सेन्सर बोर्डको हालको रबैयाप्रति चलचित्रसँग सम्बन्धित संगठनहरूले विरोध जनाएका छन्। लोकतान्त्रिक सांस्कृतिक संघका अध्यक्ष तीर्थ थापा तथा जनपक्षीय चलचित्रकर्मी संघका अध्यक्ष केपी पाठक नयाँ नेपालमा सेन्सर बोर्डको औचित्य नहुने बताउँछन्। सेन्सर बोर्ड राख्नुको अर्थ कलाकर्मी गैरजिम्मेवार र वेबकुफ हुन्छन् भन्ने हो। त्यसैले सेन्सर बोर्डको आवश्यकता छैन, -अध्यक्ष पाठक बताउँछन्। चलचित्र बारुद जयकिशन बस्नेतको दोस्रो चलचित्र हो।

# कल्याणकारी कल्याण



दस वर्षजति भयो, चलचित्र 'आन्दोलन'को छायाङ्कनमा नायक दिनेश शर्मासँग निहुँ खोजेर झगडा गर्ने दृश्यमा अभिनय गर्न एक जना दुब्ला-पातला 'फाइटर' द्वन्द्व निर्देशक एनबी महर्जनकहाँ आए। दुई दिनसम्म अनामनगरको सडकमा लड्दै पछारिँदै उनले दिनेशसँग फाइट खेले। त्यतिबेला नारायण त्रिपाठीसँग मिल्दो-जुल्दो देखिने उनी अहिले कुनै 'हिरो' भन्दा कम छैनन्। वास्तवमा उनी 'हिरो' नै बनिसकेका छन्। केही चलचित्रमा नायक भएपछि अहिले उनी टेलिश्रृंखला निर्माता भएका छन् भने चलचित्र 'अंशबन्डा', 'मेरो हजुर' आदिमा नायक पनि। एउटा भोजपुरी चलचित्रमा अभिनय गरेपछि त्यता व्यस्त हुने सम्भावना पनि निकै छ। 'संघर्ष निकै गरेँ,' सुस्केरा हाल्दै कल्याणले बताए।

उनको भनाइमा चलचित्रमा अभिनय गर्ने चस्का लागेको बेलामा धेरैले नपत्याएपछि उनी आफैं निर्माता भएका होइनन्। आ□नो नामजस्तै यो क्षेत्रको कल्याण गर्न उनी कटिबद्ध छन्। अहिले नेपाल टेलिभिजनबाट उनले बनाएको टेलिश्रृंखला 'सिलसिला' प्रसारण भैरहेको छ। महिला दर्शकहरूले निकै रुचाएको उक्त श्रृंखलामा नारीहरूको पीडा अभिव्यक्त भएको छ। चलचित्र क्षेत्रमा प्रतिभावान् सहनिर्देशकका रूपमा चिनिएका केदार पौडेललाई श्रृंखलाको निर्देशन गर्न लगाएर कल्याणले उनको कल्याण गरेका छन् भने एउटा गतिलो भूमिकाको खोजीमा रहेकी नायिका आशा पौडेललाई मुख्य भूमिकामा अभिनय गर्ने अवसर दिएर उनको पनि कल्याण गरेका छन्। कल्याण भन्छन्- 'मैले जस्तो संघर्ष सबैले गर्नु नपरोस् भन्ने सोच्छु।'

# रेखाको किस्मत



नम्बर वान नायिका रेखा थापा आफूले निर्माण गरेको चलचित्र 'हिम्मत' सुपरहिट भएपछि अर्को चलचित्र 'किस्मत' को निर्माणमा लागेकी छिन्। भनिन्छ, हिम्मतको सफलताले किस्मत बनाइहाल्न झकझक्यायो।

'किस्मत' को निर्देशनको जिम्मा रेखाले उज्ज्वल घिमिरेलाई लगाएकी छिन्। वैशाखको पहिलो साता छायांकन सुरु गरिएको 'किस्मत' सिनेमास्कोप चलचित्र हो।

चलचित्र 'हिम्मत' ले रेखालाई स्थापित निर्माताका रूपमा उभ्यायो। 'हिम्मत' मा उनले एक्सन नायिकाका रूपमा खतरा पनि मोलिन्। 'किस्मत' चाहिँ कस्तो चलचित्र हो ? रेखा भन्छिन्- 'यसमा मेरो भूमिका सुरुमा इमान्दार गाउँले केटीको छ र पछिचाहिं विद्रोह र बदलाकै कथा छ।' रेखाका अनुसार किस्मत मूलत: प्रेमकथामा आधारित चलचित्र हो।


किस्मतका अन्य कलाकार विराज भट्ट, नीर शाह, हरिहर शर्मा, गोपाल 'फिस्टे', जितु नेपाल अनि नयाँ प्रस्तुति आर्यन सिग्देल आदि हुन्। चलचित्रको छायांकनमा व्यस्त रेखा ठोकुवा गर्छिन्- 'किस्मत हिम्मतभन्दा राम्रो हुन्छ।'

# चौतर्फी उडान



काँचो उमेरमा ठूलो फड्को मारेका छन् पोखराका सोभित बस्यालले। भर्खर-भर्खर २१ वर्षमा पाइला टेकेका सोभितको खास पहिचान भने गायन र म्युजिक भिडियोको निर्देशनमा छ। केवल १४ वर्षको हुँदा उनले आफ्नै रचना, संगीत र स्वरमा गीत रेकर्ड गराएका थिए। उनको बहुमुखी प्रतिभा देखेर धेरै जना दंग पर्छन्। कम उमेरमा यत्रो प्रगति □ साथीभाइले यसो भन्दा सोभित मख्ख पर्दैनन्, बरु उनी भन्छन्- 'अझै के गरेको छु र ? गर्न धेरै बाँकी छ।' अहिलेसम्म उनको आफ्नै स्वर, रचना र संगीतमा रेकर्ड भएका गीतको संख्या आधा दर्जनभन्दा बढी भैसकेको छ।

सोभितले आठवटा म्युजिक भिडियोकै निर्देशन गरिसकेका छन्। तीन वर्षअघि उनको आफ्नै शब्द, संगीत र स्वरमा रेकर्ड भएको 'जति टाढा भए पनि' गीतले उनलाई चिनायो। यही गीतले पोखरामा वेस्ट सङ एवार्ड, न्यू आर्टिस अफ द इयर जस्ता एवार्डहरू पनि हासिल गऱ्यो। सोभितले आफ्नो रचना र संगीत गरेर अरूलाई दिएको १३ वटा गीत छन्। धेरैले पोखरामा उनलाई फुच्चे गायक एवं निर्देशकका रूपमा चिन्छन्। त्यसो त उनले केही गीतको म्युजिक भिडियोमा अभिनय पनि गरेका छन्। आफ्नो एकल एल्बमको तयारीमा रहेका सोभितले साप्ताहिकसँग भने- 'मोफसलबाटै कलाक्षेत्रमा संघर्ष गर्ने योजना बनाएको छु।'




# सुदूर पश्चिम आइडल शम्भु




धनगढी– सुदूर पश्चिमाञ्चलका नौवटै जिल्लाका प्रतिभावान् गायक-गायिकाहरूमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यले विप्लव इन्टरटेनमेन्ट ग्रुपको आयोजना तथा करिश्मा मल्टिमिडिया एवं कुसुम डिजिटल रेकर्डिङ स्टुडियोको प्रायोजनमा सम्पन्न सुदूर पश्चिम आइडल २०६४ मा कैलाली (धनगढी) का शम्भु रैका सुदूर पश्चिम आइडल बनेका छन्।

उक्त प्रतिस्पर्धात्मक कार्यक्रममा सातवटा विधा (आधुनिक, लोकगीत, लोकपप, पप, देउडा, चौधरी र राना) समेटिएको थियो, जसमा आ-आफ्नो विधामा उत्कृष्ट हुनेहरूलाई पनि पुरस्कृत गरिएको थियो। कार्यक्रममा जम्मा ६२ जना गायक-गायिकाको सहभागिता थियो। दुई चरणमा सञ्चालित कार्यक्रमको पहिलो चरणको छनौट प्रक्रियाबाट टप टेन र २ जना उत्कृष्ट निकालिएको थियो। दोस्रो चरणको कार्यक्रम दिवस चलचित्र भवन अत्तरियामा सम्पन्न भयो, जसमा टप टेनबाट टप फाइभ छनौट भए। टप फाइभमा क्रमश: शम्भु रैका, गणेश बम, विवस पुन, हेमा मडै र नारायण राना परेका थिए।

आ-आफ्नो विधामा पुरस्कृत हुनेहरूमा आधुनिक गीततर्फ विवस पुन, लोकगीततर्फ हेमा मडै, लोकपपतर्फ गणेश बम, पप गीततर्फ चन्द्रकला खड्का, देउडा गीततर्फ भुवन भाट, राना/चौधरी गीततर्फ नारायण राना रहे। सुदूर पश्चिम आइडल टप टेनमा पर्ने प्रतियोगीहरूको संयुक्त एल्बम निकालिने बताइएको छ भने सुदूर पश्चिम आइडल २०६४ विजेताको छुट्टै एल्बम निकालिनेछ। प्रतियोगीहरूमध्ये प्रस्तुतीकरण एवं शरीरको बनावटका आधारमा म्युजिक भिडियोमा मोडलिङ गर्ने मौका पनि प्रदान गरिने आयोजन पक्षले बताएको छ।

**–वीरेन्द्र सिंह (वीरु)**

Brilliant for Brilliants!!!
Be An ENGINEER

Priza Kayastha
IOE Topper
(Gandaki Boarding)
Grap the opportunity of
BEI TALENT SCHOLARSHIP 2007
"Scholarships at Different Engineering Colleges according as BEI weekly/Monthly Model Exams"
WE PROVIDE:
- Text Books, - Question Bank,
- Practise Sheets, - Model Test,
- Scholarship at different Engineering Colleges.
Admission Open For:
BE Entrance Preparation
After the grand success of previous batches in IOE, MOE Embassies & other Universities
Admission Open for 2007 batch.
BEI - Run by Ex-students and highly experienced teachers of IOE Pulchowk.
Brilliant Educational Institute(BEI), Kupondol, Bus Stop, Tel: 5554763

## गफै त हो

# हिम्मतिला विवाहित



बाफ रे बाफ □ नायक निखिल उप्रेती कस्ता वीर ? कस्ता बहादुर ? उनीसँग जस्तो आँट त कसैसँग छैन होला । जे पनि गर्न सक्ने ? जे पनि भन्न सक्ने ? त्यो पनि विवाहित पुरुषले....? पाठकहरू अचम्ममा पर्नुभयो होला । अविवाहितले गर्न सक्ने तर विवाहित पुरुषले गर्न मुटु दह्रो हुनैपर्ने काम निखिलले के गरे होलान् ? निखिल सात तला त के दस तला माथिबाट पनि फाल हाल्न सक्छन् । हवाईजहाज उडाएजस्तो मोटरसाइकल उडाउन सक्छन् । हावामा कावा खाँदै 'फ्लाइङ किक' हान्न सक्छन्, तर हालै उनले त्योभन्दा पनि ठूलो स्टन्ट गरेका छन् । लामो कुरा नगरौं । विवाहित नायक निखिलले प्रेमविवाह गरेका हुन् । हाल उनी सिनामंगलको एउटा घरमा जीवनसँगिनी कोपिलासँग सुखमय गृहस्थ जीवन व्यतीत गरिरहेका छन् । कोपिलासँग उनको सात वर्ष प्रेम चलेको थियो । निखिलले यस्ता व्यक्तिगत कुराभन्दा पनि नितान्त व्यक्तिगत रहस्य खोलेका छन् ।

कोपिला भाउजूले त्यो पढ्नुभएको छ कि छैन ? त्यो त थाहा भएन । पहिलो चुम्बन ? 'श्रीमतीलाई...।' पहिलो शारीरिक सम्बन्ध ? (अनकनाउँदै) '..उनैसँग..'। हाम्रा कतिपय विवाहित पुरुष सेलिब्रेटीहरूसँग त्यस्ता नितान्त व्यक्तिगत प्रश्न सोध्दा जानाजान झूटो बोल्दै यस्तै उत्तर दिन्छन्, तर निखिल त फाल हाल्नमा मात्र होइन, बोल्न पनि कसैसँग डराउँदा रहेनछन् । पत्रिकामा उनले पहिलो पटक वीरगन्जमा नीलो चलचित्र हेरेको अनुभव बताएपछि पाँच कक्षामा पढ्दा यौनको भावना जागृत भएर एउटी युवतीलाई चुम्बन गरेको रहस्य खोलेका छन् । सानो उमेरमा चुम्बन गरे अरूलाई के चासो ? तर नीलो चलचित्र हेरेपछि विद्यालयजीवनमा एउटी युवतीसँग उनको शारीरिक आकर्षणको प्रेम चलेछ । उनीहरूले हात मिलाएर, अंग्रेजी 'हग' गरेपछि चुम्बन साटासाट पनि गरेछन् । पछि उनैसँग नीलो चलचित्र हेरेर सिकेको काम पनि गरेछन्, त्यो पनि आपसी प्रेम, सल्लाह र सहमतिमा । कोही छ ? यस्तो रहस्य खोल्न सक्ने निखिलजस्तो 'विवाहित' हिम्मतवाल ?

## जम्का भेट

# म नेपाली बुहारी हुँ — दीपानारायण झा



दीपा झालाई गायक उदित नारायण झाकी श्रीमती भनेर चिनाइरहनु पर्दैन । दुई दशकअघि प्रदर्शित चलचित्र सम्झनादेखि हालसम्म उनले दर्जनौं चलचित्रका सयौं गीतमा आफ्नो स्वर दिइसकेकी छिन् । मुम्बईको घुइँचो छाडेर केही दिनअघि काठमाडौं आएकी दीपाले होटल याक एन्ड यतिमा बसेर एउटा नेपाली चलचित्र निर्माणको तयारी गरिन् ।

**उदीतजीको हालखबर के छ ?**

उहाँ अति नै व्यस्त मानिस । जहिले पनि काममा व्यस्त हुनुपर्ने । त्यसमा पनि यस पटक इन्डियन आइडलको जज बन्नुभएको छ ।

**तपाईं जहिल्यै नेपाल आउँदा एक्लै आउनुहुन्छ, किन ?**

उहाँलाई कामले बाँधेर राखेको छ । उहाँजति व्यस्त मानिस कमै हुन्छन् । त्यसैले म मात्रै आइरहेकी छु ।

**यसपटक नेपाल किन आउनुभएको ?**

मेरो विचारमा यो प्रश्नै भएन । आफ्नो देश आउँदा पनि किन आएको भन्ने हुन्छ र ?

**के कामले आउनुभयो त ?**

म नेपाली बुहारी हुँ । यो मेरो पनि देश हो । त्यसैले म यहाँ केही काम गर्न चाहन्छु । अहिले एउटा चलचित्र निर्माणको होमवर्क गर्दैछु ।

**तपाईंहरूले नेपाली चलचित्र निर्माण गर्छु भनेको एक दशक कट्यो नि ?**

पहिले भन्यौं मात्र । अबचाहिं साँच्चै निर्माण गर्छौं ।

**चलचित्र निर्माणको होमवर्क कहाँ पुग्यो त ?**

चलचित्रको नाम 'दार्जीलिङकी छोरी, काठमाडौंको ज्वाइँ' राखेका छौं । संगीतको जिम्मा आलोकश्रीलाई लगाइसकेका छौं । निर्देशन आनन्द गहतराजले गर्नेछन् । यसमा ९० प्रतिशत कलाकार नेपाली हुनेछन् ।

# लोकदोहोरी एवं लोकगीतको लोकप्रियता

आज हरेक मनोरञ्जनात्मक कार्यक्रममा गीतसंगीतले अहम् भूमिका खेलेको पाइन्छ वा भनौं मनोरञ्जनको दोस्रो नाम गीतसंगीत हो । यस्ता कार्यक्रमहरूमा पहिले प्रायः हिन्दी वा आधुनिक गीत घन्कन्थे भने अहिले हिन्दी र आधुनिक गीतको स्थान लोकगीत अथवा लोकदोहोरीले लिन थालिसकेको छ । विवाहको बाजा होस् वा पिकनिकको रमाइलो लोकगीत अग्रस्थानमा छ । हिजोआजका समारोहहरू लोकगीतविना पिरो नभएको अचार वा गुलियो नभएको मिठाइँजस्तो फिक्का मानिन्छन् ।

कुनै समयमा गाउँले र तल्लो वर्गका मानिसले मात्र सुन्ने गीत भनेर लोकगीतलाई हेला गर्नेहरू पनि अहिले लोकभाका र लोकसंगीतसँगै कम्मर मर्काउन लाज मान्दैनन् । आज लोकगीतले नेपालीलाई मात्र नभएर विदेशी पाहुनाहरूलाई समेत लोभ्याउन वा आफूतिर आकर्षित गर्न सफल छ । त्यतिमात्र नभएर कतिपय विदेशीले त लोकगीतमा आ□नो स्वरसमेत दिन भ्याइसकेका छन् । विदेशीहरू लोकगीततिर बढी आकर्षित भएर नै होला विदेशी केन्द्रित ठाउँहरू जस्तै- रेस्टुराँ, होटलहरूमा लोकगीतबाटै मनोरञ्जन गराइन्छ । नेपाली मौलिकताका साथै स्थानीय भाषा-संस्कृति उजागर गर्ने लोकगीततर्फ सहरियाहरू पनि आकर्षित हुँदै गएको पाइन्छ ।

आजभन्दा ८-९ वर्षअघि कुन लोकगीत रिलिज भयो, कहिले हरायो, कुन गायक अथवा गायिकाले गाएको हो भन्ने कुरा धेरैलाई थाहा हुँदैनथ्यो तर आज कुन लोकगीत आउँदैछ, कुन चर्चामा छ, कसले स्वर दिएको, त्यो गीतको म्युजिक भिडियो कस्तो छ भन्नेसमेत धेरैलाई थाहा हुनुका साथै लोकगीतसम्बन्धी सबै कुरामा चासो बढ्दै गएको छ । केही वर्षअघि मात्र लोकगायक-गायिकाको संख्या औंलामा गन्न सकिन्थ्यो भने अहिले सांगीतिक क्षेत्रको सुरुवात नै लोकगीतबाट गर्ने कलाकार पनि अनगिन्ती छन् । आज विभिन्न टेलिभिजन च्यानल तथा रेडियोमा लोकगीतसम्बन्धी विशेष कार्यक्रम पनि सञ्चालन हुने गरेको छ । यस्ता कार्यक्रममा लोकगीत मात्र नबनाई वा लोकगीतको म्युजिक भिडियो मात्र नदेखाई, लोकगीतका गायक तथा गायिकाहरूका साथै लोकगीतका हरेक पक्षको जानकारी प्रदान गरिन्छ ।

अहिलेकी व्यस्त गायिका सिन्धु मल्लले लोकगीतबाटै गायन प्रारम्भ गरेकी हुन् । छोटो समयमै मीठामीठा गीत गाएर लोकप्रिय बन्न सफल गायिका मल्लको विचारमा लोकगीत अहिलेमात्र होइन पहिलेदेखि नै लोकप्रिय रहँदै आएको छ । ८० प्रतिशत नेपालीले लोकगीत सुन्ने र मन पराउने मल्लको दाबी छ । लोकगीतमा हाम्रो मौलिकता एवं संस्कृति झल्कन्छ । यसलाई हामी सबै मिलेर संरक्षण गर्नुपर्छ । पहिले सञ्चारमाध्यमको कमीले गर्दा लोकगीत सुन्न पनि गाह्रो हुन्थ्यो तर अहिले सञ्चारमाध्यमको विकाससँगै लोकगीतहरू पनि फस्टाउन थाले । विभिन्न सञ्चारमाध्यमबाट बारम्बार लोकगीत सुन्न तथा हेर्न पाइने भएकाले लोकगीत लोकप्रिय बन्दै गएको हो ।

ससुरालीमा... लोकदोहोरी गाएर सबैको मन जित्न सफल गायक बद्री पँगेनीको विचारमा लोकगीतको लोकप्रियतामा कुनै परिवर्तन आएको छैन, लोकगीत हिंजो पनि त्यत्तिकै लोकप्रिय थियो, आज पनि छ र भोलि पनि त्यत्तिकै लोकप्रिय रहनेछ । सञ्चारमाध्यमको विकासका कारण लोकगीत बढी लोकप्रिय भएझैं लागेको हो । पहिले नेपाल टेलिभिजन र रेडियो नेपालमात्र थिए जसका कारण लोकगीत बढीमात्रामा बज्न पाउँदैनथे तर आज विभिन्न टेलिभिजन च्यानल तथा एफएम स्टुडियोहरूमा लोकगीत बारम्बार बज्छ र गीत सुन्दै जाँदा मन पर्दै जानु स्वाभाविक हो ।

लोकगीतसँगै आधुनिक गीतहरू गाएर आ□नो छुट्टै परिचय बनाउन सफल गायिका रिमा गुरुङ (होडा) को विचारमा गीतसंगीत पनि फेसनजस्तै हो । जसरी एउटै फेसन टिकिरहन सक्दैन त्यसरी नै एउटै प्रकारको गीतसंगीत सधैं लोकप्रिय रहँदैन । कहिले पप त कहिले आधुनिक तथा कहिले लोकगीतको आकर्षण बढेको हुन्छ । अहिले लोकगीतको माग बढी छ । लोकगीतमा हाम्रो संस्कृति झल्कने भएकाले यो लोकप्रिय हुनु राम्रो कुरा हो । पहिले लोकगीतमा गाउँसँगै सम्बन्धित कुराहरू समावेश गरिन्थ्यो भने आज आएर लोकगीतको पनि आधुनिकीकरण भएको छ । हिजोआजका लोकगीतमा गाउँका साथसाथै सहरसँग सम्बन्धित कुराहरू पनि समावेश गर्न थालिएको छ । यसरी दुवैसँग सम्बन्धित कुराहरू समावेश भएकाले दुवैतिरका मानिसले लोकगीत सुन्ने र मन पराउनाले लोकगीत बढी लोकप्रिय बन्न पुगेको हो ।

धेरै लोकगीत गाएर सांगीतिक क्षेत्रमा नाम कमाउन सफल भैसकेका गायक भगवान् भण्डारीको विचारमा लोकगीतको लोकप्रियता बढ्नुमा सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका छ । सञ्चारमाध्यममा आएको परिवर्तनले गर्दा लोकगीत लोकप्रिय भएको हो । आज विभिन्न सञ्चारमाध्यमले लोकगीत बजाउने र यसको म्युजिक भिडियो देखाउने भएकाले लोकगीतका बारेमा थाहा नहुनेलाई पनि लोकगीत यस्तो हुँदो रहेछ भन्ने थाहा हुँदै गएको छ । आज विभिन्न एफएम स्टेसनहरूले लोकगीत प्रसारण गर्ने भएकाले पजेरोदेखि लिएर माइक्रोहरूमा समेत लोकगीत सुन्न पाइन्छ ।

भर्खरै लोकगीतको एल्बम बजारमा ल्याएकी लोक तथा आधुनिक गायिका चन्दा देवानको विचारमा पनि लोकगीत लोकप्रिय हुनुमा सञ्चार-माध्यमकै महत्त्वपूर्ण भूमिका छ ।

धेरै लोकगीतका साथै आधुनिक संगीतमा समेत आ□नो स्वर दिने चर्चित गायिका कुन्ति मोक्तानको विचारमा संगीतको बहाव समयअनुसार परिवर्तन हुँदै जान्छ । धेरै अघि शास्त्रीय संगीतको माग थियो त्यसपछि बिस्तारै आधुनिक, पप गर्दै अहिले लोकगीत र लोकदोहोरीको माग बढ्दै गएको छ । हुन त लोकगीत पहिलेदेखि नै लोकप्रिय रहँदै आएको छ तर अहिले लोकसंगीतलाई सबैले मनपराउने गरेका छन् । लोकगीतको माग बढ्नु राम्रो कुरा हो । लोकगीतमा हाम्रो मौलिकता झल्कन्छ । लोकगीतलाई अहिलेका आधुनिक एवं पप संगीतले समेत आत्मसात गरेको पाइन्छ । पहिले लोकगीतका श्रोता एवं दर्शक सीमित हुन्थे तर अहिले प्रायः सबैले लोकगीत सुन्न र हेर्न मन पराउँछन् । त्यसमा विभिन्न प्रतियोगिता एवं लोकपप, लोकरक आदिले थप बल पुऱ्याएका छन् ।

– अरुणा भट्टराई











# लभगुरु रेखा



**प्रश्न : म २९ वर्षीय विवाहित पुरुष हुँ। केही वर्षअघिसम्म मेरो दाम्पत्य जीवन सुखी नै थियो । हाम्री एउटी छोरी पनि छिन् । मेरी श्रीमती २-४ वर्षयता लगातार बिरामी छिन् । उनको बिरामीका कारण मेरो परिवारिक जीवन नै छिन्नभिन्न होला जस्तो छ । उनीबाट मैले कुनै प्रकारको सुख पाउन सकेको छैन । उनको लामो बिरामीका कारण म दिक्क भैसकें । कहिलेकाहीं लाग्छ अर्को विवाह गरूँ, ताकि हाम्री छोरीको राम्रो रेखदेख होस् अनि मेरो घर पनि चलोस् ? हाम्रो पहिले मागी विवाह भएको थियो । म दोधारमा छु, के गरूँ ?**

**सी.बी.एस.**

**उत्तर** : पहिलो कुरा त के भने घरमा एउटी श्रीमती हुँदाहुँदै तपाईंले अर्को विवाह गर्न सक्नुहुन्न । यदि गरिहाल्नुभयो भने त्यो सामाजिक एवं कानुनी दुवै रूपमा अपराध मानिनेछ र त्यसका लागि तपाईंले सजाय भोग्नुपर्ने हुनसक्छ । दोस्रो कुरा सुखी दाम्पत्य जीवन बिताउँदा बिताउँदै श्रीमती बिरामी हुँदैमा अर्को विवाह गर्ने नकारात्मक सोच तपाईंमा कसरी आयो ? पहिले त तपाईंले अग्निलाई साक्षी मानी सँगै जीवन बिताउने कसम खाएकी श्रीमतीको स्वास्थोपचारमा ध्यान पुऱ्याउनुपऱ्यो । मलाई लाग्छ राम्रो उपचार अनि हेरविचारले उहाँ पूर्ण स्वस्थ हुनसक्नुहुन्छ । तपाईंले नै हरेश खानुभयो भने उहाँलाई अझ गाह्रो हुनेछ । आमा हुँदाहुँदै सौतने आमाले छोरीको हेरविचार गर्छिन् भन्ने कुरा पनि तपाईले कसरी सोच्नुभयो ? तपाईंले दोस्रो विवाहको कुरा सोच्न छोडेर श्रीमती र छोरीमा पर्याप्त ध्यान दिनुपर्छ । दोस्रो विवाहले तपाईंलाई केही दिन त रमाइलो होला तर त्यसले यति विकराल समस्या निम्त्याउनेछ कि तपाईं त्यसको कल्पनासम्म गर्न सक्नुहुन्न ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## साङ्केनमा दोहारीको रौनक

**साप्ताहिक समाचार**

धरान– आधुनिक र फेसनेबल सहरका रूपमा ख्याति कमाएको धरानमा पप, हिपहप, हेभीमेटललगायत पाश्चात्य संगीत क्रेजीकै प्रभुत्व छ । यसका बाबजुद पनि पूर्वेली लोकभाकाका गीत तथा दोहोरी गीत मन पराउनेहरूको पनि यहाँ कमी छैन । त्यही अल्पसंख्यक लोक र दोहोरी गीतप्रेमीहरूलाई शनिबार साङ्केन खाजा घरले आयोजना गरेको दोहोरी जमघटले प्रशस्तै मनोरञ्जन दिलायो ।

ऱ्याप गाउन खप्पिस हिपहप ड्रेसमा उपस्थित बालबालिकाहरूदेखि झुम्का-बुलाकी-मुन्द्री र गुन्यू चोली लगाएकी वृद्धा महिला र दौरा-सुरुवालमा उपस्थित पाका पुरुषहरूलाई दोहोरीले राम्रै मनोरञ्जन दियो । पुर्वेली भाकाको संस्कृति संरक्षणका निम्ति दोहोरी आयोजना गरिएको सविता राईले बताइन् ।

उक्त अवसरमा ग्राहकहरूको चाहनाअनुरूप दोहोरी गायिका सरिता राई र गायक दुर्गा पराजुलीले लोकदोहोरी प्रस्तुत गरेका थिए । उनीहरूलाई पूर्वाञ्चल सरगम आइडलमा उत्कृष्ट दससम्मको यात्रा गरेका सम्झना राई र रोशन राईसहित जितु राई, सम्झना याख्खा तथा नगेन्द्र राईले साथ दिएका थिए । सुरज लिम्बूले बाँसुरी, धनबहादुर लिम्बुले तबला, अर्जुन लिम्बूले हार्मोनियम, शाहीमान राईले गिटार बजाउदै साढे दस बजेसम्म कार्यक्रमको रौनक कायम राखेका थिए ।


## रमाइलो सांगीतिक कार्यक्रम

पोखरा- लोकगायक बद्री पंगेनी स्टेजमा आउनेबितिक्कै दर्शकले हुटिङ गरे । तात्तिएका दर्शक तताउन पंगेनी पनि उक्सिए । मायाप्रेमको दोहोरीलाई पर सारेर गणतन्त्रको आह्वान गर्दै गाइएको उनको दोहोरी दर्शक कम्मर भाँचीभाँची नाच्न थाले ।

पप गायकको गेटअपमा मञ्चमा देखिएका बद्रीको पहिरन देखेर दर्शकले व्यङ्ग्य पनि कसे- 'हैन, लोकगायक पनि आजभोलि पप गायकजस्तै भएछन् ।' कार्यक्रममा उनीजस्तै थुप्रै गायक-गायिकालाई जुटाएको थियो आफ्नो छैटौं वार्षिकोत्सवको अवसरमा पोखरा एफ.एम.ले । उतिबेला अरुण थापाले गाएको 'जति माया लाए पनि' गीत गायिका शीतल थापाले दुरुस्तै गाएकी थिइन् । दिलु गुरुङको गीतले दर्शकलाई मनोररञ्जन दियो । गायक रामभक्त जोजिजू र इतु पाल जोडीको प्रस्तुति पनि आकर्षक रह्यो ।

गायक भाष्करध्वज श्रेष्ठ मञ्चमा उत्रिएपछि सभागृहको प्रेक्षालय तातिएको थियो । उता गायक सोभित बस्यालको गीतले पनि दर्शकको साथ पायो । कार्यक्रममा एन्जिला गौचन पनि दर्शकलाई नचाउन सफल भइन् । विनोद वानियाँ, डा. प्रकाश राजभण्डारी, उज्ज्वल भण्डारी, विमल पराजुली, विनित जोजिजू, दिनेश गुरुङ तथा लोकगायक-गायिकाहरू तारापति सुवेदी, जीवन दाहाल, माया गुरुङ र माया न्यौपानेले दोहोरी गीत गाएर दर्शक उफारेका थिए ।

कार्यक्रमको आकर्षण पक्ष हवनकली शो रह्यो, जसमा हवनकली बनेकी सुष्मा पौडेलले नव नायक राजबल्लभ कोइरालासँग भलाकुसारी गरेकी थिइन् । कलाकार नीरज थापाले राजनैतिक नेतादेखि चलचित्र कलाकारहरूको जस्ताको त्यस्तै क्यारिकेचर प्रस्तुत गरेका थिए । कार्यक्रममा विभिन्न नृत्य प्रशिक्षण केन्द्रले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । उक्त अवसरमा गीतकार विनोद गौचनलाई सम्मानित गरिएको थियो ।


## इजरायली चलचित्र

काठमाडौं- इजरायली राजदूतावासले यसै साता इजरायली चलचित्रको दोस्रो महोत्सव सम्पन्न गऱ्यो । गत मंगलबारदेखि हिंजो बिहीबारसम्म कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा नेपाली दर्शकले इजरायली चलचित्रहरू हेरेका थिए । प्रदर्शन गरिएका आधा दर्जन चलचित्र इजरायली भाषामा भए पनि अंग्रेजीमा सबटाइटल भएकाले बुझ्न सजिलो थियो । प्रदर्शित चलचित्र प्रेम, रोमाञ्चक, काल्पनिक , नाटकीय तथा हास्य विधासँग सम्बन्धित थिए ।

पहिलो दिन प्रदर्शित 'समथिङ स्विट' तथा 'आउट अफ साइट' चलचित्र क्रमशः प्रेमकथात्मक र रोमाञ्चक थिए भने दोस्रो दिन प्रदर्शित 'क्याम्पफायर' तथा 'ब्रोकन विङ्स' क्रमशः काल्पनिक र नाटकीय थिए । तेस्रो अर्थात् अन्तिम दिन प्रदर्शन गरिएका दूई चलचित्रमध्ये 'द बिग डिग' हास्यप्रधान थियो भने 'थ्री मदर्स' को प्रस्तुति नाटकीय थियो । प्रवेश टिकट निःशुल्क वितरण गरिएकाले पनि विदेशी चलचित्रमा रुचि राख्नेहरूका लागि इजरायली चलचित्र महोत्सव निकै महत्त्वपूर्ण थियो ।

## युएईमा २५५१ औं बुद्धजयन्ती

**खेमनाथ पौडेल**

युएई– युएईको अलकोजस्थित जुमेरा नेपाली समाज ओशिस भिलेज अलकोजले ४ मईका दिनमा २ हजार ५ सय ५१ औं बुद्धजयन्ती विभिन्न कार्यक्रमका साथ सम्पन्न गऱ्यो । समाज अध्यक्ष पासाङ्ग शेर्पाको सभापतित्वमा भएको कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू महिला, बुद्धिजीवी तथा जुमेरा ग्रुफ अप कम्पनीमा कार्यरत प्रवासी नेपालीहरूको बृहत् उपस्थित थियो ।

कार्यक्रम स्वागत गीतबाट सुरु भएको थियो । बीच-बीचमा प्रस्तुत हुने गीत, कविता, मुक्तक, जादु, हस्यौली आदिले कार्यक्रमलाई रोचक बनाएको थियो । प्रवासी कलाकार सन्तोष गिरीले 'झरनाको चिसो पानी' गीत गाएका थिए भने सीमा तिवारी 'आज बाह्र हाते पटुकीको कुरा गर' गीतमा नृत्य प्रस्तुत गर्दा दर्शकले आफू बसेको स्थानमै कम्मर हल्लाउँदैसाथ दिएका थिए । उक्त अवसरमा फुगेन्द्र अतीत थापाले मुक्तक प्रस्तुत गरेका थिए भने दीपेन्द्र पौडेलले हात फिंजाएर 'के भो' गीत गाएका थिए, मि. बारुलोले 'यता टोक्यो उता टोक्यो' गीतमा नृत्य गरेका थिए । श्रीप्रसाद गुरुङले जादु प्रस्तुत गरेका थिए । केश गुरुङले 'ऋतुहरूमा तिमी'



नृत्य प्रस्तुत गरेर दर्शकहरूलाई नचाए भने चन्द्र थापामगरले 'नरोई बस हे मेरी आमा' लोकगीत गाएका थिए । उक्त अवसरमा विष्णुले नृत्य एवं कवि तथा गीतकार विनोद सैजू, लक्ष्मण सापकोटा आदिले कविता प्रस्तुत गरेका थिए ।

## राजारानी तताए रिमा र खेमराजले



राजारानी (धनकुटा)– किराँत बसोबास क्षेत्र चण्डीमय भएको यो समयमा रिमा गुरुङ र खेमराज गुरुङले राजारानीमा भेला भएका किराँतीहरूलाई सांगीतिक मनोरञ्जन दिएका छन् । वैशाख पूर्णिमाको अवसरमा गत साता पर्यटन विकास तथा रानी ताल व्यवस्थापन समितिले आयोजना गरेको सांगीतिक कार्यक्रममा रिमा र खेमराजले राजारानी तथा छिमेकी गाउँवासीहरूलाई गीत गाउँदै नचाए ।

'लाहुरे दाइले परदेशबाट पठायो खबर' बाट गीत गाउन थालेकी रिमाले लिम्बूबस्तीमा आफ्नो स्वरको कमाल देखाइन् । ए साइँला, कसको आँखा लाग्यो जस्ता आफ्ना चर्चित गीत गाउँदै उनले त्यहाँ भेला भएका युगल जोडीहरूलाई नाच्न बाध्य पारेकी थिइन् । आधा दर्जनभन्दा बढी गीत गाउँदै उनले धनकुटे दर्शकहरूलाई कम्मर मर्काउन लगाइन् ।

आफ्नो बाल्यकाल छिमेकी जिल्ला संखुवासभामा बिताएका खेमराजले पनि चिसो रातमा बिहान ३ बजेसम्म दर्शकहरूलाई खुला आकाशमुनि तताएका थिए । वान्स मोर वान्स मोरको चर्को आवाज गुञ्जिएपछि उनले 'वारि जमुना पारि जमुना' र 'ल्हासो ल्हासो ल्हासो हो' दुईपल्ट गाउनुपरेको थियो । खेमराजको लोकभाकाको गीत 'आलु तामाले, बुहारी चाहियो भन्छिन् आमाले' पनि दर्शकहरूले खुबै रुचाएका थिए ।

रात छिप्पिँदै गएपछि चोक वरिपरि तथा खुला चौरमा पालाम् गाउँदै धान नाच्नेहरूको घुइँचो बढेको थियो । त्यही वातावरणलाई सम्हाल्दै खेमराजले साँझ ७ बजे सुरु भएको कार्यक्रमको बिहानीपख पालाम् गाएका थिए । उक्त अवसरमा 'हिउँद गयो वर्षा गयो' गीतले दर्शकको मन जितेपछि धराने गायिका लीला चोङबाङले उक्त गीत दोहोऱ्याएर गाउनुपरेको थियो ।

–राजु घिसिङ




## साइबर गर्ल

### आकिर्टेकको सौख

भारतको नयाँदिल्लीमा जन्मिएकी कविता श्रीनिभासन पेसाले आर्किटेक्ट हुन्। उनी हाल काठमाडौँमा बस्छिन् । झट्ट हेर्दा बलिउड नायिका ऐश्वर्या रायसँग मेल खाने कविता बहुमुखी प्रतिभाकी धनी छिन्। दक्षिण भारतको तमिलदेखि नेपाली, अंग्रेजी, हिन्दी, फ्रेन्च भाषाको ज्ञान कवितासँग छ। कविता कुशल नृत्याङ्गना हुन्। त्यसैगरी उनले रेडियो-टेलिभिजन कार्यक्रम प्रस्तोता, उद्घोषण, अभिनय, समाचारवाचन तथा र्‍याम्प मोडलिङमा पनि आफ्नो क्षमता देखाइसकेकी छिन्। मोडल संसार डटकमका लागि फोटोसेसन गरेकी कविताका अनुसार नृत्य र अभिनय उनको सबैभन्दा प्रिय विधा हुन्।

विभिन्न स्टेज सोमा नृत्य गरेर वाहवाही कमाइसकेकी कविता मोडलिङलाई सौखका रुपमा अघि बढाउन चाहन्छिन्। गहुँगोरो वर्णकी कविताको आँखा खैरो र केश कालो छ। कविताले लस एन्जलसबाट अभिनयको कक्षा लिएकी हुन्। त्यसैगरी उनले भरत नाट्यम, हिपहप र आधुनिक नृत्यको कक्षा लिएकी छिन्। पहिरनमा स्कर्ट र साडी उनको पहिलो रोजाइमा पर्छन्। फुर्सदको समय घाममा सुत्न मन पराउने कविता भन्छिन्- त्यसबाहेक पुस्तक अध्ययन, चित्र कोर्ने, नृत्य अभ्यास तथा चलचित्र हेर्ने काम गर्छु।

# दुर्व्यवहार होइन फ्लर्टिङ

पृष्ठ १ बाट जारी

यो छेडछाड गर्ने चलन खास गरी नारी स्वतन्त्रता बढी भएका समाज, समुदाय वा वर्गमा देखिन्छ। कतिपय जातिमा देवर-भाउजूबीच छेडछाड चल्छ। सोल्टी-सोल्टिनीबीच हात समाएर तानातान नै हुन्छ। सहरी समाजमा दैनिक हुने पार्टी, क्लब, जमघट आदिमा त एकले अर्कोलाई छेडछाड गरेर पनि वातावरण रमाइलो बनाइन्छ।

अश्लीलता प्रदर्शन नगरी, कसैलाई घृणा नगरी, बेइज्जत नगरी सोझो हिसाबले युवकले युवतीलाई, युवतीले युवकलाई □लर्टिङ गर्नु, जिस्क्याउनु, छेडछाड गर्नु सामान्य मान्छन् आधुनिक मनोवैज्ञानिक र समाजविज्ञानीहरू। एक अनुसन्धान-अनुसार □लर्टिङको फाइदा सबैभन्दा बढी युवतीहरूले लिएका छन्।

अमेरिकामा ८६ प्रतिशत कामकाजी महिलाहरू आफ्नो पदोन्नतिका लागि आफूभन्दा उच्च ओहदाका पुरुष पदाधिकारीहरूसँग □लर्टिङ गर्छन्। सर्वेक्षणअनुसार प्रत्येक पाँच महिलामा तीन जना पुरुष हाकिमसँग □लर्टिङ गरेर उनीहरूलाई खुसी तुल्याई पदमा टिकिरहेका छन्। लागेन आश्चर्य ? आखिर □लर्टिङ गर्नु भनेको यौनसम्बन्ध नै राख्नु होइन।

मनोवैज्ञानिकहरूका अनुसार □लर्टले सीमा नाघ्नु हुँदैन। दुवै पक्षले अपमानित भएको महसुस नगरुन्जेल □लर्टले आनन्द दिन्छ। □लर्ट असलमा क्षणिक रूपमा भए पनि मानसिक एवं शारीरिक आनन्दका लागि गरिन्छ। यसरी एकले अर्कोलाई छेडछाड गरेर जिस्क्याउँदा कहिलेकाहीं प्रेमको रूप पनि लिन पुग्छ, तर सीमा नाघेको खण्डमा गम्भीर परिणाम पनि भोग्नुपर्ने स्थिति आउँछ, अर्थात् त्यो □लर्टिङ नभएर र्‍यागिङमा परिणत हुन्छ। त्यस्तै स्थितिलाई दृष्टिगत गरेर परम्परागत सोचमा बाँच्नेहरूले □लर्टलाई पाश्चात्य सांस्कृतिक अतिक्रमण र नैतिक पतनको एक माध्यम मान्छन्।

सामान्य छेडछाड र जिस्किनु पनि जीवनको रमाइलो पक्ष भएको समाजविज्ञानीहरू बताउँछन्। □लर्टलाई कतिपयले यौनजन्य दुर्व्यवहारसँग पनि जोड्ने गरेका छन्। पुरुषले महिलाको शरीर छोयो भनेर विवाद गर्नेहरू पनि छन्, तर महिलाले पुरुषको शरीर छोए कुनै विवाद हुँदैन। किन ? पहिलो कुरा युवतीले युवक जिस्काउँदैनन् भन्ने पुरानो मान्यता छ। दोस्रो कुरा युवकले जिस्क्याए यौनकै लागि जिस्क्याएको भन्ने विश्वास गरिन्छ।

कुनै रिस-राग नराखी कसैले कसैलाई जिस्क्याउँदा लक्षित पात्रलाई पनि आनन्द आउँछ र जिस्क्याउनेलाई पनि। पश्चिमी खुला समाजमा छेडछाड गर्न थुप्रै तरिका अपनाइन्छन्। जस्तै– आँखा जुधाउनु, केश स्पर्श गर्नु, गफको सिलसिलामा हात समाउनु, आमन्त्रित गर्ने शैलीमा मुस्कुराउनु, उपहार पठाउनु, म्यासेजमा कविता, चुट्किला आदि लेखेर पठाउनु, टेबलमुनिबाट खुट्टाले स्पर्स गर्नु, लामो ड्राइभिङमा जानु आदि □लर्टिङको श्रेणीमा पर्छन्, तर यी सबै छेडछाड चिने-जानेका तथा मन जितेका नजिकका मानिससँग मात्र गर्न सकिन्छ, □लर्टिङका नाममा अति गर्न थालियो वा र्‍यागिङ र □लर्टिङको भेद बुझिएन भनेचाहिँ आपतै पर्न सक्छ।

## हेयर एन्ड मेकअप सेमिनार सम्पन्न

साप्ताहिक समाचार

'कार्यक्रम मैले सोचेभन्दा उत्कृष्ट रह्यो,' असहाय बालबालिकाको शिक्षाका लागि सहयोग गर्ने उद्देश्यले झापाको बिर्तामोडमा एकदिने हेयर एन्ड मेकअप सेमिनार गरेका नील डेविड कटुवालले कार्यक्रम समापनपछि भने- 'सौन्दर्यसम्बन्धी कार्यक्रममा मोफसलका जनता पनि उल्लेख्य सहभागिता जनाउँदा रहेछन्। यो कार्यक्रमको सफलतापछि उपत्यकाकाबाहिरका अन्य सहरहरूमा पनि सेमिनार आयोजना गर्ने योजना बनाएको छु।'

बिर्तामोडस्थित अतिथिसदनमा आयोजित उक्त सेमिनारमा २ सयभन्दा बढी ब्युटिसियनको सहभागिता थियो। सेमिनारमा डेबिडले थाई, एसियन, युरोपियन हेयर स्टाइलका साथै हाइलाइट, हेयर स्ट्रेट, कपाल जोड्ने हेयर एक्सटेन्सन र मेकअपका विभिन्न कला प्रयोगात्मक शैलीमा प्रस्तुत गरेका थिए। कार्यक्रममा सहभागिताका लागि झापाका विभिन्न स्थान, विराटनगर, इटहरी, बेलबारी, कानेपोखरी तथा उर्लाबारीका अतिरिक्त भारतको कालिम्पोङबाट पनि सौन्दर्यविद्हरू आएका थिए।

सेमिनारबाट उठेको रकममध्ये २० हजार रुपैयाँ डेविडकी आमा तुलसा कटुवालले स्थानीय हिमाली प्रा.वि. लक्ष्मीपुरका बहिरा विद्यार्थीको शिक्षाका निम्ति हस्तान्तरण गरेकी थिइन्। त्यसैगरी गरामनीस्थित दुर्गा मा.वि.का दृष्टिविहीन बालबालिका र चारपानेस्थित असहाय बालबालिकाको सहयोगार्थ ४-४ हजार रुपैयाँ प्रदान गरिएको थियो। स्थानीय लिटिल फ्लावर बोर्डिङ स्कुल, राज ज्वेलर्स, अप्सरा लेडिज कर्नरको आयोजनामा भएको उक्त कार्यक्रममा चलचित्र कलाकार सुनील थापा, पपगायक ओमविक्रम विष्ट तथा स्थानीय समाजसेवी राजकुमार पोखरेलको उपस्थिति थियो। डेविडले आगामी जेठ २१ गते राजधानीमा पनि असहाय बालबालिकाको शिक्षाका निम्ति सहयोग गर्ने उद्देश्यबमोजिम हेयर एन्ड मेकअप सेमिनार आयोजना गरिने बताए।

# चलचित्र




## माया नगर

मायाप्रेम विना हरेक व्यक्तिको जीवन नीरस र अधुरो हुन्छ। त्यसैले मानवजीवनलाई खुसी, सुखमय र सार्थक बनाउन कसै न कसैको माया चाहिन्छ। यद्यपि यही मायाका कारण कसैले अमूल्य जीवन र सुखी संसार नै त्याग्नुपर्छ, ऊमाथि सहनै नसक्ने चोट पर्छ वा विश्वासघात हुन्छ भने त्यस्तो माया गर्नुहुँदैन भन्ने सन्देश बोकेको कथानक चलचित्र 'माया नगर' को प्रदर्शन गत मंगलबारदेखि बुटवल, नारायणगढ आदि सहरमा शुरु भएको छ। पारिवारिक एवं सामाजिक विषयमा आधारित भएर नारी संवेदनालाई उजागर गरिएको चलचित्र 'माया नगर' का निर्देशक डेढ दशकदेखि अभिनय र निर्देशनको क्षेत्रमा क्रियाशील दीपक खाँण हुन्। दिलीप रायमाझी, रमित ढुंगाना, उषा पौडेल, नन्दिता केसी, सुशीला रायमाझी, रवि डंगोल, दावा शेर्पा आदि कलाकारले अभिनय गरेको यो चलचित्रमा राजेन्द्र खड्गीको द्वन्द्व, हिमाल घलेको संगीत, राजु शाह र प्रदीप श्रेष्ठको नृत्य तथा किशोर ढकालको छायांकन हेर्न पाइन्छ। चितवनका विभिन्न स्थानमा छायांकन गरिएको ए एन्ड डीके फिल्म्स प्रा.लि.को ब्यानरमा अर्जुन रसाइली र युसुफ खाँणद्वारा निर्मित चलचित्र माया नगरमा पाँचवटा गीत छन्।

## गुड ब्वाइ ब्याड ब्वाइ

एकताका सुपर हिट चलचित्रहरू निर्देशन गरेर चर्चा पाएका सुवास घई अब निर्देशक जन्माउन थालेका छन्। यश चोपडा जस्तो उनी हाल सफल चलचित्र निर्माता हुने दाउमा छन्। आज शुक्रबार सार्वजनिक हुन लागेको चलचित्र 'गुड ब्वाइ ब्याड ब्वाइ' का निर्माता सुवास घई हुन्। जबकि चलचित्रको निर्देशन अश्वीनि चौधरीले गरेका छन्। चलचित्रमा दुईजना नायक छन्- इमरान हासमी र तुषार कपुर। एउटै कलेजमा अध्ययन गरिरहेका यी दुई एउटा घटनापछि मिल्ने साथी हुन्छन्। जबकि दुवैको व्यवहार तथा बानीमा आकाश-जमिनको फरक छ। इमरान जीवनलाई हल्का रूपमा लिन्छन्। मोजमज्जा, युवतीहरू जिस्काउने, नशालु पदार्थ सेवन गर्ने इमरान कलेजमा 'ब्याड ब्वाइ' का रूपमा परिचित छन्। अरूसँग निहुँ खोजी झगडा गर्नु पनि उनको बानी भैसकेको हुन्छ। अर्कातर्फ तुषार कपुर अत्यन्तै सोझा हुन्छन्। डराउने, नशालु पदार्थबाट टाढा बस्ने, जसको कुरा पनि पत्याउने, पढाइमा भने मेहनत गर्ने स्वभावका तुषारलाई सहपाठीहरू 'गुड ब्वाइ' भन्छन्। उनीहरू क्रमशः नायिकाद्वय इशा सरवानी र तनुश्री दत्तासँग प्रेम गर्छन्। परेश रावलले पनि मुख्य भूमिका निर्वाह गरेको यो चलचित्र हास्यप्रधान छ जसमा हिमेश रेसमियाको संगीत सुन्न पाइन्छ।

## ट्वेन्टीएट विक्स लेटर

प्रविधि विकासका क्रममा मानिसले सकारात्मक काम मात्र होइन विनाशकारी काम पनि त्यत्तिकै गरिरहेको छ। कुरा हो, भाइरसको, प्रविधि विकाससँगै विभिन्न जीवाणुको असरले मानव जीवनलाई नकारात्मक असर पुऱ्याइरहेको हुन्छ। हलिउड चलचित्र उद्योगमा आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'ट्वेन्टीएट विक्स लेटर' ले यही विषयलाई उठाएको छ। चलचित्रमा एउटा ब्रिटिस टापुमा एक किसिमको जीवाणुले असर पुऱ्याएको देखाइएको छ। जसका विरुद्ध अमेरिकी सैनिक सक्रिय हुन्छन्। जीवाणुकै असरका कारण त्यो स्थानमा बसोबास गर्दै आएका नागरिकहरू विस्थापित भैरहेका हुन्छन्। उनीहरूलाई पुनर्स्थापन गर्न अमेरिकी सैनिकहरू सफल पनि हुन्छन्। साइन्स फिक्सन, फ्यान्टासी, थ्रिलर एन्ड सिक्वेल शैलीमा आधारित यो चलचित्रलाई जुएन कार्लोस फ्रेसनाडिल्लोले निर्देशन गरेका छन्। चलचित्रमा जेरेमी रेनर, हारोल्ड पेरिन्यु, जुनियर रोबर्ट कार्लीले, रोज वाइरन, क्याथरिन म्याककोरमाकले प्रमुख भूमिका निर्वाह गरेका छन्। लण्डनमा छायाँकन गरिएको यो चलचित्र रोमाञ्चक चलचित्र मनपराउने युवापुस्ताप्रति लक्षित छ।

# पोखरामा महको तहल्का



पोखरा– मञ्चमा महजोडी प्रस्तुत हुनेबित्तिक्कै दर्शकले जोडदार ताली पड्काए। पेट मिच्ने गरी हँसाउने चर्चित जोडीले कार्यक्रमको सुरुवातमा भने सुरिलो स्वरमा गीत गाए। जनआन्दोलन भाग-२ का विभिन्न दृश्य पृष्ठभूमिमा देखाउँदै महजोडीले गीत प्रस्तुत गर्दा दीपेन्द्रसभागृहको प्रेक्षालयमा शून्यता छाएको थियो।

केही क्षणको शून्यतालाई मेटाउन चर्चित गायिका कुन्ती मोक्तान मञ्चमा आइन्, तर दुर्भाग्य □ विद्युत् आपूर्तिका कारण उनले गीत पूरा गर्न सकिनन्। साउन्ड सिस्टम र बिजुलीको समस्याको विरोधमा दर्शकले चर्को होहल्ला गरे। तेस्रो प्रयासमा बल्ल कुन्तीले आफ्नो गीत पूरा गरिन्। स्थानीय गायक शैलेन्द्र गुरुङले पनि कुन्ती मोक्तानसँग युगल गीत गाएर आफ्नो धोको पूरा गरे।

नाचेर थाकेका दर्शक खित्का छाडेर हाँस्ने पालो आयो। हास्यकलाकार दीपक थापाले 'ए बा किन्देऊ न भटभटे' र 'म ट्राफिक प्रहरी' गीतमा व्यङ्ग्यात्मक नृत्य गर्दा सबै पेट मिचीमिची हाँसे। मह जोडीको अभिनन्दन शीर्षकको प्रहसनमा भने दर्शकहरू एकोहोरो हाँसिरहे। प्रहसनमा प्रहरीको ज्यादतीसँगै अहिलेको युगमा चोर-फटाहाहरूको उल्टै सम्मान हुँदै गएको कुरा ठटचौली पारामा प्रस्तुत गरिएको थियो।

प्रहसन 'श्राद्ध' पनि उत्तिकै व्यङ्ग्यात्मक र जोकोहीलाई पनि पेट समातेर हसाउने शैलीकै रह्यो। पोखरेली गायक दिलु गुरुङले आफ्नो चर्चित गीत 'कस्तो ठाउँमा फुल्यौ तिमी' गाएर दर्शकको मन राखे। उता सात वर्षीया बालिका प्रतिभा गुरुङले 'मै छोरी सुन्दरी' गीतमा नृत्य गर्दा दर्शक दंग परेका थिए। कार्यक्रममा हिमाली सांस्कृतिक परिवारका कलाकारहरूको आकर्षक नृत्यसँगै मजदुर पहलसिंहले स्याल, कुकुर र कुखुराको क्यारिकेचर गरेर मनोरञ्जन दिलाए।

कार्यक्रमको अन्त्यमा विदेशी महिला पर्यटकको भेषमा रिक्सामा गुडेर स्टेजमा आएका हरिवंश र रिक्सा चालक मदनकृष्णलाई देखेर सबै एकसाथ गलल हाँसे। दोहोरीका रूपमा प्रस्तुत यो प्रहसन कार्यक्रमकै सबैभन्दा आकर्षक पक्ष रह्यो। यो दोहोरीमार्फत नेपालको वर्तमान अवस्था अझै पनि अशान्त रहेको कुरालाई दर्साउँदै सरकारलाई खबरदारी गरिएको थियो। महले नेपालको आन्तिरिक मामिलामा बढ्दै गएको विदेशी हस्तक्षेपलाई रमाइलो पारामा प्रस्तुत गरेका थिए। झ्याप्प बिजुली गएपछि भने दर्शकले त्यो प्रहसन पूरा हेर्न पाएनन् र व्यवस्थापनको कमजोरी औंल्याउँदै दर्शकहरू सभागृहबाट बाहिरिए।

**–शिव शर्मा**

**तस्बिर : गणेश खड्का**

# सानो पर्दा



"**यसो** गरे कसो होला.... यसो नगरे कसो होला.....' यी दुई थेगो अहिले चर्चामा छन्। कान्तिपुर टेलिभिजन च्यानलमा शुक्रबार ९ बजे प्रसारण हुने टेलिश्रृङ्खला 'मदनबहादुर-हरिबहादुर'मा प्रयोग भएका यी थेगोलाई सर्वसाधारणले टपक्कै टिपेका छन्। हास्यटेलिश्रृङ्खलाहरूमा थेगो तथा उखान-टुक्काको जबर्जस्ती प्रयोग हुने क्रम बढिरहेको समयमा पनि यी थेगोलाई भने सर्वसाधारणले मन पराएका छन्। एक दशक लामो द्वन्द्वमा आधारित यो श्रृङ्खलामा हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठको भिन्न 'गेटअप' र भूमिकाले पनि दर्शकको मन खिच्न सक्छ। श्रृङ्खलामा १२ वर्षे जनयुद्धका क्रममा सर्वसाधारण जनताले पाएको दुःखको कथा निकै मार्मिक छ। त्यसैगरी सशस्त्र द्वन्द्वको समयमा जनतालाई दुःख दिन अवसरवादीहरूले गरेका कर्तुतलाई समेत श्रृङ्खलामा प्रस्तुत गरिएको छ।

**नेपाली** टेलिभिजनमा पहिलो पटक कान्तिपुर टेलिभिजनले पूर्ण रूपमा जादुको कार्यक्रम प्रसारण गर्न थालेको छ। उक्त च्यानलमा हरेक सोमबार राति साढे नौ बजे जादुगर साओलिन अर्थात् विजयजंग कुँवरले आफ्नो कला प्रस्तुत गर्छन्। जादुले असम्भवलाई सम्भव जस्तो देखाउन सकिन्छ भन्ने साओलिन क्यामेराहरूका साथ सडक, रेस्टुराँ, सपिङ कम्प्लेक्सजस्ता मानिसहरूको आवत-जावत हुने स्थानमा पुग्छन् र उनीहरूका सामुन्ने प्रत्यक्ष जादु देखाउँछन्। एक्सन च्यानलमा विश्वविख्यात जादुगर डेविड ब्लेनले प्रस्तुत गर्ने जादुकै शैलीमा प्रसारण हुने उक्त कार्यक्रमको शीर्षक 'आब्राका डाब्रा' राखिएको छ। ब्लेनबाट प्रभावित भैएक वर्षको अन्तरालमा जादु कला सिकेको कुरा साओलिनले बताएका छन्।

**इमेज** च्यानलमा हरेक दिन दिउँसो दुई बजे एक जना गायक/गायिका वा एउटै संगीत समूहको दुईवटा म्युजिक भिडियो एकपछि अर्को गरी प्रसारण हुने गरेको छ। हरेक दिन फरक गायक/गायिका वा संगीत समूहको म्युजिक भिडियो प्रसारण गरिने उक्त कार्यक्रमको शीर्षक 'डबल मज्जा' राखिएको छ।

**टेलिश्रृंखलाको** पनि फ्यान क्लब हुन सक्छ। यस्तो अवधारणा हाल कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको कोरियन टेलिश्रृंखला 'विन्टर सोनाटा' अर्थात 'हिउँदका प्रेमगीत'को नेपाली संस्करणका संयोजक अनोज शाक्यले ल्याएका छन्। हरेक बिहीबार राति नौ बजे नेपाली भाषामा प्रसारण भैरहेको उक्त श्रृंखला हेर्दै शाक्यद्वारा सञ्चालित 'सोनाटा फ्यान क्लब'को सदस्य बनेर धेरै फाइदा उठाउन सकिन्छ। स्वदेश भ्रमण, कोरिया भ्रमणजस्ता पुरस्कार जित्ने अवसरलगायत विभिन्न सामग्रीको खरिदमा छुटको सुविधा उक्त फ्यान क्लबका सदस्यहरूले पाउनेछन्। विश्वका बीसवटा भाषामा स्वराङ्कन भैसकेको उक्त कोरियन श्रृंखलामा एक जोडी प्रेमी-प्रेमिकाको कथा समेटिएको छ।

**हास्यकलाकार** राजन सिम्खडालाई उनको वास्तविक नामले भन्दा 'कुइरे' भनेर चिनिन्छ। पश्चिमी मूलका मानिसको अभिनय पर्यटन व्यवसायी सिम्खडाले जत्तिको अरूले गर्न सक्दैनन् भनिन्छ। त्यसैले पनि प्रहसनदेखि टेलिचलचित्रहरू सम्म जतातत्तै उनले त्यस्तो चरित्र निर्वाह गर्ने अवसर पाउँछन्। दुई वर्षअघि हास्यश्रृंखला 'तीतो सत्य'मा उनी 'कुइरे' चरित्रमा देखा परेका थिए। त्यसको केही समयपछि उनी अर्को चर्चित हास्यश्रृंखला 'मेरी बास्सै'मा पनि त्यस्तै चरित्रमा देखिए। अब उनी नेपाल टेलिभिजनकै अर्को चर्चित हास्य श्रृंखला 'जीरे खुर्सानी'मा पनि उस्तै चरित्रमा देखिन थालेका छन्।

## साताको स्वर



### आगन्तुक खरेल

**वनमा फुल्यो फूल .....रिमिक्स गर्दाको अनुभव कस्तो रह्यो ?**
प्रारम्भमा यो गीत लिँदा समस्या उत्पन्न भएको थियो, जुन अहिले समाधान भैसकेको छ। चलचित्र 'कसम' का लागि उदित नारायण, दिपा झा र आनन्द कार्कीले गाउनुभएको सुपरहिट गीतलाई आफ्नो संग्रहमा समावेश गर्नु नै मेरा लागि महत्त्वपूर्ण पक्ष थियो।

**वास्तविक गीत र अहिलेको रिमिक्स गीतमा के फरक छ ?**
'भोकल' एउटै प्याटर्नमा छ, तर रिमिक्स फास्टबिटमा खेलिएको छ। अहिलेको गीतमा र्‍याप मिसाइएको छ, जुन पहिलेको गीतमा थिएन।

**यो गीतबाट कस्तो आशा राख्नुभएको छ ?**
एल्बम बजारमा आएको धेरै नभए पनि अहिलेसम्म सोचेभन्दा राम्रो प्रतिक्रिया पाएकी छु।

**यो गीतका लक्षित दर्शक–श्रोता को हुन सक्छन् ?**
पुरानो चर्चित गीत भए पनि अहिले धेरैले बिर्सिसकेका होलान् भनेर नै रिमिक्स गर्ने योजना बनाएकी थिएँ। जसरी ओर्जिनल गीतलाई बालकदेखि वृद्धसम्म सबैले मन पराउनुभएको थियो, त्यसरी नै अहिले पनि सबैले मन पराउनुहुन्छ भन्ने आशा राखेकी छु।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
सबैले राम्रो भनेका छन्। मैले पनि सोचेभन्दा राम्रो भएको अनुभव गरेकी छु।

**डेढ** वर्षजति अघि 'रमाइलो छ साँझ' गीतले चर्चा पाए सँगै गायक अर्जुन कुमार पनि चचित भए। उक्त गीत चर्चित भएपछि संगीतकार सञ्जीव सिंहले त्यसलाई आफ्नो एल्बम 'अनप्लग'मा आफैंले गाएर समावेश गरेपछि भने अर्जुनकुमारको चित्त दुख्यो। त्यसपछि त्यही गीतका कारण विवाद पनि भयो। त्यसपछि हराएका अर्जुन गत साता फेरि उदाए। शुक्रबार राजधानीको न्युरोडस्थित एक रेस्टुराँमा उनी आफ्नो चौथो एकल एल्बम 'क्यालिबर'को विमोचन गर्दैथिए। विमोचन नौलो किसिमबाट गर्ने योजना उनको थियो। उद्घोषक सञ्जय बरालले साइबर संसार डटकम र फुर्सद डटकमका अभिनव कसजू र नीरज कोइरालालाई एल्बम विमोचन गर्न लगाए। साथमा एल्बमका कभर फोटोग्राफर तथा डिजाइनर अनिल स्थापितले एल्बमको आवरण सार्वजनिक गरे। इमेज च्यानलका कार्यक्रम निर्माण प्रमुख सहेन्द्र श्रेष्ठले डिभीको स्विच अन गरेर आलोक नेम्वाङले निर्माण गरेको म्युजिक भिडियो सार्वजनिक गरे। विमोचित एल्बममा राजु सिंह, सञ्जीव सिंह, सुरेश शाह, नीराजन उप्रेती, मोहित मुनाल र नवीन श्रेष्ठको रचना तथा संगीत सुन्न पाइन्छ।

-**गत** शुक्रबार राति ठमेलस्थित वर्षको उमेरमा दम रोगका कारण निधन भएको हो। हाल संगीतकार अधिकारी पनौतीको कुशादेवी गाविस गाउँको घरमा आमाको कृयामा छन्।

**आर्टोम्युज** प्रा.लि.ले साहित्य र संगीतसम्बन्धी समाचार संकलन गर्ने पत्रकारहरूका लागि 'सांगीतिक पत्रकारिताका लागि संगीत कार्यशाला' सञ्चालन गरेको छ।

**गायक** हेमन्त शर्माले 'जाली रुमाल' गाएर सुनाएपछि नेपालगन्जका गायक कन्हैया सिंहले स्थानीय क्षेत्रको वर्णन गर्दै 'नेपालगन्ज बजारैमा' सुनाए। हालै नेपालगन्जमा सम्पन्न लघु उद्योग मेलामा शर्मा र सिंहका अतिरिक्त लोकगायक राजु परियार र गायिका सिर्जना विरही थापाले आफ्ना लोकप्रिय लोकदोहोरी गाएर दर्शकहरूलाई नचाए। हास्यटेलिश्रृंखला 'जीरे खुर्सानी'का मुन्द्रे अर्थात् जितु नेपाल र भोक लाग्यो अर्थात् देवीराम पराजुलीले प्रहसन देखाए भने नृत्य कलाकारद्वय शंकर बीसी र अर्जुन बीसीले रमाइलो नृत्य प्रस्तुत गरे।

**गीतकार** जीवराज कुँवरको एकल संग्रह एल्बम 'समप्रयास'को विमोचन हालै एक एफ.एम. स्टेसनबाट गरियो। उक्त अवसरमा गत शनिबार राजधानीको एक रेस्टुराँमा एल्बम सार्वजनिक भएको जानकारी दिने कार्यक्रम सम्पन्न भयो। संगीतकार बिजु बज्रको संगीत कम्पनी बज्र क्रिएसनको पहिलो एल्बमका रूपमा सार्वजनिक भएको उक्त एल्बममा रविन श्रेष्ठ, सपनाश्री, दीपक खरेल, सृजना जोशी, ओमविक्रम विष्ट, प्रकाश श्रेष्ठ, जगदीश समाल, रघु शाह, गुरुदेव कामत आदिले स्वर दिएका छन् भने शक्ति बल्लभ, नारायण ओली, बिजु बज्र, राजु सिंह, किशोर गुरुङ, मनोहर सुनाम आदिले संगीत भरेका छन्। कार्यक्रममा गीतकार कुँवरले प्रत्येक एल्बमको बिक्रीबाट दस रुपैयाँ संकलन गरी अनाथ तथा वृद्धाश्रमलाई प्रदान गरिने कुरा बताए।

**अमेरिकावासी** गीतकार अनिता थापाले नयाँ गीतिएल्बम 'नीलो आकाश' बजारमा ल्याएकी छिन्। वरिष्ठ संगीतकार शम्भुजित बाँस्कोटाले न्युयोर्कमा उक्त एल्बमको विमोचन गरेका थिए। 'सुराही' पछि गीतकार थापाको यो दोस्रो एल्बम हो। यो एल्बममा जम्मा आठवटा गीत समाविष्ट छन्। एल्बममा गायिका सपनाश्री, साधना सरगम तथा गायक प्रितम राईले स्वर दिएका छन्। एल्बममा माया-प्रेमसँगै बिछोडका गीतहरू प्रस्तुत गरिएका छन्।

**आजभोलि** टेलिभिजन च्यानलहरूमा बज्ने एउटा एल्बमको विज्ञापनमा रेल गाडी तथा ठूलो नदीको दृश्य देखाइन्छ। गायक प्रमोद खरेल हालै भारतको गुवाहाटी र तेजपुरका स्थानीय कलाकारहरूसँग एक कार्यक्रममा सहभागी भै फर्किए। कार्यक्रमका क्रममा उनले उतै आफ्नो आगामी एल्बम 'सेन्टिमेन्ट्स'को विज्ञापन पनि छायाँङ्कन गरे। अब उनी केही समयपछि एल्बमको एउटा गीतको म्युजिक भिडियो पनि उतै बनाउने योजनामा छन्।

**गायक** मिग्मा शेर्पा पछिल्लो समयमा निकै व्यस्त छन्। एउटै एल्बमका तीनवटा गीत चर्चित भएपछि उनी यसरी व्यस्त भएका हुन्। छ महिनाअघि अमेरिका र क्यानाडाका विभिन्न कार्यक्रममा सहभागी भएर फर्किएपछि मिग्मा हरेक साता दुईदेखि चारवटा कार्यक्रममा व्यस्त भए। नयाँ वर्षयता मात्र उनी नौवटा कार्यक्रममा सहभागी भैसकेका छन्। कार्यक्रमहरूको प्रस्तावका कारण आगामी जेठमा पनि उनको व्यस्तता यस्तै रहनेछ। यसका साथै उनी एक महिनापछि बेलायत तथा दुबईका कार्यक्रमहरूमा भाग लिन त्यसतर्फ जाँदैछन्। एक वर्षअघि चर्चामा आएका गायक शेर्पा आफ्ना समकालीन गायकहरूमध्ये सर्वाधिक व्यस्त मानिएका छन्।

**आचार्य** दाजुभाइ सत्यराज र स्वरूपराज नयाँ एल्बम बजारमा ल्याउने तयारीमा छन्। आधुनिक गीतहरू संग्रहित उक्त एल्बमको शीर्षक 'म्युजिक' जुराइएको छ। हाल नेपाली ताराको उद्घोषणका साथै चलचित्र 'सैनिक', 'क्रसरोड्स' तथा 'इन्साफ'को संगीतमा व्यस्त यी दाजुभाइको उक्त एल्बम आगामी महिना मात्र विमोचन हुनेछ।

**नेपाली** संगीतमा अरबिक संगीतको प्रभाव बढ्न थालेको छ। कतारबाट फर्किएका गायक प्रकाश पौडेलले आफ्नो ताजा एल्बम 'साइको'मा अरबिक संगीतमा 'हबिबी मेरी प्यारी' गीत समावेश गरेका छन्। उक्त गीतको म्युजिक भिडियो सार्वजनिक भएलगत्तै चर्चित हिपहप समूह 'द युनिटी'ले पनि आफ्नो आगामी एल्बम 'व्याकरण अफ र्‍याप'का लागि अरबिक संगीतमा र्‍याप गीत तयार पारेका छन्। केही साताभित्रै सार्वजनिक हुने उक्त गीतको म्युजिक भिडियोको निर्देशन भूषण दाहालले गरेका छन्। नायिका ऋचा घिमिरेले अरबियन नृत्य गरेको उक्त म्युजिक भिडियोको गीतमा सुगम पोखरेल तथा आसिफ शाहले 'मेलोडिक भर्सन' गाएका छन्, जसको म्युजिक भिडियो यसै साता सार्वजनिक गरिएको छ।

**गीत** गाएर नाम कमाउन गाह्रो रहेछ भन्ने कुरा गायक सञ्जीव पुडासैनीले पहिलो गीतिसंग्रह बजारमा ल्याउँदा गर्नुपरेको कसरतबाट थाहा पाएको बताए। सान्तना रेकर्ड्सको प्रस्तुतिमा पुडासैनीको पहिलो गीतिसंग्रह 'संग्रह' अहिले दर्शक-श्रोतामाझ पुगिसकेको छ। 'मैले सांगीतिक फाँटमा आफ्नो बलियो उपस्थिति देखाउन अथक मेहनत गरेको छु,' पुडासैनीले भने- 'एकपटक सुनिदिन सबैसँग आग्रह गर्दछु।'

**गायक** रामभक्त जोजिजु आफ्नो प्रायः समय सांगीतिक क्षेत्रमै बिताउन रुचाउँछन्। जोजीजुको स्वरमा बजारमा आइरहेका गीतिसंग्रहले यसलाई पुष्टि गर्छ। वर्ष ६४ को आगमनसँगै उनको नयाँ गीतिसंग्रह 'चयन' केही समयअघि श्रोतामाझ आएको छ। रामभक्त र इतु जोजिजुको स्वर आबद्ध उक्त संग्रहमा ९ वटा गीत समावेश छन्। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त संग्रहलाई दर्शक-श्रोताले मन पराउने विश्वास जोजिजुको छ।

## आफबिट



नेपाली संगीतका नयाँ दिग्गजहरू : निमा रुम्बा, ओमविक्रम विष्ट, रामकृष्ण ढकाल तथा शम्भुजीत बासकोटा हातमा गिलासका साथमा।
तस्बिर : फुर्सद डटकम

## लाइभ शो

-पोखराको लेकसाइडस्थित न्यू जोकर डान्स प्यालेस रेस्टुराँमा हरेक साँझ नृत्य प्रस्तुत हुने गरेको छ। उक्त रेस्टुराँमा साँझ सात बजेपछि विभिन्न किसिमका नृत्य देखाइन्छ।

मरुन लञ्जमा गायक एड्रियन प्रधानको एल्बम 'बल्लाड'को विमोचन सम्पन्न भयो। विमोचन कार्यक्रमलाई संगीतमय बनाउन उक्त स्थानमा गायक प्रधानले एल्बममा समावेश आफ्ना गीतहरू पनि सुनाएका थिए। ड्रमरका रूपमा परिचित गायक प्रधान १९७४ एडी समूहका ड्रमर तथा गायक हुन्। दोस्रो एकल एल्बम बजारमा ल्याए पनि समूहमा उनको सक्रियता यथावत् छ।

-चलचित्र संगीतमा व्यस्त संगीतकार सुरेश अधिकारीलाई मातृशोक परेको छ। गत शुक्रबार उनकी आमा कोमल अधिकारीको ६४

## नजिकबाट प्रकाश ओझा



| | | |
|---|---|---|
| जन्ममिति | : | माघ २७ गते |
| घरमा बोलाउने नाम | : | प्रकाश |
| नामको अर्थ | : | उज्यालो |
| परिचय | : | कलाकार |
| जन्मस्थान | : | इटहरी, सुनसरी |
| रुचि | : | भ्रमण, अध्ययन |
| पहिलो गीत | : | झ्यानापुल्टुङ |
| पहिलो एल्बम | : | झ्यानापुल्टुङ |
| पहिलो चर्चित गीत | : | सोल्टिनी नानी |
| प्रकाशित एल्बम | : | ६ वटा |
| सांगीतिक गुरु | : | भोला राई, कुलेश्वर राई |
| पहिलो प्रेम | : | संगीत |
| नजिकका साथी | : | यशकुमार, प्रकाश पौडेल, नारद खतिवडा |
| पहिलो बाजा | : | हार्मोनियम |
| मनपर्ने परिकार | : | नेपाली परिकार सबै प्रकारका |
| मनपर्ने रंग | : | रातो, कालो |
| मनपर्ने पहिरन | : | जिन्स |
| मनपर्ने मौसम | : | हेमन्त |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | पढ्ने, लेख्ने |
| मनपर्ने गीत | : | भाव संगीत, सुफी |
| रिस उठेको बेला | : | रिसाउँछु |
| मनपर्ने आफ्नै बानी | : | धैर्यवान् छु, आत्तिन्नँ |
| सबैभन्दा बढी माया | : | परिवारलाई |
| पहिलो चुम्बन | : | ....? |

## चिनियाँ संगीतले तान्यो पोखरा

पोखरा- हामीले नेपाली कलाकारहरूको सांगीतिक प्रस्तुति त नियमितजसो हेर्दै आएकै छौं, तर आफ्नै भूमिमा विदेशी कलाकारको सांगीतिक प्रस्तुति हेर्ने र सुन्ने अवसर भने कमै मात्र पाएका छौं। गएको साता भने पोखरेलीहरूले विदेशी गीत र संगीतको स्वाद चाख्न पाए। त्यो स्वाद चखाउन चीनबाट कलाकारहरूको एउटा समूह यहाँ आएको थियो। सबैभन्दा पहिले स्टेजमा प्रकट भए चीनका प्रसिद्ध संगीतज्ञ तथा कम्पोजर वियन लिउनियन। पसिनाले निथ्रुक्कै भएका लिउनियनले एकोहोरो प्रस्तुत गरेको मिठासपूर्ण र लोकप्रिय चिनियाँ संगीतबाट पोखरेलीहरू मन्त्रमुग्ध भए।

सारंगीको न्याइँन्याइँ र गितारका साथमा स्थानीय कलाकारले उनलाई साथ दिएका थिए। सारंगीको सम्मिश्रणले उनको धुनलाई अझ वियोगान्त बनाएको थियो। साँझको समयलाई उनको संगीतले अझ शान्त र शालिन तुल्याएको थियो, तर उनले अन्त्यमा प्रस्तुत गरेको हर्स रेस पर्फर्मेन्सले भने सबैलाई जुरुक-जुरुक बनायो, जसमा उनले वन्स मोर पनि पाए।

चिनियाँ गायिका मिस वाङ यानका गीतको शब्द नबुझे पनि लय र संगीतलाई आत्मसात् गरेर संगीतपारखीहरूले मिठासको अनुभूति गरे। संगीतको धुनमा लट्ठ भएका एक पर्यटन व्यवसायी भन्दै थिए- 'संगीतको धुन त गजबै लाग्यो।'



तस्बिर : लक्ष्मीप्रसाद डटकम

पोखरा भ्रमण वर्ष- २००७ र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रमको अन्त्यमा अर्की चिनियाँ गायिका गुल्कीसती पनि प्रस्तुत भइन्। चिनियाँ कलाकार टोलीलाई सारंगीवादक श्याम नेपाली एवं गिटारिस्ट हरि महर्जनले साथ दिएका थिए।

–शिव शर्मा

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



मध्यरात थियो, लोग्ने खाटमा छुक-छुक गरेको देखेर स्वास्नी : हैन, नसुतेर किन छुकछुक गरिरहेको भन्या ? खुरुक्क निदाउनु नि ।

लोग्ने : म सुत्न सक्दिनँ क्या, बल्ल त उठ्ने बेला भयो जस्तो छ ?

स्वास्नी : उठ्ने बेला भयो रे, किन ?

लोग्ने : छोरो निदायो जस्तो छ ।

०००

एक विवाहित महिला डाक्टरसँग : डाक्टरसा'ब, मेरो श्रीमान् मलाई बौलाही सम्झन्छन्, किनभने मलाई केरा एकदम मन पर्छ ।

डाक्टर : तपाईंलाई केरा खान मन लाग्दैमा किन बौलाही सम्झनुपर्‍यो नि ? केरा त मलाई पनि मन पर्छ ।

महिला : खुसी हुँदै, ए साँच्चै हो, त्यसो भए तपाईं मेरो घर आउनुपर्‍यो, मैले आज बिहान मात्र तीन ट्रक केरा किनेकी छु ।

०००

एक जना मानिस आफ्नो डाक्टर मित्रसँग : हैन, तँ किन सधैं बिरामीहरूसँग अन्तमा के खानुहुन्छ भनेर सोध्छस् हँ ।

डाक्टर : ल, उनीहरूले घरमा के खान्छन् भनेर थाहा पाउनु आवश्यक छ नि, त्यसपछि त थाहा हुन्छ मैले उनीहरूको बिल कति लेख्ने भन्ने कुरा ।

०००

मोहनको गाला रातो भएको देखेर जितुचाले साधेछ : मोहन, तिम्रो गाला किन आज यस्तो रातो ?

मोहन गाला छाम्दै : एकछिनअघि मात्र मेरो गर्लफ्रेन्डले म्वाइँ खा'को नि ।

जितुचा : अनि म्वाइँ खाँदैमा गाला त्यस्तो रातो हुन्छ त ?

मोहन : म्वाइँ उसको ओठले हो त, हातले खाएको नि, त्यसैले रातो भा' नि ।

०००

घर-घर चहार्दै भ्याकुमक्लिनर बिक्री गर्ने एक व्यापारीले दिनभरि घुम्दा पनि एउटै भ्याकुमक्लिनर बेच्न नसकेपछि अब एउटा घरमा चाहिँ जसरी भए पनि भ्याकुमक्लिनर भिडाउने विचार गरेछ । साँझ पर्न लागेको थियो । ऊ एउटा अन्तिम घरमा गएर ढोका ढकढक्याएछ । केही बेरपछि एउटी गृहिणीले घरको ढोका खोलिन् । ढोका खोल्नेबित्तिकै व्यापारीले हत्त न पत्त भित्र छिरेर त्यो घरको गलैंचामा गोबर छरिदिएछ ।

व्यापारीको त्यस्तो ताल देखेर गृहिणीले छक्क पर्दै सोधिछन् : यो के गर्नुभएको तपाईंले ?

व्यापारी : ल अब हेर्नुस्, यो मैले ल्याएको भ्याकुमक्लिनरले पाँच मिनेटमा तपाईंको गलैंचा सफाचट गरेन भने म यो गलैंचाको सबै गुइठा चाटेर सफा पारिदिन्छु । व्यापारीको कुरा सुनेर गृहिणी नम्र हुँदै : त्यसो भए तपाईं गुइँठा केसँग खान रुचाउनुहुन्छ ? पानीसँग कि टोमेटो केचपसँग ?

व्यापारी अकमक्किँदै : किन र ?

गृहिणी : यो भर्खर मात्र बनाएको घरमा बिजुली नै जडान भएको छैन ।

## कविता

### अनर्थ जीवन

एकान्तमा कल्पिरहेँ एकनास हेरिरहेँ
जीवनको अर्थ खोजेँ जिउँदो लास सरी भएँ
मलाई मात्र हो कि यस्तो भगवान्‌सँग प्रश्न सोधेँ
भगवान्‌कै दर्शन पाइन निर्जीव ढुंगा पुज्न पुगेँ
एकबारको जीवन जिउन दस थरीको खेल यहाँ
तर मलाई आउँछैनथ्यो त्यही खेल खेल्न जहाँ
त्यसैले त बाँच्नुभन्दा मर्न निको सम्झिरहेँ
तर काल कहाँ आउँछ र ☐ आर्यघाटमा पर्खिरहेँ ।

– सरु शेरचन

### यात्रा

प्रभातमा जन्मन्छ मान्छे
झुल्के घामसरी
उज्यालो सुख, अँध्यारो दुःख
भोग्छ जीवनभरि
यात्रारूपी जिन्दगी हाम्रो
जीवनका अनेक रूप
बालक, युवा, वृद्धा सबै
मान्छेका शरीरका रूप
मनले सोची शरीरले हिँडी
मान्छे यात्रा गर्छ
यो संसारमा दुई किसिमले
मान्छेको यात्रा हुन्छ
हाँस्छ खेल्छ रमाउँछ
उमेर रहेसम्म
बूढो भई हात-पाउ नचले
घरमै बस्छ डम्म
काल्पनिक यात्रा गर्छ
घरमै बसीबसी
देखेका भोगेका घटनाको
विवरणको मूठो कसी
यो संसारमा मान्छे साँच्चै
अवश्य नै एक दिन मर्छ ।



– पद्मा सिटौला


### एक प्रश्न

उपेक्षा गर्‍यौ किन हाँसेर मेरो प्रीत ?
दुनियाँको बाधा भयो बाँचेर मेरो प्रीत
मर्न लाग्या जिन्दगीलाई आशा दिई बचाएर
अनिकालको बिज भयो साँचेर मेरो प्रीत
दुःखिएर मेरो मन कसैको जीवन बन्छ भने
खुसीसाथ दिन्छु म त भाँचेर मेरो प्रीत
कसैलाई के मिल्छ र ?
छियाछिया मुटु पारी
मरेको फर्कन्न त्यो जाँचेर मेरो प्रीत
कदापि मेटिन्न लेखिएको तिम्रो नाम
सयौं प्रयास गर जान्न मेरो प्रीत
उपेक्षा गर्‍यौ किन हाँसेर मेरो प्रीत
दुनियाँको बाधा भयो बाँचेर मेरो प्रीत ।

– श्यामसुन्दर

## जीवनको गोरेटो

### साथीको पवित्र प्रेम



मेरो साथी उमेशले कक्षा ८ मा पढ्दादेखि शिला (नाम परिवर्तन) लाई मन पराउन थालेको थियो । शिला पनि उसलाई माया गर्थिन् । उमेश मेरो ज्यादै मिल्ने साथी भएकाले म उनीहरूको मायामा भ्याए र जानेसम्म सहयोग गर्थें ।

सिंगो समाजले मप्रति कुनै शंका गरेन । किनभने म पढाइमा राम्रै गनिन्थेँ र व्यावहारिक, सोझो र नडुल्ने भएकाले मसँग शिला र उमेश भेट्न आउने र म माध्यम बन्ने कुरा कसैको सुइँकोभन्दा बाहिर थियो । त्यसैले कहिले उमेश सिक्ने बहानामा शिलाका लागि खबर लिएर आउँथ्यो त कहिले शिला... बाहिरबाटै... 'यो हिसाब त आएन... भीम छ ?' भन्दै मेरो घर आउँथी । कहिलेकाहीं मेरा बुबाआमाले, 'कति आउनुपरेको उमेश र शिलालाई' भन्दा उमेश रातो मुख बनाउँथ्यो । शिला डराउँथिन् र दुवै मेरो मुखमा हेरी आँखाले प्रश्न गर्थे, 'भन्यौ र हाम्रो बारेमा ?'

एसएलसी पनि आयो । उनीहरू पनि अध्ययनमा व्यस्त थिए, मजस्तै । उनीहरूको प्रेमका बारेमा गाइँगुइँ-गाइँगुइँ हल्ला चलिसकेको थियो गाउँमा । मलाई ती हल्लाको केही मतलब थिएन न त उनीहरूलाई नै । उनीहरूको माया छहराझैं निश्चल रूपमा बगिरहेको थियो, हृदयको कुनाकुनामा जरा फिँजाएर ।

एसएलसीमा तीनैजना उत्तीर्ण भयौं । शिला दिदीसँग बसेर पढ्न पोखरा गइन् । म र उमेश गाउँकै उच्च माविमा पढ्न थाल्यौं । पोखरा गएदेखि शिला फर्केर गाउँमा आइनन्-सायद दिइएन होला । मलाई याद छ- बिदा हुने बेलामा शिला र उमेश आँखा रातो हुन्जेल रोएको... उमेश त्यसपछि कति दिनसम्म भोगै बसेन रे ।

उनले चिठी पठाइन्- त्यसपछि भेट्न गयौं हामी दुवै । भेट भयो र उनले दोस्रो वर्षको परीक्षापछि घर आउने र उमेशसँग विवाह गर्ने वाचा गरिन् र रुँदै दुवै छुट्टिए । उनीहरू भेट भएको कुरा उनका दिदी-भिनाजुलाई थाहा भएकाले उनलाई अर्कै क्याम्पसमा सारिएको कुरा उमेशले मलाई भनेको थियो ।

फागुनमा शिलाको विवाह दार्जीलिङमा भयो भन्ने कुरा सुनियो । उमेश गोली लागेको घाइतेझैं छट्पटाइरहेको थियो । ऊ जलिरहेको थियो, उसलाई शीतलता दिने हिमाल थिएन यो पृथ्वीमा । ऊ मसँग कम बोल्न थाल्यो । अब उसका आँखा रसाउन छाडेका थिए, ओठ कलेटी परेका थिए भने कपाल जिडरिङ्ग । उसलाई कसैको परवाह थिएन– समाज, आमाबाबु..., ऊ प्रेममा बहुलाएको जस्तो लाग्थ्यो । ऊ अब एक्लै बाँच्न चाहन्थ्यो । उसका आमाबुबा सोध्न आउँदा शिलाकै कारणले त्यस्तो भएकाले विवाह गरिदिने सल्लाह गरें उनीहरूसँग ।

विवाह गर्ने कुरा चल्यो तर ऊ एक रात मकहाँ आएर आफू यहाँ नबस्ने, कतै जाने..., मन शान्त भएपछि फर्कने कुरा गर्न थाल्यो । उसले आँसुसँगै मुछेर पस्किरहेको थियो आफ्ना व्यथाहरू । त्यसैले आँखाबाट पानी आएको थिएन । बेलाबेलामा गला भरिएर उसका शब्दहरू अस्पष्ट हुन पुग्थे । मैले उसलाई गाली गरें, सम्झाएँ, 'तेरो भाग्यमा नै थिइन शिला... ।' उसले निधारतिर आएको कपाल पन्छाउँदै, 'हो त हगि, ठूलो निधार छ, खुब भाग्य छ भन्थे..., लेख्ने बिर्सेछ भावीले' भनेको मेरो मनमा गडिरहेको छ । मैले सम्झाउने लाख प्रयास गरे पनि ऊ आफ्नो विचारमा अडिग थियो, सम्झाउने शब्द सकिए । त्यसपछि उसले मसँग ५ सय रुपैयाँ माग्यो, मैले दिएँ । पर्समा राख्दै 'कहिले आउँछु ? दिउँला..., नभए घरमा मागेस् है...' मेरा आँखाबाट आँसु खस्न थाले । त्यो रात हामीले ननिदाई काट्यौं ।

अर्को दिन भाले नबास्दै ऊ र म ओरालो लाग्यौं । घरबाट हिँजै बिदा मागेको रे । म उसलाई बससम्म पुर्‍याउन गएँ । बाटोमा हामी बोलेनौं..., केवल रोइरहयौं... । उसलाई पर्ने पीडा त मलाई थिएन तर सानैदेखिको साथी..., गन्तव्यहीन यात्रामा हिँडेको छ..., हे ईश्वर..., मेरो मन रोइरहेको थियो । 'उमेश चाँडै आइज है' मैले भनें..., ऊ बोल्न सकेन..., बस आयो..., रोक्ने इसारा गर्‍यो..., रोकियो, मेरो मुटु ढुक्क फुल्यो..., बसमा चढ्यो, मतिर पनि फर्केन... । बसलाई हेरिरहें..., झिसमिसे नै भएकाले बसको पछाडिको बत्ती देखुन्जेल हेरिहें..., देखिन छाड्यो..., घाइते सिंहझैं छट्पटाउँदै घर फर्किएँ ।

आज ऊ गएको पनि तीन वर्ष पुगिसकेको छ । मेरा र उसका आमाबुबाका आँखाले ऊ आउने बाटो हेरिरहेका छन् । ऊ आउँछ..., अवश्य..., दार्जीलिङ भासिएकी शिला पनि आउँछिन्..., आएर सोधिन् भने गर्ने ? अब यी आँखाले म मृत्युशैयामा छट्पटाइरहेको बेलासम्म भए पनि एकपटक शिला र उमेशलाई देख्न पाऊँ... ।

–भीम

## लघुकथा

### पत्रिकाको समाचार

तपाईंलाई थाहै होला, एउटा मन्त्रालयको कार्यालय सचिवको जिम्मा सधैं एउटै व्यक्तिले पाउँछन् । उनको कतै सरुवा पनि हुँदैन, कसैले स्पष्टीकरण पनि सोधेको थाहा छैन । उनी मेरै टोलका व्यक्ति भएकाले म उनको व्यक्तित्वदेखि प्रभावित छु । त्यसमाथि कहिलेकाहीं मसँग भेट हुँदा पनि उहाँ सन्चो बिसन्चोपछि एकैपटक बालबालिका अधिकारबाट वञ्चित भएका तथा महिला हिंसाबाट देश आहत भएको कथा सुनाउन थाल्छन् । सरकारी जागिरे भए पनि आफ्नो कामप्रतिको यो चिन्ता मेरा लागि अनुकरणीय छ । केही दिनअघि एउटा राष्ट्रिय दैनिकमा उनको अन्तर्वार्ता छापियो । कुरा तिनै महिला हिंसाको विरोध तथा बालअधिकारका पक्षमा थियो । उनले फोनबाट उक्त पत्रिका हेर्न अनुरोध गरेका थिए । मैले बिहानै पत्रिका पढेको सुनेर उनी खुसी भएका थिए ।

आज तिनै व्यक्तिको अनौठो खबर त्यही छापामा पढ्न पाइयो । घरमै काम गर्ने एउटा बालकसँग दुर्व्यवहार गरेको भनेर बालअधिकार संरक्षण मञ्चमा जाहेरी परेको रहेछ । पत्रिकाले उनका बारेमा अनुसन्धान गर्दै जाँदा बालबालिकाको क्षेत्रमा काम गर्ने एउटी महिलालाई विवाह गरेर भिन्दै घरमा राखेको फेला परेछ । समाचारसँगै आर्थिक अनियमितताका घटना पनि प्रकाशित भएको थियो । समाचार पढेर मलाई निकै चिन्ता लाग्यो । यस्तो अनुकरणीय व्यक्तिको यस्तो समाचार पढेपछि चिन्तित हुँदै मैले उनलाई फोन गरें । उनले पत्रिकालाई गाली गर्दै भने, 'पत्रकार भनेका कामै नलाग्ने । बुझ्नुभयो, अर्काले गरेको वर्षौंको योगदानलाई केही हजार रुपैयाँ दिएन भनेर छाप्छन् । यस्ता कामै नलाग्ने समाचार किन पढ्नुहुन्छ ?'पत्रकारलाई पाँडे गाली गर्न थालेपछि मैले थाहा पाएँ– मैले आदरणीय मानेको मानिसको हैसियत के रहेछ ?

–अशोक लामा


ग्यारेन्टी उपचार
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
विदेशको सफलता पछि स्वदेशमा लोकप्रिय
No Side effect, 100% Guarantee
4672065, 2084130

AXIS MEDIA
उद्घोषण
Exam दिएर बसेकाहरूलाई विशेष उद्घोषण तालिममा
धमाधम नयाँ कक्षा संचालन भैरहेको छ ।
प्रमुख प्रशिक्षक RJ/VJ
• कुसुम बज्राचार्य
• नरेश भट्टराई
• महिमा भट्टराई
• शिरोमणि ढकाडी
• दिपक समिर
• रिता लिम्बु
• विनोद खड्का
• दिनेश दुलाल
थुप्रै R.J./V.J. उत्पादनको विश्वासिलो नाम
आफ्नै F.M को कार्यक्रम चलाउने 100% ग्यारेन्टी
Axis Media & Entertainment
Bagbazar, Kathmandu
Tel.: 2331656
Visit us: www.axismedia.com.np
१०००/- छुट सहित

इजरायल/कोरिया
के तपाईं इजरायल तथा कोरिया जाँदै हुनुहुन्छ ? यदि जाँदै हुनुहुन्छ भने हिब्रु भाषा/कोरियन भाषा सिकी दक्ष भई जानुहोस् ।
हाम्रा सेवाहरू :
१. हिब्रु (Hebrew) भाषा, कोरियन भाषा, तथा अंग्रेजी भाषा तालिम ।
२. केयर गिभर, House Keeping, Nursing तथा Orientation तालिम ।
३. Cook/Waiter तालिम ।
सम्पर्क: पाइथागोरस एकेडेमी
प्रदर्शनीमार्ग, पुतलीसडक, काठमाडौं, फोन : ४२६०६३२




राजसँग ११ वर्ष पहिले परिचय भएको थियो। सम्बन्ध घनिष्ठ रह्यो। मेरो घर भोजपुर जिल्लाको किमालुङ-१ मा पर्छ। म हाल मलेसियामा छु। विदेशमा बस्दा पुराना साथीहरूको असाध्यै सम्झना आउँदो रहेछ तर सम्पर्क छैन। तपाईंले tulatimilsina@hotmail.com मा इमेल पठाउनु भए सम्पर्क हुनेछ।

**निमा शेर्पा**

प्यारी काली, मेरी मुटुकी धड्कन, अविरल माया अनि आ□नो अमर मायाको कामनाका साथ सुख-शान्तिको शुभकामना।

**सत्य थापा**

आरती, जन्मोत्सवको मंगलमय शुभकामनाका साथै उत्तरोत्तर प्रगति तथा दीर्घायुको कामना।

**जय**

ए केटा-केटी हो, किन मेल नगरेको ?

**nabinl@yahoo.com**

कमला, तिमी ढिलो भयो काठमाडौं आउन। मैले भनेका कुराहरू सम्झिएकी हौली। चाँडै आऊ ल, काठमाडौं आउने बेलामा मलाई फोन गर। फोन डायरी तथा मैले भनेको सामान पनि लिएर आउनु, यता आएपछि सबै कुरा भनुँला। पहिले मैले तिमीलाई के भनेको थिएँ त्यही अनुसार गर्नुपर्ने हुन्छ, त्यसैले चाँडोभन्दा चाँडो काठमाडौं आऊ।

**ozone_ray2006@yahoo.com**

डी., कसरी बित्दै छ तिम्रो त्यो अमूल्य समय ? म त खाली तिम्रै सम्झनामा समय बिताउँदै छु। आज-भोलि त खाली तिम्रै मात्र याद आउँछ तर पनि भेट्न नसकिने विवशतालाई सामना गरिरहेको छु। तिमीसँग फोनमा कुरा गर्दा पनि सारा दुःख टाढा भए जस्तो लाग्छ। फोन गर अनि आफ्नो अध्ययनमा ध्यान देऊ।

**वाई.आर.ए.**

सीता, तिमीलाई प्रेम कस्तो लाग्छ अनि प्रेम के हो भनी सोध्थ्यौ। प्रेम दुई दिनको रङ्गमञ्च नै रहेछ, त्यसैले नै मेरो प्रेम कुल्चन खोजेकी, सायद मैले सुनको हार, पैसाको महलमा सजाउन नसकेर नै होला यस्तो दुष्प्रयास गरेर नै यो निर्णय गरेकी ? मलाई त यस्तै गर्‍यौ भावीलाई नगर, तिमी हाँसी-खुसीका साथ दिन बिताऊ। यदि मिल्ने भए फोन गर।

**गणेश**

के रे ? मैले कपाल स्ट्रेट गरेको मन परेन रे ? त्यो कुरा त तिमी सीधै मलाई भन्न पनि त सक्थ्यौ। गिरिशलाई भन्नुपर्ने जरुरत नै थिएन। ठीक छ, आजै म गएर कपाल काटेर आउँछु। एकपटक सीधै भनी त हेर म तिम्रा लागि जे पनि गर्न सक्छु। बरु बेलुकि पाँच बजे हाम्रो जंक्सनमा भेटौं न है ?

**बी.**

कलेजको क्यान्टिनमा भेट्दा मुसुक्क हाँस्ने, कक्षामा भेट्दा हाई भन्ने, साथी भाइहरूसँग हुँदा मात्रै बोल्ने, अरू बेला वास्ता नगरे झैं गर्ने, केश खैरो बनाएकी 'एन' लाई मसँग मित्रता गाँस्न आग्रह गर्दछु र आज क्यान्टिनमा सँगै एक कप कफी पिउन निम्तो पनि।

**सन्दीप**

एस., तिमी कसको कुरा सुन्दैछौ। आज-भोलि त वास्ता गर्न पनि छाड्यौ। तिम्रो नाममा दर्ता भएको सिमकार्ड मलाई तिमीले नै दिएकी हौ। अहिले त्यो मान्छेको कुरा सुनेर लाइन काटिदिइछौ। सयौं पटक फोन गरिसकें, रिसिभ पनि गर्दिनौ। एक पटक त मेरो कुरा सुन।

**जी.**

# सोई-साई ला हो हुर्रा हा.हा.

*ए ठूली□ए ठूली□*
*लाऊँ माया आजै दिल खोली*
*दाइ कान्छा दाइ कान्छा*
*लाऊँ माया भन्छु जाइजान्छ।*

यही शैलीको गीत गाउँदै किराँत बस्तीहरू यतिखेर नाचमा रमाइरहेका छन्। ढोल र झ्याम्टाको तालमा एक-अर्कामा गोडाको चाल मिलाउँदै हातमा चौंरीको पुच्छर 'चमर', सिलिमी र स्याउली हल्लाउँदै किराँती मात्र होइनन्, गैर-किराँतीहरू पनि साकेला सिलीमा व्यस्त छन्। प्रकृतिपूजक किराँत वंशका राई र सुनुवार जाति पितृ पूजाका रूपमा मरेका मानिसहरूको स्मृतिमा वर्षमा दुईपल्ट पन्ध्र-पन्ध्र दिन साकेला सिली नाच्छन्।

वैशाख पूर्णिमाका दिन प्रारम्भ भएको अहिलेको साकेला सिलीलाई उधौली भनिन्छ। मङ्सिरे पूर्णिमादेखि पन्ध्र दिनसम्म नाचिने साकेला सिलीलाई उभौली भनिन्छ। यो नाचलाई धेरैले 'चण्डी नाच' पनि भन्ने गरेका छन्। यो नाचलाई चाम्लिङ राई भाषामा 'साकेला सिली' भनिएको हो। साकेला भन्नाले 'नाच' हो भने 'नाच्ने शैली' सिली। कुलुङ राई 'साकेनुवा' र बान्तावा राई 'साकेवा' भन्छन् भने सुनुवारहरू 'फोल स्याँदर' भन्छन्। अन्नबाली लगाउने र पाकेको बाली भित्र्याउने समयमा गाउँ-बस्तीमा यो पर्व धूमधामसँग मनाइन्छ। विधिवत् रूपमा साकेला थान र चुल्होमा अदुवा र जाँड चढाई पूजा-प्रार्थना गरेपछि नाच सुरु हुन्छ। यसपालि किराँतकालीन मन्त्री बुद्धिकर्ण राईको विजयपुरस्थित दरबारमा पूजा-प्रार्थना गरी धरानका राईहरूले साकेला सिली सुरु गरेका छन्।

के वृद्धा ? के तन्नेरी ? के बालक ? किराँत बस्तीमा बसोबास गर्ने सबैलाई चण्डीको आकर्षणले झुलाइरहेको छ। राम्रोसँग उभिन सक्ने बालकदेखि वृद्धसम्म गोलाइ बनाएर ढोल र झ्याम्टाको तालमा मस्त नाचिरहेका भेटिन्छन्। युवायुवती त जोडी बाँधेरै नाच्ने योजनामा साकेला आउँछन्। विगतमा माओवादीको सशस्त्र आन्दोलन तथा तत्कालीन सरकारले जारी गरेको संकटकालले गर्दा चण्डीको रौनक सुस्ताएको थियो, तर गत वर्ष लोकतन्त्रको प्राप्तिसँगै यो नाच रातभरि पनि नाच्न थालिएको छ। यस पटक साकेला सिलीमा दिउँसो चाँडै काम सिध्याएर साँझपखदेखि मध्यरातसम्म नाच्नेहरूको बाहुल्यता छ।

सबैभन्दा बढी १८ हजार जनसंख्या रहेको राई जातिले धरान नगरपालिकालाई चण्डीमय बनाएका



छन्। यहाँका बुद्ध चौक, रत्न चौक, दीपेन्द्र चौक, मंगलबारे चौक, चतरालाइन, अमरहाट, मिलन चौकमा प्रत्येक दिन हजारौं युवायुवती नाचिरहेका हुन्छन्। ढोल र झ्याम्टाको आवाजले अहिले धरान नै गुञ्जायमान हुँदै आएको छ। सबै जातिले नाच्न थालेपछि मौलिकता बचाउन किराँत-राई यायोख्खा सक्रिय रहेको सुनसरी जिल्ला उपाध्यक्ष शुभचन्द्र राई बताउँछन्। पूर्वी नेपालमा साकेला सिली लोकप्रिय बनेको छ। 'चण्डीको नाच्ने शैली सहज र आकर्षक छ,' -सात वर्षयता नियमित चण्डी नाच्दै आएकी युवती कल्पना बस्नेतले बताइन्। 'सानैदेखि नै बर्सेनि चण्डी नाच्दै आएकी छु,' -अर्की युवती नीलिमा लिम्बू भन्छिन्। यो नाचको मोहले युवा पुस्तालाई तानेको छ। उनीहरू यही समयमा परम्परागत पहिरन र वेशभूषा पनि खरिद गर्छन्। गीतलाई आफ्नै ढाँचामा गाउन सकिने हुनाले पनि युवा पुस्ता दंग छ।

राईका करिब ३२ थरमा यो नाचको २ सयभन्दा बढी शैली रहेको अनुमान छ, तर धेरै शैली लोप भैसकेको जानकारहरू बताउँछन्। यो नाचको वापा र वामा शैली अहिले प्रचलित छ। चराचुरुङ्गी उड्ने, धनुषवाण हान्ने, कुखुरा-भालेले भुइँ खोस्रने तथा कृषि युगको झल्को दिलाउने जंगल फाँडेर अन्नबालीको बीज रोप्ने, गोड्मेल गर्ने, काट्ने, छाँट्ने, टिप्ने, हम्काउने, थन्क्याउने, घर लाने हाउभाउमा नर्तक-नर्तकीहरू चण्डी नाच्छन्।

तेह्रथुम, पाँचथर र संखुवासभाका राईहरू उभौली उल्लासमय रूपमा मान्छन् भने सुनसरी, मोरङ, झापा, धनकुटा, ओखलढुंगा, खोटाङ, भोजपुर, उदयपुरका राईहरू उधौली धूमधामसँग मनाउँछन्। किराँत-राई योयाख्खाले धरानमा बर्सेनि यो नाचको प्रतियोगिता नै आयोजना गर्दै आएको छ। असिनपसिन हुँदै चर्को घामलाई तिलाञ्जली दिँदै गुन्यू-चोलीमा युवतीहरू तथा दौरा-सुरुवालमा युवकहरू नचिरहेको दृश्यलाई यो बेला सामान्य रुपमा लिइन्छ।

*सिन्कौली स्याउली भाँचिजाऊँ*
*साकेला सिली नाची जाऊँ*
*सोई-सोई ला हो हुर्रा हा.हा.*
*सोई-सोई ला हो हुर्रा हा.हा.।*

**-राजु घिसिङ**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेका लागि Waiter, Housekeeping वा English Language FREEमा
ModernManagement Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

विशेष छुट सहित ब्युटिसियन तालिम
नेपाल सरकारबाट मान्यता प्राप्त, NGO को सहयोगमा सञ्चालित, वरिष्ठ ब्युटिसियनहरुद्वारा प्रशिक्षण दिइने Basic, Advance, Diploma र Special कोर्षहरु सञ्चालन हुँदैछ। SLC दिएर बसेका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिइनेछ।
सम्पर्क :
New CBTC, महाराजगञ्ज, चक्रपथ चोक, पेट्रोल पम्पसगै फोन : २०८०५५२
मोवाइल : ९८५१०६९९४४

मोबाईल तालिम
मोबाईल फोन
रेडियो, क्यासेट, VCR, VCD, TV
एसी / फ्रिज
हाउसवायरिङ
मोटरवाईण्डिङ
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
११ वर्ष पुरानो
५०% छुटमा Job को लागि सहयोग
तालिमका लागि सम्पर्क
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोटः विदेश जानेलाई विशेष कोर्ष।

इजरायल
हिब्रु भाषा
इजरायल जानेहरूले सिक्नै पर्ने विशेष कक्षाहरू
हिब्रु भाषा, केयरगिभर, House Keeping, नर्सिङ र अंग्रेजी भाषा
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर चोक शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
फोन : ४७८१०६१ / ९८४१३८७६९७
भिषा प्रोसेसिङ पनि गरिन्छ

KEI for BE ENTRANCE
Admission open:
Preparation Classes
• Managed by Highly experienced teachers and Post graduate Enginneers of IOE Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 96%, ME 98 % and IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
Kantipur Educational Institute (KEI)
Kupandol, Tel: 5540917, GPO Box: 8973 NPC115
Web:www.kei.edu.np/email:info@kei.edu.np

समानता, स्वतन्त्रता र न्यायाको लागि आफ्नो अधिकारप्रति सजग र सचेत होऔं।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

'सबैको लागि शिक्षा'
PRIVATE TEST/S.L.C. 2064
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा TEST र S.L.C. फेल भएका, जागिर खाएर पढ्न चाहने र विविध कारणले स्कूल छाडेका विद्यार्थीहरुलाई Private Test/S.L.C. मा विशेष छुटका साथ धमाधम भर्ना लिइदैछ।
कक्षा सुरुः वैशाख २ गतेबाट
SHIVAPURI OPEN SCHOOL
सामाखुसी, कपुरधाराचोक,
फोन: ४-३६२१२५, ९८४१५३७६८०

उद्घोषण तालिम
नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई विशेष छुट सहित धमाधम उद्घोषण (RJ/VJ) तालिम दिईदै छ।
हाम्रा विशेषताहरु
१. ८०% भन्दा बढिलाई रोजगार दिलाउन सफल।
२. Theory र Practical संगसंगै गराइने।
३. सबैभन्दा पुरानो र विश्वासिलो।
४. तालिमको अन्त्यमा १ घण्टाको कार्यक्रम रेकर्ड गर्न दिइने।
सम्पर्क
पानस मिडिया एण्ड ट्रेनिङ्ग सेन्टर
प्रदर्शनी मार्ग
फोन : २००३०९८

सुवर्ण अवसर ! सुवर्ण अवसर !
❖ तपाई एस. एल. सी. को परिक्षा दिएर खाली समय बिताई रहनु भएको छ ?
❖ परिक्षा सके पछि के गर्ने भन्ने सोचाईमा भौतारीनु भएको छ ?
❖ खाली समयको सदुपयोग गर्न चाहानु हुन्छ ?
❖ तपाईले आफुलाई दक्ष स्वास्थ्य कर्मीको रुपमा प्रस्तुत हुने चाहाना राख्नु भएको छ ?
❖ तपाईमा विश्वका Canada, Australia, Israel, German, U.K. मा गएर काम गर्ने इच्छा छ ?
❖ तपाईले Nursing तथा H. A. पढ्ने चाहाना राख्नु भएको छ ?
❖ स्वदेशमा रहेका अस्पताल, नर्सिङ्ग होम क्लिनीक, स्वास्थ्य चौकी NGO, INGO हरुमा स्वास्थ्य कर्मी भई काम गर्ने इच्छा छ ?
यि सबै समस्याको समाधानका लागि हामी तपाईलाई पूर्ण सहयोग गर्ने छौं।
जन स्वास्थ्य विकास केन्द्र
फोन: २०८३१६२ कोटेश्वर, ०१-६२१८९३४, वालाजुचोक, काठमाडौं
E-mail:- phdc_org@yahoo.com

# रक्सी र यौनमध्ये केको लत खतरनाक ?

रक्सी र यौनमध्ये यौनको लत खतरनाक हुन्छ। रक्सीले त मानिसलाई रोग लगाएर मार्छ तर यौनले त रोग नै नलगाई मार्छन्।

**टिकाराम राई, जनकपुर**

यौनको।

**श्याम**

सम्पादकज्यू, मैले रक्सी त आजसम्म खाएको छैन तर यौनले दिएको नशाले चाहिं मलाई नराम्रो पारेको छ। किनभने रक्सी खाएको भए त मोटाइन्थ्यो होला यौनको नशाले त म साह्रो पातलो भएको छु।

**डिल्लीराम श्रेष्ठ** (२३)

दुवैले सताउँछन् बाबा। दुवै खरतरनाक, यिनले न घरको न घाटको बनाउँछन्।

**अर्जुनराज पुरी** (२२), **पर्वत**

एक पटक लागेपछि रक्सीको लत चाहेर हटाउन सकिन्छ तर यौनको लत...।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

दुवै, किनभने रक्सीले मात लाग्छ, यौनले बात।

**kumars987@yahoo.com**

हात्ती बलियो कि हात्ती छाप चप्पल बलियो ? उस्तै-उस्तै हो नानु।

**गोपाल श्रेष्ठ** (२६), **मकवानपुर**

रक्सीको लत धेरै खतरनाक जसले लठ्याइरहन्छ भरराात, जति धेरै पियो उति मात, अति धेरै भयो उति पाउँछ लात।

**हर्षल कुशल**

यौनको नशा नै खतरनाक हुन्छ। यो कुरा उसलाई मात्र थाहा हुन्छ जसले गर्ल फ्रेन्ड बनाएको हुन्छ।

**मीनराज भाट** (१९), **नेपालगन्ज**

नशा हरेक चीजमा हुन्छ, नशा थोरै र धेरै कति लिने भन्ने मात्रामा भर पर्छ।

**सीता मोक्तान**

नशा त रक्सी र यौन दुवैको लिइयो, रक्सी जति खाए पनि अर्को दिनमा छोड्छ, यौनको नशाले भने जिन्दगीभर छोड्दैन। त्यसैले म उनकै यादमा तड्पिरहेको छु।

**मनोज अधिकारी, स्याङ्जा**

दुवै खतरनाक हुन्छन्।

**असीम पौडेल** (२०)

जुनसुकै नशा पनि खतरनाक हुन्छ।

**लक्ष्मी घलान**

रक्सीको भन्दा यौनको नशा सयौं गुणा खतरनाक हुन्छ। यौनको नशाले जीवन बर्बाद पार्छ।

**सन्तोष खत्री**

त्यस्तो खतरनाक नशामा नफसेकै राम्रो।

**नरेश खड्का**

दुवै एक-अर्काका परिपूरक हुन्।

**सन्तोष भुजेल**

रक्सीको नशाले निश्चित समयपछि छोडछ परन्तु यौनको नशाले नमरुञ्जेलसम्म छोड्दैन।

**रेलकुमार तामाङ**

रक्सीको नशा छोटो अवधिका लागि हुन्छ भने यौनको नशा दीर्घकालसम्म रहन्छ।

**सुरेन्द्र खड्का, सुन्दरीजल**

रक्सीको नशाले दुःखचाहिं होइन जिन्दगीचाहिं धेरैले भुलिसकेका छन्।

**प्रकाश श्रेष्ठ** (२०), **सिन्धुली**

नशालाई पचाउन पनि सकिन्छ। यसलाई खतरनाक मान्नु हुँदैन।

**सुशीला, भक्तपुर**

यौन भन्यो भने उनी रिसाउँछिन्, रक्सी भन्यो भने भट्टीवाल्नी साउनी रिसाउँछिन्, म त दोधारमा परें नि ?

**सम्पूर्ण प्रजापति, थिमी**

बढी भयो भने दुवै खतरनाक हुन्।

**पदमा सिटौला, इटहरा**

रक्सीको भन्दा यौनको नशा खतरनाक नि। रक्सीको नशा पिउनेलाई मात्र लठ्ठ पार्छ तर यौनको नशाले युवादेखि वृद्धासम्मलाई लठ्ठ पार्छ।

**भूपेन्द्र, तामाङ** (२२), **सानेपा**

यी दुईमध्ये यौनको लत नै बढी खतरनाक हुन्छ। किनकि यौनहरूले त कंगाल नै बनाउँछन् नि हजुर।

**एस.बी.रोदन, पथरी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
२. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
३. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
४. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
५. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
६. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
७. बुद्धि ठूलो कि बल ? किन ?
८. देशभक्ति के हो ?
९. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
१०. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?



## यौन जिज्ञासा र समाधान

EASY PREGNANCY TEST KIT गर्भधारण जाँच्ने घरेलु सामाग्री

• डा. राजेन्द्र भद्रा

**प्रश्न : म विवाहित अनि एउटा सन्तानकी आमा हुँ। श्रीमान् विदेश गएका कारण मैले लगभग दुई वर्ष आफ्नो श्रीमान्सँग यौनसम्पर्क राखिनँ, तर अर्को एक पुरुषसँग माया बस्न गएकाले आपसी सहमतिमा हामीले करिब १५ महिना लगातार यौनसम्पर्क राख्यौं र दुई महिना पहिले ऊ पनि वैदेशिक रोजगारमा गयो। त्यसयता कसैसँग सम्पर्क राखेकी छैन। म जोसँग पनि यौनसम्पर्क राख्ने महिला होइन, तर माया-प्रेम बस्न गएकाले यस्तो भएको हो। यी सबै कुराको निचोड र मेरो मनको खुल्दुली के हो भने अब चाँडै (एक-दुई महिनाभित्र) मेरो श्रीमान् आउँदै हुनुहुन्छ। मैले अरू कसैसँग यौनसम्पर्क राखे-नराखेको उहाँलाई थाहा हुन्छ ? थाहा हुन्छ भने कसरी ? थाहा हुँदैन भने कसरी ? के यस्तो कुरा थाह पाउने कुनै उपाय छ ? के महिलाले आफ्नो यौन चाहना दबाएर राख्नुपर्छ ? गोप्य तरिकाले सम्बन्ध राख्न पाइँदैन ? यो अधिकार महिलालाई छ कि छैन ?**

**–यु.**

**उत्तर : पुरुषसँग सम्बन्ध किन ?**

कसलाई परपुरुष भनेर परिभाषित गर्ने भन्ने कुरामा एकरूपता नहुन सक्छ। मायाप्रीति बसेको व्यक्ति एक किसिमले आफन्त नै हुन्छ। कतिपय स्थितिमा श्रीमान् र जन्माएका सन्तानको मायाभन्दा पनि बलियो हुन्छ। अनेक किसिमको कडा सामाजिक बन्देज हुँदाहुँदै पनि श्रीमान्बाहेक अन्य व्यक्तिसँग अर्थात् विवाहेत्तर सम्पर्क किन राखिन्छ भन्ने कुराको उत्तर दिन सजिलो छैन। विभिन्न कारणले एक-अर्कामा सम्पूर्ण रूपमा समर्पित हुन गाह्रो छ। आकस्मिक दुर्घटना वा सांयोगिक घटनाका कारणले विवाहेत्तर यौनसम्बन्ध हुनुभन्दा प्रणयपूर्ण सम्बन्धसहितको विवाहेत्तर यौनसम्पर्कले दम्पतीको सम्बन्धमा धेरै समस्या ल्याउँछ। कारणलाई केलाउँदै जाँदा सायद बलियो र सक्षम 'जिन' वा वंशाणुलाई सन्तानमा सार्ने जैविक वा प्राकृतिक आवश्यकताका कारणले यसो भएको हुन सक्छ। कतिपय स्थितिमा विवाहेत्तर सम्बन्ध आफैंमा समस्या नभएर अन्तर्निहित समस्याको एउटा लक्षण मात्रै हुन सक्छ।

एउटै व्यक्तिसँगको सम्बन्धमा सन्तोष प्राप्त गर्न नसक्नु, सम्बन्ध प्रेममय रहन नसक्नु, प्रेमयुक्त सम्बन्धमा बाँधिन चाहनु, भावनात्मक प्रगाढतामा बाँच्न चाहनुजस्ता कुराले कुनै नयाँ सम्बन्ध स्थापित गर्न प्रेरित गरिरहेको हुनसक्छ। दम्पतीबीच एक-अर्काको भावनाको सम्मान नहुनु, बेवास्ता गरिएको अनुभूति हुनु, यौन नैराश्यताले ग्रसित हुनु, साथै बस्ने चाहना नहुनु, भावनात्मक अन्तरङ्ग सम्बन्ध नहुनुजस्ता कुराले वैवाहिक सम्बन्धभन्दा बाहिरको सम्बन्धलाई स्थापना गर्नेतिर डोऱ्याउँछ। सामान्यतया प्रगाढ वैवाहिक सम्बन्धमा रहेका व्यक्तिका लागि भावनात्मक सम्बन्ध टुटिसकेपछि मात्र अर्को विकल्प हेर्ने क्रममा विवाहेत्तर सम्बन्ध स्थापित हुन्छ। आफैंले रोजेर विवाह नगरिने स्थितिमा प्रगाढ भावनात्मक सम्बन्धको विकास नै नभएको हुनसक्छ। लैङ्गिक असमानताले यस किसिमको समस्यालाई बल्झाएको हुन्छ। तपाईंको सन्दर्भका भौगिलिक दूरीका कारणले गर्दा अर्को व्यक्तिसँग शारीरिक मात्र होइन, भावनात्मक सामीप्यता अघि बढेको अनुमान लगाउन सकिन्छ।

**विवाहेत्तर सम्बन्ध राखेको कसरी थाहा पाउने ?**

तपाईंका श्रीमान्को गैरहाजिरीमा अर्थात् श्रीमान्सँग यौनसम्पर्क नै नभएको स्थितिमा गर्भ रहन गए यौनसम्पर्क भएको सजिलै थाहा पाउन सकिने भयो, तर अन्य स्थितिमा भने यो कुरा त्यति सजिलो छैन। यो कुरा कति गोप्यताका साथ गरिएको छ भन्ने कुरामा पनि भर पर्छ।

दम्पतीबीचको सम्बन्धमा सन्तोष प्राप्त गर्न नसक्नु, सम्बन्ध प्रेममय रहन नसक्नु, एक-अर्काको भावनालाई सम्मान नगर्नु, बेवास्ता गरिएको अनुभूति हुनु, यौन नैराश्यताले ग्रसित हुनुजस्ता कुरामा ध्यान दिनुपर्छ। आनीबानीमा आएको परिवर्तन, सबन्धमा भएको दूरी, साथै बस्ने चाहना नहुनु, ज्यादा समय आफूसँग बिताउन नचाहने, कता र कहाँ गएको भनेर थाहै नहुने, ढाँट्ने, असामान्य रूपमा बढी खर्च हुने तर के कुरामा खर्च गरियो थाहा पाउन नसकिनेजस्ता कतिपय कुराले किटानीसाथ भन्न नसकिए पनि संकेत भने गरेको हुनसक्छ। ठोस प्रमाण नभेटी यसै भन्न सकिँदैन। जसरी तपाईंलाई तपाईंका श्रीमान्ले अन्य कुनै व्यक्तिसँग यौन सम्पर्क राखे-नराखेको थाहा पाउन गाह्रो हुन्छ त्यसरी नै तपाईंले अन्य व्यक्तिसँग सम्बन्ध राखे-नराखेको थाहा पाउन गाह्रो हुन्छ।

अर्को व्यक्तिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको कुनै व्यक्ति आफैंले देखिरहनु पर्दैन। घर-परिवार, छर-छिमेक अनि समाजले यस्ता सम्भावित सम्बन्धलाई जहिले पनि नियालिरहेको हुन्छ र धेरैजसो स्थितिमा उनीहरूबाटै सूचना प्राप्त हुन्छ। वास्तवमा गोप्यताको कुरा तुलनात्मक हुनसक्छ। अर्को व्यक्तिसँगको सामीप्यता कसै न कसैले देखेको हुन्छ र त्यो सार्वजनिक हुनसक्छ र अन्त्यमा श्रीमान्ले पनि थाहा पाउन सक्छन्।

**के महिलालाई विवाहेत्तर सम्बन्ध राख्ने अधिकार छ ?**

प्रायः सबैजसो समाजमा विवाह-बन्धनभन्दा बाहिर यौनसम्पर्क हुनुले प्राकृतिक रूपमा सक्षम छ भन्ने कुरामा द्विविधा छैन। सक्षम वंशाणुलाई सन्तानमा सार्न पाउनु अधिकार र कर्तव्य दुवै हो, तर समाजको विकास हुँदै गएपछि विवाह र त्यसले जन्माएको सम्बन्धलाई निश्चित नियममा बाँध्न आवश्यक मानियो। पुरुष होस् वा महिला, सामाजिक रूपमा विवाहेत्तर यौनसम्पर्क मात्र होइन, कानुनी रूपमा पनि विवाहेत्तर सम्बन्धलाई स्वीकार गरिँदैन र सजाय गरिन्छ। यौनचाहना शान्त पार्न अर्को व्यक्तिसँग यौनसम्पर्क नै राख्नुपर्छ भन्ने छैन। हस्तमैथुन वा अन्य वैकल्पिक उपायबाट पनि यौनेच्छा मेट्न सकिन्छ।

तपाईंले भन्नुभएजस्तै सामाजिक मान्यता अनि कानुनी नियममा पुरुष र महिलाबीच धेरै नै असमानता छन्। नारीलाई मात्र होइन, पुरुषलाई पनि विवाहेत्तर सम्बन्ध राख्ने छुट छैन। पुरुष-नारीको असमानताको मूल जरो यौन र यौनिकतामा हुने असमानता हो, जबकि यस विषयमा खासै चर्चा गरिँदैन। यौन र यौनिकतासम्बन्धी असमानतालाई हटाउन सकिएको खण्डमा अन्य असमानताको कुरा स्वतः समाप्त हुने थिए।


कतै तपाई गर्भवती त हुनु हुन्नु ?
यौन सम्पर्क राखेको २ हप्तामा नै थाहा पाउन सकिने, महिनावारी हुने अवस्था सम्म कुरिराख्नु नपर्ने............ अब नयाँ प्रबिधिमा
गर्भधारण जाँच्ने घरेलु सामाग्री
EASY
PREGNANCY TEST KIT
BIONIKE ADVANCED QUALITY PREGNANCY TEST PREGNANCY TEST KIT
USA FDA APPROVED PRODUCT, आफ्नै घरमा बसेर आफु गर्भवती भएको वा नभएको सजिलै जाँच्न सकिने घरेलु सामाग्री नजिकैको औषधी पसलहरूमा प्राप्त गर्न सकिने छ।
Marketing By: Om Surgical Concern Thapathali, Kathmandu Tel.:4260044, 4216431
Please remember us:-Pathology & Surgical Products, Chemical and Scientific & Lab Equipments



उद्घोषण
Rs. 1000/- Discount
Job Guarantee
RJ/VJ/News Reader/MC
Media Technician
Ad Production
Personality Dev.
Media Marketing
Practical on Digital Studio
Be Perfect RJ/VJ Now
प्रशिक्षकहरू: हेम सुवेदी, कला सुब्बा, कुशुम बज्राचार्य, नरेश भट्टराई, महिमा भट्टराई, दिपक समिर
Bagbazar(Opp. Petrol Pump)
Tel.: 4233042
The Media's Collection



साँच्चीकै Anchor बन्ने हो भने के तपाईलाई थाहा छ ?
कान्तिपुर FM का बरिष्ठ उद्घोषक हेम सुवेदीले बिगत ४ वर्ष देखि रेडियो/स्टेज उद्घोषणको राष्ट्रिय/अन्तराष्ट्रिय पूर्ण कोर्स दिने एकमात्र स्थान हो ▼
International Rays Media Maitidevi
(अन्यत्र नभुक्किनु होला)
सम्पर्क: 016203421, 4424604, 9841351327



सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं



S.L.C दिएको हो..? आउनुस्।
Cook Rs. 2,499 / मा
( कन्टिनेन्टल, इटालियन, इन्डिएन, चाइनीज ग्रुपमा )
Waiter Rs. 1,599 /
(RMTTC)
४४६४७२०, ९८५१०९३६२९
(BICC पानी ट्याँकीको ठीक अगाडी)
(SMTTC)
२०४०७८२ (शिव दर्शन हल अगाडी)
नयाँ बानेश्वर



बिशेष सेवा
रसायन वाजिकरण एवं ताजगीकरण
(Sexopsychology , Sexotherapy & Rejuvination):
नपुंसकता, लिङ्ग उत्तेजना सम्बन्धी समस्या, सिघ्र स्खलन, हस्तमैथुन, स्वप्न दोष, धातु वीर्य तथा शुक्रकीटको विकासका समस्या, सरुवा यौन रोग, पुरुष-स्त्री यौनाङ्ग, स्तन एवं शरीरको कमबढी विकास एवं हर्मोनल समस्या तथा महिनावारीमा गडबडी।
(पूर्ण गोप्यताको वातावरणमा अन्तरङ्ग परामर्श)
सम्पर्क: (विशेष सेवा विभाग)
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
धुम्बाराही चोक, फोन: ४३७१७७१, ०१६२०४१५६
website ; www.sexologistnepal.com E-mail: info@ayurvednepal.com



ब्रिटिश आर्मी / सिंगापुर पुलिस
Intake 2007
ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसका लागि बरिष्ठ भू.पू. ब्रिटिश गोर्खा सैनिक अधिकृत तथा भू.पू. सिंगापुर पुलिस अधिकृतहरुद्वारा २००७ को सम्पूर्ण तयारीका कक्षाहरु संचालन भईरहेको जानकारी गराउँदै इच्छुक योग्यता प्राप्त नेपाली युवाहरुले शीघ्र तयारी कक्षाको लागि सम्पर्क राख्नुहोला।
साथै स्वदेश तथा विदेशमा Security सम्बन्धी काम गर्न इच्छुक प्रशिक्षार्थीहरुको लागि सेक्युरिटी तालिमको पनि व्यवस्था गरिएको छ।
हाइटेक ट्रेनिङ्ग इन्स्टिच्यूट
महाराजगंज, काठमाडौं, फोन: ४३७३११०



CAREER FOCUSED तालिम
फोटोग्राफी
भिडियोग्राफी
Lab + Practical + Theory
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता
VIDEO पत्रकारिता
Advance को लागि Scholarship पनि
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

## सातासका श्रीमान्



**प्रेम विवाह गर्नुभएको रहेछ, कसरी भेट भएको थियो ?**

२०१८ सालमा नेपालगन्जमा सांस्कृतिक आदान-प्रदान कार्यक्रमका क्रममा हाम्रो भेट भएको हो।

**सम्बन्ध कसरी अघि बढ्यो ?**

आजभोलिका केटाकेटी जसरी त हिंडिएन तर साथीभाइसँग लखनउको घुमाइ हाम्रो सम्बन्धका लागि विशेष रह्यो। घुम्ने क्रममा एउटा माग्नेले 'कुछ दिजिए' भनेको थियो। पछि उसले 'आपकी जोडी सलामत रहे' भन्दा मलाई कताकता छोयो।

**विवाह गर्नुपर्छ भन्ने कहिले लाग्यो ?**

कलाकार भएपछि सर्तक भएर हिंड्नुपर्ने तथा प्रायः सँगै रहने भएकाले मैले पहिले प्रस्ताव राखें।

**तपाईंहरूको विवाह कसरी सम्भव भयो ?**

हाम्रो परिवार निकै कट्टर थियो तर मेरा दाइले सम्झाइदिनुभएपछि म यस्ता कुरालाई बिर्स भन्छु। यस्तै कुरामा कचकच पर्छ।

**घर-व्यवहारका कुरामा कसलाई धेरै भार हुन्छ ?**

पुरुषप्रधान देश भए पनि घर परिवारको कुरामा महिलालाई धेरै भार हुन्छ। दुवैलाई दुवै उत्तिकै चाहिने भएकाले बराबरी भए हुन्थ्यो।

**तपाईंहरूबीच आठ वर्षको फरक रहेछ, के-कस्ता समस्या छन् ?**


त्यस्तो समस्या त केही छैन तर विचार नमिल्ने भएकाले कुराकानीचाहिँ मिल्दैन।

**कला क्षेत्रमा कस्तो परिवर्तन देख्नुभएको छ ?**

पुरानो पुस्ताले आफैं गोरेटो बनाएर हिंडेको थियो तर अहिले त्यो बाटोमा धेरै अनुहार देखिएका छन्। अहिले यो पेशाबाट सजिलै जीविकोपार्जन गर्न सकिन्छ।

**बजार जाँदा तपाईंहरूको रुचि कत्तिको बाझ्छ ?**

**नरदेवी काठमाडौंमा जन्मिएका कृष्णप्रसाद अधिकारीले सहकारी विभागमा ११ वर्ष कार्य गरेर पनि ३० नाटक तथा दर्जनजति चलचित्रमा आफ्नो कार्यकुशलता प्रदर्शन गरिसकेका छन्। एसएलसीसम्मको शिक्षा हासिल गरेका अधिकारी वरिष्ठ कलाकार सुभद्रा अधिकारीका जीवनसाथी हुन्। उनका एक छोरी तथा एक छोरा छन्। अधिकारी दम्पती हाल तुलसीधारा, डल्लुमा बसोबास गर्छन्।**



उहाँहरूले स्वीकृति दिनुभयो। २०२० सालमा विवाहपछि उनले सबैलाई रिझाएर परिवारसँग मभन्दा पनि नजिक भइन्।

**तपाईं कलाकर्मीमाझ अधिकारी भिनाजुका नामले परिचित हुनुहुँदोरहेछ, कस्तो लाग्छ ?**

उनलाई सबैले चिनेका छन्। मलाई पनि यो एउटा सम्मान जस्तो लाग्छ।

**आफ्नो जीवनको मूल्यांकन कसरी गर्नुहुन्छ ?**

पानीमाथि चलेको ढुंगा जस्तै साधारण मान्छु। जुन उच्चतम पनि छैन, तर दुःख भनेर दुःख पनि छैन।

**विवाहपछि कला क्षेत्रलाई उहाँले सजिलै निरन्तरता दिनुभयो ?**

विवाहपछि बुबाले उनलाई जति गरिन्-गरिन् अब भयो भन्नुभएको थियो। त्यसैले उनले डेढ वर्ष घरमै बिताइन्। पछि बुबाले नै तिम्रो प्रतिभा मारेर ठूलो पाप गरेंछु, अझै इच्छा छ भने जाऊ भनेपछि उनले आफ्नो कलायात्रालाई निरन्तरता दिइन्।

**तपाईंलाई रंगमञ्च मन पर्नुको कुनै खास कारण ?**

यो आ-आफ्नो इच्छाको कुरा हो तर रङ्गमञ्च यथार्थवादी हुन्छ, त्यहाँ स्वाभाविक ढंगले अभिनय हुने हुँदा म त्यता लागेको हुँ।

**उहाँको यो क्षेत्रमा कस्तो रुचि पाउनुभएको छ ?**

सानै उमेरमा उनले अक्षर आरम्भ गर्नुभन्दा पहिले स्टेजमा प्रवेश गरेर नै विद्यालय जान थालेकी हुन्। यसबाहेक उनले अरू केही जानेजस्तो लाग्दैन।

**उहाँको कुन कुरादेखि दुःख लाग्छ ?**

उनी अलि नरम स्वभावकी भएकाले जसलाई पनि विश्वास गर्नाले धोका खान्छिन्।

**कुन कुरामा झगडा भैरहन्छ ?**

छोराछोरीको दुःख हेर्छिन् र दीर्घकालीन सोच लिन खोज्छिन् तर सबैको रुचि एउटै हुन सक्दैन। बाहिर निस्किएका बेला आवाज निस्क्रिय हुन्छ, एउटा आगो भएका बेला अर्को पानी हुनुपर्छ जस्तो लाग्छ र म आफैं चुप लाग्छु।

**उहाँको कुन बानी नभए हुन्थ्यो जस्तो लाग्छ ?**

जसको पनि चिन्ता लिने र बितेको कुरालाई लिएर थप चिन्तित हुने बानी हटे हुन्थ्यो।

**तपाईं त साधारण मिजासको हुनुहुँदो रहेछ नि ?**

पहिले त अलि क्रोधी मिजासको थिएँ तर विभिन्न अनुभवले गर्दा सबैसँग मिजासपूर्ण व्यवहार गर्नु नै ठीक हो जस्तो लाग्छ।

**छोराछोरीको विवाह कसरी गराउनुभयो ?**

छोरीलाई दुई वर्षअघि माग्न आएका मानिसले पर्खेर फेरि माग्दा अचम्मै लाग्यो। छोराको पनि मागीविवाह नै भयो ?

**अहिले उहाँ पहिले जस्तो सक्रिय देखिनु हुन्न नि ?**

पहिले घरको ध्यान नदिई अभिनयमै समय खर्च भएको हो, अहिले पनि थोरबहुत निरन्तरता दिएकै छिन्।

**छोराछोरी के गर्दै छन् ?**

छोरा आफ्नै सौगात भिडियोमा व्यस्त छन् भने छोरी परीक्षा नियन्त्रण कार्यालयमा जागिरे छिन्।

**उहाँका लागि तपाईंले गर्न मन लागेको कुरा ?**

यही नै गर्छु भन्ने त छैन तर परिहाल्यो उनीसँग साथै रही जे पनि गर्न सकियोस् भन्ने सधैं मनमा रहन्छ।

**अरू श्रीमान्लाई के भन्न चाहनुहुन्छ ?**

सबैभन्दा राम्रो श्रीमान-श्रीमती मिलीजुली बसौं। श्रीमतीहरूको जुन क्षेत्रमा इच्छा छ त्यसलाई पारिवारिक जीवनमा केन्द्रित रहनुपर्ने भए पनि मर्न दिनु भएन।

**–संगीता कटुवाल**

## पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह

विमला पराजुली तेस्रो पटक गर्भवती भएकी छिन्। अघिल्लो दुई पटक खासै समस्या नभए पनि यसपटक भने उनलाई वान्ता भैरहेको छ। गर्भावस्थामा वाकवाक लाग्नु तथा वान्ता हुन खोज्नुलाई ठूलो समस्या मानिंदैन। त्यस्तो अवस्थामा चिल्लो तथा मसलेदार खानेकुरा सेवन नगरी सुख्खा खानेकुरा खानुपर्छ। यस्तो समस्या समान्यता पहिलो तीन महिनासम्म हुन्छ र पछि उपचार बिना नै निको भएर जान्छ तर कसै-कसैलाई यो समस्याले पनि निकै पिरोल्छ। गर्भावस्थामा अन्य रोग जस्तै पिसाबको संक्रमण, पेटको अल्सर, एपेन्डिसाइटिस, पित्त थैलीको संक्रमण, कलेजोमा संक्रमण आदिले पनि धेरै वान्ता गराउन सक्छ। त्यसबाहेक एचसीजी हार्मोनको मात्रा बढी हुनु, भिटामिन बी तथा प्रोटिनको कमी हुनु तथा मानसिक समस्या पनि यसका कारण हुन सक्छन्। अत्यधिक बान्ता भएर धेरै पानी तथा लवण खेर गएको अवस्थामा बिरामीलाई अस्पतालसमेत भर्ना गर्नुपर्ने हुनसक्छ। यस्तो स्थिति प्रायः पहिलो पटक गर्भवती हुँदा, गर्भमा एकभन्दा बढी शिशु हुँदा वा अव्यवस्थित गर्भमा बढी हुन्छ। यो समस्या वंशाणुगत पनि हुनसक्छ।

गर्भावस्थामा हुने अर्को प्रमुख समस्या उच्च रक्तचाप हो। अन्य रोगका कारण पनि उच्च रक्तचाप भएको हुन सक्छ वा उच्च रक्तचाप पहिलोपटक गर्भावस्थामा देखिन सक्छ। २० साताको गर्भवती महिला वा शिशु पाएको २४ घन्टाभित्र लगातार रक्तचाप १ सय ४०/९० हुनु वा कम्तीमा ४ घन्टाको फरक पारेर दुई पटक रक्तचाप नाप्दा १ सय ४०/९० हुनु (पहिलो रक्तचाप सामान्य रहेको अवस्थामा) लाई गर्भावस्थाको रक्तचाप वा गेस्टेसलन हाइपर टेन्सन भनिन्छ। यस्तो अवस्थामा गर्भस्थ शिशु तथा आमाको मृत्यु



हुने सम्भावना त कम हुन्छ तर अर्को पटक गर्भवती हुँदा रक्तचाप बढी हुने तथा अन्य समस्या देखापर्न सक्छ।

उच्च रक्तचापसँगै पिसाबमा प्रोटिन देखनुले ठूलो समस्या ल्याउन सक्छ। यसबाट आमा बेहोस हुने, रक्तचाप बढ्ने, अचेत हुने, संक्रमित हुने तथा आमाको मृत्यु समेत हुन सक्ने हुन्छ। त्यस्तै शिशु कम तौलको हुनु, महिना नपुग्दै तथा गर्भमै बच्चाको मृत्यु समेत हुन सक्छ। पहिलो पटक गर्भववती भएकी महिला तथा सालनालको गडबढीमा बढी देखा पर्ने गरेको यस्तो समस्यालाई 'प्रि इक्लाम्पसिया' भनिन्छ। शरीरका सम्पूर्ण रक्तनली, विशेषगरी पाठेघर मृगौला र मस्तिष्कका रक्तनलीहरू आवश्यकभन्दा बढी संकुचित भएका कारण उच्च रक्तचाप तथा प्रि इक्लाम्पसिया हुन्छ। प्रि-इक्लाम्पसियामा भएका गर्भवतीलाई एक पटक मात्र पनि अचेत हुनु वा बेहोस हुने अवस्थालाई इक्लाम्पसिया भनिन्छ। एक पटक इक्लाम्पसिया भएकी गर्भवती महिला तथा गर्भमा रहेको शिशुको खतरा बढेर जान्छ।

**रक्तअल्पता :** विकासोन्मुख देशका गर्भवती महिलाहरूमध्ये २० प्रतिशतको मृत्युको कारण रक्तअल्पता हो। गर्भावस्थामा रगतमा होमोग्लोबिनको मात्रा एघार ग्राम प्रतिशतभन्दा कम हुनुलाई विश्व स्वास्थ संघका अनुसार रक्तअल्पता भनिन्छ। गर्भावस्थामा शरीरमा रगतको मात्रा बढेको हुन्छ। रगतमा प्लाज्माको वृद्धि भएको अनुपातमा होमोग्लोबिन बढ्न नसकेका कारण गर्भावस्थामा होमोग्लोबिनको मात्रा अन्य अवस्थाको भन्दा कम हुन्छ तर १० प्रतिशतभन्दा पनि कम हुनुचाहिं राम्रो होइन। होमोग्लोबिनको मात्रा कम हुने अन्य धेरै कारण पनि हुन्छन् जस्तै- अति आवश्यक खनिज पदार्थ फालमको कमी, भिटामिन 'बी' टबेल्ब, फोलिक एसिडको कमी, अत्यधिक रगत जानु, रगतसम्बन्धी अन्य रोगहरू हुनु , दीर्घरोग वा सरुवा रोगहरू लाग्नु, हड्डीमा रक्तकोष बनाउने तन्तुको कमी हुनु आदि। यसको कारण पत्ता लगाई आवश्यक उपचार समयमै गरिनुपर्छ। रक्तअल्पता भएकी गर्भवती महिलालाई प्रि-इक्लाम्पसिया, बारम्बार संक्रमण, मुटुले काम गर्न छाड्ने (हर्टफेलर) आदि हुन सक्ने भएकाले मृत्यु समेत हुन सक्छ। त्यस्तै गर्भको शिशु कम तौलको हुने वा खेर जाने पनि हुन सक्छ। त्यसैकारणले गर्भवती महिलालाई बीस सातापछि आइरन चक्की खाने सल्लाह दिइन्छ। रक्तअल्पता भएकी गर्भवति महिलालाई नसाबाट पनि आइरन दिनुपर्ने हुन सक्छ।

## परिकार

### दाल मखानी

**सामग्री :** ३ सय ग्राम कालो मासको गेडा दाल, एक रात भिजाएको, २० ग्राम प्याज मसिनो गरी काटेको, २० ग्राम गोलभेडा मसिनो गरी काटेको, १० ग्राम लसुन-अदुवा मसिनो काटेको, आधा चम्चा जिरा गेडा (दाना), एक सानो चम्चा अदुवा-लसुन पिसेको (लेदो), एक सय ग्राम राजमा सिमी, (एकरात भिजाएको), एक सानो चम्चा रोगिनी मिर्च , ३० मिलिलिटर तेल, नुन स्वादअनुसार, ३० ग्राम गोलभेंडा पेस्ट, आधा सानो चम्चा जिरा धूलो, आधा सानो चम्चा धनियाँ धूलो, आधा चम्चा गरम मसला पाउडर, आधा चम्चा खुर्सानी धूलो, २० ग्राम बटर (मख्खन), १ ठूलो चम्चा ताजा क्रिम, आधा सानो चम्चा कसुरी मेथी, आधा सानो चम्चा धनियाँ काटेको (हरियो)

**विधि :** पहिले भिजाएको दाल, राजमा र पानीलाई कुकरमा हाली तीन-चार सिठी लगाउने र निकालेर साइडमा राख्ने। अर्को एउटा गहिरो कराही वा कुनै भाँडामा तेल तताउने। त्यसमा १० ग्राम जति ल्वाङ, सुकमेल, दालचिनी, तेजपात तथा जिरा फुराउने र चप, लसुन, अदुवा हाली चलाउने। त्यसपछि पिसेको लसुन, अदुवा हालेर १ मिनेट भुट्ने। अब फेरि प्याज हालेर अर्को २ मिनेटनति भुट्ने। त्यसमा काटेको गोलभेंडा हाली फेरि ३ मिनेट भुट्ने र सबै मसला हालेर भुटेपछि बोइल गरेको दाल, ३ कप तातोपानी तथा टोमाटो प्युरी हालेर सानो आँचमा दस मिनेटजति चलाउँदै पकाउने। बाक्लो भएपछि बटर क्रिम, धनियाँ, कसुरी मेथी हालेर चलाउने। अब दाल मखानी तयार हुन्छ। यसलाई राइस वा रोटीसँग खान सकिन्छ।

## जानकारी



- गर्भवती स्त्रीसँग सावधानीपूर्वक सम्भोग गर्नुपर्छ। अन्यथा गर्भ तुहिने डर हुन्छ। त्यस्तै दूध ख्वाउनुपर्ने स्त्रीसँग अधिक सम्भोग गर्नाले दूध नष्ट हुने डर हुन्छ।
- धेरैजसो महिला, पुरुषहरू वीर्यपात हुनेबित्तिकै अलग हट्छन्, यसबाट हानिकारक, अरुचिकर, दुवैलाई अतृप्ति एवं मनमुटावसमेत उत्पन्न हुन्छ। अतः वीर्यपात भैसकेपछि पनि केही समयसम्म त्यसै अवस्थामा बसिरहनुपर्छ। यसले दुवैलाई तुष्टि दिन्छ। मैथुनमा भएका हानिका केही अंश पूर्ति हुन्छन्, रागभाव, समर्पण एवं स्नेह बढ्छ।
- प्रचण्ड कामवेग भएकी स्त्रीलाई सन्तुष्ट पार्न नसक्ने पुरुषले मैथुन गर्नुअघि आफ्ना हातका दुई औंलाहरूले योनीमर्दन गर्नुपर्छ र जब योनीस्राव (योनीरस) सुरु हुन्छ त्यसपछि मैथुन गर्नुपर्छ। त्यसो गर्नाले स्त्री सन्तुष्ट र तृप्त हुन सक्छिन्।
- सम्भोगपश्चात् गुप्ताङ्गहरू धुनु उचित हुन्छ।

**– रत्नबहादुर बस्नेत**

## घरेलु उपयोगिता

- सुत्केरी अवस्थामा दूध नआउने महिलाले घिउमा ज्वानो र सख्खर फुराएर खानाले दूध आउँछ।
- भुटेको जीरा घिउसँग खानाले आँखाको तेज बढ्छ।
- मुखभित्र खटिरा आए मनतातो पानीमा अलिकति फिट्किरी मिसाई पिउँदा आराम हुन्छ।
- आँखाको जालो र फुलो हटाउन बरको पातको दूध (चोप) बिहान-बेलुका लगाउनुपर्छ।
- दाँत दुख्दा बरको दूध कपासमा भिजाई दाँतमा च्यापे आराम हुन्छ।
- दमका रोगीले बरको फलको बोक्रा कुटेर पानीमा पकाई मह वा मिश्रीसँग खाए आराम हुन्छ।


कक्षा ८ पास, S.L.C. हातमा
Private Test/ S.L.C. -2064
५० % छुटमा भर्ना खुल्यो
100% Result
नियमित कक्षा, दक्ष तथा अनुभवी शिक्षक, अंग्रेजी तथा नेपाली माध्यम
विहानी, दिवा र सन्ध्या समूह।
Third Vision Academy, Lagankhel
2121717, 9841202591

प्राइभेट टेष्ट/ एस.एल.सी.
निःशुल्क भर्ना
२०६४ का लागि
हाम्रा विशेषताहरू :
- विगत वर्षहरूमा उत्कृष्ट नतिजा।
- विहान, दिउसो र बेलुका तीनवटै समयमा पढाई हुने।
- अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष ग्राह्यता दिने।
- अनुभवी शिक्षकद्वारा अध्यापन गराइने।
- होस्टलको सुविधा।
पाइथागोरस एकेडेमी फोन नं. ४२६०६३२


विशेष ५०% छुटमा होटल तालिम शुरू
तालिमहरू: कुक, वेटर, क्याप्टेन, तन्दुरी, वारमेन, स्टोरकिपर, हाउसकिपिङ, रूम ब्वाई, बेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, बेकरी
S.L.C दिनेलाई थप छुट
नव वर्ष २०६४ को शुभ उपलक्ष्यमा
विशेषताहरू:
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.) फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्‍याडीसन कूकिङ तालिम सेन्टर (R.M.D.T.T.C.) फोन: ४४६८७२०, नयाँ बानेश्वर, (BICC पानी ट्याँकीको ठीक अगाडी)



# युवा जीवनशैलीको हाइटेक बहाना

**ढुंगे** युगदेखि आजको आधुनिक युगसम्म आइपुग्दा मानवीय जीवनशैलीमा धेरै परिवर्तन आइसकेको छ । सोच्ने तरिका, जीवन जिउने ढंग, रहनसहन, खाने लगाउने मामिलादेखि अन्य थुप्रै कुरामा मानवजातिले काँचुली फेरेको अनुभव हुन्छ । सूचना प्रविधिमा नयाँ-नयाँ खोज र विकासका कारण हाइ-टेकनोलोजी वर्तमान मानवीय जीवनशैलीको परिचायक बन्न पुगेको छ । आफ्नो सुविधा र सहजता अनुसार बहाना बनाउने मानवीय स्वभाव अनुसार विशेषगरी युवा पुस्तामा हाइटेक बहानाको प्रभाव बढ्दो छ ।

'ममी आज मेरो एक्स्ट्रा क्लास छ, म ढिलो हुन्छु' भन्दै अस्मिता हतार-हतार घर बाहिर जान्छिन् । विस्तारै साँझ ढल्दै जान्छ, अँध्यारोले आकाश छोप्न थालेपछि अस्मिताकी मम्मी चिन्तित हुन थाल्छिन् । घडीको सुईसँगै उनको चिन्ता बढ्न




थाल्छ । उनी अस्मिताको मोबाइल नम्बर डायल गर्न थाल्छिन् । मोबाइलको घन्टी लाग्दैन बरु-तपाईंले डायल गर्नुभएको मोबाइलको स्विच अफ गरिएको छ भन्ने सन्देश प्राप्त हुन्छ । अस्मिताका बुबा घर फर्कने समय पनि भैसक्छ । अस्मिताकी मम्मी डर र चिन्ताले अन्यौलमा पर्न थाल्छिन् ।

नहुनु मामा भन्दा कानो मामा जाति भनेझैं अस्मिताका बुबा फर्कनुपूर्व नै उनको जवाफ आइहाल्छ । 'एक्स्ट्रा क्लास लामो थियो, त्यसैले ढिलो भयो, क्लासमा मोबाइल अफ गर्नुपर्ने भएकाले स्विच अफ गरें आदि । उल्लेखित कुरामा हिजोआज अधिकांश अभिभावकले भोग्नु परिरहेको छ । आफ्ना बढ्दो उमेरका छोराछोरीको यस प्रकारको बहानालाई उनीहरूले नबुझ्ेका पनि होइनन्, यद्यपि बढ्दो उमेरका छोराछोरीलाई केही हदसम्म बुझ्ने प्रयासमा तिनीहरूलाई केही छुट दिनुपर्ने मान्यता अधिकांश अभिभावकहरू राख्छन् ।

हिजोआज अधिकांश युवा-युवती साइबर क्याफे धाउँछन्, यो सबैभन्दा ठूलो हाइटेक बहाना हो, युवा-युवतीको साइबर क्याफेको नाममा सपिङ मलतिर घुम्ने, चलचित्र हेर्न जाने, डान्स पार्टी अटेन्ड गर्ने आदि । साइबर क्याफे जानु, अधिकांश युवा-युवतीको दिनचर्चाभित्र पर्ने एउटा दैनिक जस्तै बन्न थालेको छ । निश्चित रूपमा स्कुल, कलेज छुट्टी भैसकेपछि वा बिदाको समयमा मात्रै साइबर जान सम्भव हुन्छ । साइबर गएर आफ्नो मित्रजनलाई मेल पठाएको, नेट च्याटिङ गरेर विभिन्न साइटहरू सर्फिङ गरेर समय बिताउने राम्रो उपायसमेत बन्न थालेको छ ।

इन्टरनेटमा नयाँ-नयाँ साथी बन्छन्, रमाइलो कुराकानी हुन्छ र समय, उमेर, लिंग, देशको बन्धन पनि समाप्त हुन्छ । बिबिएस अध्ययनरत सुमिनाका अनुसार उनी साइबर गएर नेटमा च्याट गर्छिन् । विशेषत: शनिबारको आधा दिन त उनको साइबरमै बित्छ । उनका लागि नेट च्याटिङ मेल फ्रेन्ड बनाउने सबैभन्दा सहज एवं सुरक्षित माध्यम भएको छ । साइबर क्याफे नेट च्याटिङको माध्यम मात्रै बनेको देखिंदैन । यसैको बहानामा अधिकांश युवापुस्ता अश्लील यौनजन्य साइटहरू सर्फिङमै मस्त रहने गरेको यथार्थलाई पनि नकार्न सकिँदैन ।

दुई वा दुईजनाभन्दा बढी साथी एकै ठाउँमा रहेर सामूहिक पढाइ गर्ने अथवा चलनचल्तीको भाषामा कम्बाइन्ड स्टडी, यो पनि युवापुस्ताले अपनाउने बहानामध्ये एक हो । कम्बाइन्ड स्टडीका लागि अभिभावकवर्गले तुरुन्तै स्वीकृति दिइहाल्ने भएकाले पनि यो बहाना अत्यन्त सहज र सरल भएको छ । पढाइका लागि एक-दुई घन्टको समयले त अवश्य पनि पुग्दैन, त्यसैले ६-७ घण्टा सँगै रहनुपर्‍यो । त्यही छुटको सहारामा युवावर्गले डेटिङ जाने, मुभी हेर्न जाने, घुम्न जाने, डान्सपार्टी अटेन्ड हुने अवसर पाउँछन् ।

अञ्जुका आमाबाबु अञ्जुलाई कम्बाइन्ड स्टडीका लागि जहिले पनि स्वीकृति दिन्थे तर एक दिन सोही बहानामा अञ्जुलाई आफ्ना साथीहरूसँग चलचित्र घरमा फेला पारे । बहाना बनाउने, झूटो बोल्ने, आफ्नो चाहना अनुसार मनोमानी गर्ने उमेर भएकैले किशोर अवस्थामा यस्ता गल्तीहरू हुनु स्वाभाविक हो तर ती गल्तीहरूलाई अभिभावकले समयमै सच्याउनुपर्छ । किनकि ठीक समयमा जीवनलाई अनुशासित ढंगबाट अघि बढ्ने बाटो देखाइदिने दायित्व पनि अभिभावकवर्गकै हो । प्रतिबन्ध वा निषेध गरेर होइन राम्रोसँग सम्झाएर, काउन्सिलिङ गरेर, आमाबाबु बनेर नभई एक असल साथी बनेर ।


विद्यालय-कलेजबाट एजुकेसनल ट्रिप वा एक्स्कर्सन ट्रिपमा जानु पनि सर्वसम्मत बहानाभित्र पर्छ आफ्ना साथीहरूसित समय बिताउने । मोजमस्ती, मनोरञ्जनका लागि जति समय बिताइयो उति नै कम लाग्छ । युवा अवस्थामा नै मोजमस्ती गरिएन भने कहिले गर्ने भन्ने तर्क पनि बेठीक होइन, बीएस्सी अध्ययनरत राजीवका अनुसार आमाबाबुलाई हामी टुरमा जाँदैछौं र हाम्रो साथमा युवतीहरू पनि हुन्छन् भनेर स्पष्ट रूपमा भने यसका लागि कुनै पनि हालतमा उहाँहरू स्वीकृति दिन मान्नुहुन्न ।

चाहे अभिभावक जति सुकै आधुनिक र उदार सोचाइका किन नहुन् ? केटाहरूको तुनलामा केटीहरूलाई कम छुट दिइनुका पछाडि कैयन सामाजिक कारण हुन्छन् । दैनिक जीवनमा यस्ता घटनाहरू भैरहन्छन् जसको समाचारले अधिकांश अभिभावक आफ्नी छोरीप्रति बढी सचेत र सजग हुन्छन् । त्यसैले अनुशासनको घेरा साँघुरो बन्छ । मनोवैज्ञानिकहरूका अनुसार युवा पुस्ता जबर्जस्ती भनिएका, गरिएका बन्देज, प्रतिबन्ध आदि रुचाउँदैनन् । किनकि यो अवस्था मानव जीवनको सबैभन्दा चुनौतीपूर्ण, संवेदनशील र संक्रमणकालीन उमेर हो । सही मार्गनिर्देशन प्राप्त भएन भने गलत दिशातर्फ उन्मुख हुने सम्भावनाहरू पनि प्रसस्तै हुन्छन् ।

युवा अवस्थामा व्यक्तिमा भरपूर ऊर्जा हुन्छ र केही गर्ने चाहना एवं उत्साह पनि हुन्छ । आजको युवा पुस्तालाई सम्झाउनु, बुझाउनु हिंजोभन्दा अझ कठिन छ किनकि तिनीहरूसँग नयाँ-नयाँ तर्क, नयाँ-नयाँ विचार छ, परिवर्तीत, प्रभावित र प्रेरित जीवनशैली अनि त्यसको मूल्य-मान्यता छ । उनीहरूलाई मित्रवत् व्यवहार गरी परिवर्तन गर्ने प्रयासमा लाग्नुभन्दा स्वयं आफ्नो सोचाइमा परिवर्तन ल्याएर उनीहरूसँग व्यवहार गरे, उनीहरूसामु आफूलाई अपडेट गरे सम्भवत: उनीहरूलाई नयाँ बहाना खोज्ने अवस्था र आवश्यकता सिर्जना नहुन सक्छ ।

**-रोजिन शाक्य**

# आधुनिक जीवनप्रक्रिया




**केही** समय अघिदेखि हाम्रो जीवन-प्रक्रियामा धेरै परिवर्तन आएको छ र त्यो परिवर्तन विशेष गरेर मध्यमवर्गीय परिवारमा बढी देखिन्छ । नयाँ मूल्य, मान्यता, रीतिरिवाज, परम्परा तथा संस्कृतिका अगाडि पुराना मूल्य, मान्यता एवं संस्कृति फिक्का अर्थात् मूल्यहीन भएझैं लाग्न थालेको छ । मानिसहरू धेरैभन्दा धेरै धन कमाउन र समाजमा आ□नो सम्माननीय स्थान बनाउन दौडधूप गरिरहेका देखिन्छन् । आफूभन्दा अरू अगाडि बढ्ला भन्ने डर र हतार सबैलाई छ ।

आधुनिक जीवनप्रक्रिया अपनाउन दौडिरहेका मध्यमवर्गीय परिवारहरू आँखा चिम्लेर अघि बढ्दै गएका छन् । उच्च जीवनप्रक्रिया बाँच्ने अधिकार अब धनीहरूको मात्र भएन, मध्यमवर्गीय परिवारहरू पनि अब महँगा वस्तुको पहुँचभित्र पुगिसकेका छन् । क्रेडिट कार्डले मार्केटिङलाई सहज बनाएको छ । आफूसँग क्रेडिट कार्ड भएको खण्डमा खल्ती र मस्तिष्क दुवै गह्रौं भएको अनुभव हुन्छ । आ□नो इच्छा र आवश्यकता पूरा गर्न अब कुनै गाह्रो वा हिचकिचाहट अनुभव हुँदैन ।

**होड सुविधाहरूको**

आधुनिक जीवनप्रक्रियाले अनियन्त्रित र असन्तुलित भोगलाई जन्म दिएको छ । अर्काको देखासिकीमा आफूलाई आवश्यक नपर्ने सरसामानहरू पनि किन्ने र धनाढ्य भएको सेखी गर्ने चलन बढेको छ ।

अझ युवाहरू त त्यसभन्दा दुई कदम अघि छन् । आजका कतिपय युवायुवतीहरूले आ□ना आमाबुबाको संघर्ष, गरिबी र देशको अवस्था बुझेका वा देखेका हुँदैनन् । त्यसैले उनीहरू धनाढ्य तथा पश्चिमी जीवनप्रक्रिया अपनाउन अलिकति पनि हिचकिचाउँदैनन् । उनीहरू सधैं नयाँ मोडलको घडी, मोबाइल, टेलिभिजन तथा फेसनअनुसारका जुत्ता, कपडाहरूको माग गरिरहेका हुन्छन् ।

सुरेश र नीतिको विवाह भएको २५ वर्ष पुगिसकेको छ, उनीहरू विवाह भएपछि भाडामा बस्थे । दुवैले पैसा जोगाएर आ□नै घर बनाए । अहिले उनीहरूसँग दुईवटा मोटर, २ वटा रंगीन टेलिभिजन, ४ वटा मोबाइल, एउटा ल्यान्डलाइन फोन, डिभिडी आदि सबै सरसामान छ । उनीहरू दुवै आज पनि पैसा जोगाएर सामानहरू किन्नुपर्छ भन्ने कुरामा विश्वास गर्छन्, तर उनीहरूका छोराछोरी आ□ना नातेदारहरूभन्दा पछाडि पर्न चाहँदैनन् । उनीहरू क्रेडिट कार्डको प्रयोग गरेर नयाँनयाँ सरसामान किन्छन् । सुरेश र नीति विश्वास गर्न सक्दैनन्, २५ वर्षअघि उनीहरूको जीवनप्रक्रिया कति साधारण थियो ? तर आज उनीहरूको जीवन जिउने प्रक्रियामा धेरै परिवर्तन आइसकेको छ ।



**नैतिक पतनको कारण**

तपाईंको रहनसहन कस्तो छ त्यसैअनुसारको तपाईंको परिचय स्थापित हुन्छ । मानिसहरूले कसैको व्यक्तित्वभन्दा पनि उसले चढ्ने मोटर हेर्छन् । मारुती हो कि एस्टिम, होन्डा हो कि मर्सिडिज यही नै आजका मानिसको सफलताको पहिचान बनेको देखिन्छ ।

होटल वा रेस्टुराँमा खाना खानु, विदेशी च्यानल र अंग्रेजी चलचित्रहरू हेरेर त्यसका बारेमा चर्चा गर्नु, त्यसमा अभिनय गर्ने पात्रहरूको हाउभाउ एवं पहिरनहरूको नक्कल गर्नु, घर-सजावटका महँगा सामान, सोफा, क्रिस्टल, एन्टिक सोपिस, पेन्टिङ इत्यादि किन्नुले आधुनिक जीवनप्रक्रियातर्फ संकेत गर्छ । विदेशी कम्पनीहरू, इन्टरनेट आदिले त जीवनलाई अझ मोजमस्तीपूर्ण बनाएको छ । इन्टरनेटबाट हामी धेरै उपयोगी जानकारी प्राप्त गर्छौं, तर अर्कातिर यसको गलत प्रयोग गरेर धेरै घर भाँडिएको पनि छ । हिजोआज रोमान्स साधारण कुरा भैसकेको छ । इन्टरनेट जति ठीक छ त्यति नै बेठीक छ भन्नु गलत हुँदैन, किनभने यसकै कारणले कमजोर मनको व्यक्तिले आफूलाई रोक्न सक्दैनन्, जसले गर्दा नैतिकताको पतन हुन्छ र जिन्दगी गोप्य रहन सक्दैन ।

**सन्तुलित हुनुपर्छ**

आधुनिक जीवनप्रक्रियालाई कुनै पनि सीमामा खिच्न सकिँदैन । आजको जीवनशैली प्रतिस्पर्धात्मक एवं ईर्ष्याप्रेरित त छ नै, साथै यसमा नयाँ विचारधारा, नयाँ फेसन, नयाँ-नयाँ वस्तुहरूको संग्रह तथा आ□नो अहंलाई माथि देखाउने इच्छा पनि समावेश छ । आधुनिक जीवनप्रक्रिया तनावपूर्ण पनि छ । ब्लडप्रेसर, डाइबिटिज, क्यान्सर र अरू पनि धेरै रोग यही आधुनिक जीवनप्रक्रियाको देन हो ।

जीवनमा प्रगति गर्नु राम्रो कुरा हो तर अतिले खति गर्छ भन्ने कुराचाहिं बिर्सनु हुँदैन । त्यसैले आधुनिक जीवनप्रक्रिया सन्तुलित ढंगले अपनाउनुपर्छ । जसमा आ□नो संस्कार, संस्कृति, सभ्यताका साथ नयाँ फेसन, नयाँ विचारधारा पनि समावेश होस्, यसबाट मात्र सुखी, सन्तुष्ट एवं समृद्ध हुन सकिन्छ ।

**– अरुणा भट्टराई**





# लारा र म्याकग्राथको सन्यास

विगत १३-१४ वर्षदेखि क्रिकेटको संसारलाई आफ्नो योग्यता र क्षमताले प्रभावित गरिरहेका वेस्टइन्डिजका ब्रायन लारा तथा अस्ट्रेलियाका ग्लेन म्याकग्राथले नवौं विश्वकप क्रिकेटपछि सबै किसिमका क्रिकेटबाट संन्यास लिएका छन्। ब्रायन लाराको बिदाइ दुःखद रहे पनि ग्लेन म्याकग्राथले भने स्वर्णिम बिदाइ पाएका छन्।

ब्रायन लाराले नवौं विश्वकप क्रिकेटको सुपर एट चरणमा इङ्ल्यान्डविरुद्ध आफ्नो अन्तिम एक दिवसीय क्रिकेट खेले। २ सय ९९ एक दिवसीय क्रिकेट खेलेका लाराले २ सय ८९ खेलमा ब्याटिङ गर्दै ३२ पटक नटआउट रहँदै १० हजार ४ सय ५ रन बनाएका छन्। ४० दशमलव ४८ रनको औसत लिएका लाराले यो क्रममा १९ सतक र ६३ अर्द्धसतक बनाएका छन्। एकदिवसीय क्रिकेटमा लाराले १ सय २० क्याच गरेका छन्।

टेस्ट क्रिकेटमा ब्रायन लाराले १ सय ३१ खेलका २ सय ३२ इनिङ खेलेका छन्। टेस्ट क्रिकेटमा ३४ सतक र ४८ अर्द्धसतक बनाएका लाराले ५२ दशमलव ८८ को औसतमा ११ हजार ९ सय ५३ रन बनाएका छन्। जुन विश्व कीर्तिमान पनि हो। टेस्ट क्रिकेटमा लाराले इङ्ल्यान्डविरुद्ध बनाएको ४ सय रन कुनै पनि खेलाडीले बनाएको उच्च स्कोर र टेस्ट क्रिकेटको एक मात्र ४ सय रन हो।

एउटा सफल ब्याट्सम्यानका रूपमा कहलिएका लारा एउटा कप्तानका रूपमा भने कहिल्यै सफल मानिएनन्। लाराले ४७ टेस्टमा वेस्टइन्डिजको नेतृत्व गर्दै जम्मा १० टेस्टमा विजय प्राप्त गरेका छन् भने २६ टेस्टमा हार बेहोरेका छन्। ११ टेस्टमा अनिर्णित समाप्त भएको थियो। त्यसैगरी लाराले १ सय २५ एक दिवसीय क्रिकेटमा वेस्टइन्डिजको नेतृत्व गरेका थिए, जसमध्ये ५९ खेलमा जित र ५९ खेलमै हार बेहोरेका थिए भने ७ खेल अनिर्णित टुंगिएको थियो।

अस्ट्रेलियाविरुद्ध सिड्नीमा खेलिएको २ सय ७७ रनको इनिङलाई लाराले आफ्नो जीवनको सर्वश्रेष्ठ इनिङ बताएका छन्। उक्त खेल लाराका लागि कति महत्त्वपूर्ण थियो भने लाराले आफ्नो छोरीको नामसमेत सिड्नी राखेका छन्।

अस्ट्रेलियाका दायाँ हातका तीव्र गतिका ब्लर ग्लेन म्याकग्राथले नवौं विश्वकप क्रिकेटको फाइनलमा श्रीलंकाविरुद्ध आफ्नो अन्तिम एक दिवसीय क्रिकेट खेले। सन् १९९३, ९ डिसेम्बरमा दक्षिण अफ्रिकाविरुद्ध मेलबर्नमा पहिलो एकदिवसीय खेलेका म्याकग्राथले कुल २ सय ५० एक दिवसीय क्रिकेटमा १२ हजार ९ सय ७० बल फ्याँकेर ८ हजार ३ सय ९१ रन दिँदै २२ दशमलव ०२ को औसतसहित ३ सय ८१ विकेट लिएका छन्। एक दिवसीय क्रिकेटमा १५ रन दिएर ७ विकेट लिनु उनको सर्वश्रेष्ठ प्रदर्शन थियो।

त्यसैगरी सन् १९९३ को नोभेम्बरमा न्युजिल्यान्डविरुद्ध पर्थमा पहिलो टेस्ट खेलेका ग्लेन म्याकग्राथले १ सय २४ टेस्टमा २९ हजार २ सय ४८ बल फ्याँकेर १२ हजार एक ८६ रन दिँदै २१ दशमलव ६४ को औसतले ५ सय ६३ विकेट लिएका छन्। टेस्ट क्रिकेटको एक इनिङमा २४ रन दिएर ८ विकेट लिनु उनको सर्वश्रेष्ठ प्रदर्शन थियो। जनवरी २००७ मा इङ्ल्यान्डविरुद्ध सिड्नीमा अन्तिम टेस्ट खेलेका म्याकग्राथले टेस्टमा २९ पटक प्रतिइनिङ ५ वा ५ भन्दा बढी विकेट र ३ पटक १० वा १० भन्दा बढी विकेट लिएका छन्।

सन् १९९८ र ९९ मा विज्डन क्रिकेटर अफ



द इयर चुनिएका म्याकग्राथ सन् २००० टेस्ट प्लेयर अफ द इयर र सन् २००१ मा वान डे इन्टरनेसनल प्लेयर अफ द इयर चुनिएका थिए।

टेस्ट तथा एकदिवसीय दुवै किसिमको क्रिकेटमा सबैभन्दा बढी विकेट लिने खेलाडीको सूचीमा तेस्रो स्थानमा रहेका म्याकग्राथ बितेका दिनमा क्यान्सरबाट पीडित श्रीमतीका कारण पनि चर्चामा आउने गर्थे। श्रीमतीको रोगका कारण जहिले पनि अप्ठ्यारो स्थितिमा रहने गरेका म्याकग्राथले मैदानमा भने कहिल्यै पनि त्यस्तो संकटको छनक दिएनन्। यसै कारण क्रिकेट विश्लेषकहरू म्याकग्राथलाई सर्वश्रेष्ठ समकालीन खेलाडीका रूपमा समेत सम्मान गर्ने गर्छन्।

## ५ प्रश्न



*जंगबहादुर थापा, नेपाली क्रिकेटका राम्रामध्येका एक प्रशिक्षक। भैरहवामा क्रिकेटको जग बसाउन महत्त्वपूर्ण भूमिका खेलेका जंगबहादुर वि.सं. ५० को दशकसम्म निकै राम्रा खेलाडी मानिन्थे। त्यसपछि खेलाडी उत्पादनमा लागेका थापाले भैरहवामा क्रिकेट एकेडेमीसमेत सञ्चालन गरेका छन्। हाल नेपाली क्रिकेटका चर्चित नामहरू शक्ति गौचन, वसन्त रेग्मी, अमृत भट्टराई, अन्तिम थापा (आफ्नै छोरा), आकाश गुप्ता आदि खेलाडी उत्पादन गरिसकेका थापालाई सबैले गुरु उपनामबाट चिन्छन्। उनी यतिबेला भैरहवामा महिला खेलाडी उत्पादनमा जुटिरहेका छन्।*

**विश्वकप क्रिकेट कस्तो लाग्यो ?**

मेरा लागि साह्रै नरमाइलो भयो। भारत र पाकिस्तानजस्ता मनपर्ने टिमहरू पहिलो चरणबाटै बाहिरिएपछि विश्वकप नै खल्लो भयो। फेरि सबै खेल राति पर्ने भएकाले महत्त्वपूर्ण खेलबाहेक सबै खेलका हाइलाइट मात्रै हेरें। अर्कातर्फ आधुनिक क्रिकेटका उत्कृष्ट प्रशिक्षक बब उल्मरको अस्वभाविक मृत्युको खबर सुन्दा एकदम नरमाइलो लाग्यो। पहिले नेपालमा आउँदा मैले उहाँसँग सात दिनको प्रशिक्षण पनि लिने मौका पाएको थिएँ। उहाँ निकै राम्रो मानिस हुनुहुन्थ्यो। उहाँको मृत्युले विश्व क्रिकेटले एउटा उत्कृष्ट प्रशिक्षक गुमाएको छ।

**विश्वकपका नतिजा कस्तो रह्यो ?**

मलाई मन पर्ने टिम भारत नै थियो। हामी सीमाक्षेत्रका धेरैजसो मानिस भारतलाई नै मन पराउँछौं। भारतको अवसानपछि मैले श्रीलंकाको समर्थन गरेको थिएँ। फाइनलमा उनीहरू पनि अस्ट्रेलियासँग हारे र दोस्रो पटक विश्वकप जित्ने अवसर गुमाए। अस्ट्रेलिया निकै बलियो टिम थियो, उनीहरू जितका हकदार पनि हुन्।

**श्रीलंकाको हारको कारण के हो ?**

आत्मविश्वासको कमी। मैले उनीहरूका कप्तान माहेला जयावर्द्धनेको भनाइ पनि सुनें। भनाइमै आत्मविश्वासको कमी देखिन्थ्यो। श्रीलंका मात्र होइन, अस्ट्रेलियाविरुद्ध खेल्ने कुनै पनि टिमसँग आत्मविश्वासको कमी रह्यो। जसको फाइदा कंगारु टिमले सहजै उठायो।

**अस्ट्रेलियाको एकाधिकार कहिलेसम्म कायम रहला ?**

यस्तै हिसाबले अस्ट्रेलियालाई हराउन निकै गाह्रो छ, तैपनि आशा गरौं, एकैनास त नहोला। यति बेला दक्षिण अफ्रिका त्यति राम्रो देखिएको छैन। अहिलेको खराब ब्याटिङ लाइनमा सुधार गरे दक्षिण अफ्रिका अस्ट्रेलियालाई हराउने एकमात्र टिम बन्न सक्छ। नभए अरू टिमले एक-दुई वर्षभित्रमै अस्ट्रेलियालाई चुनौती दिन गाह्रै छ। अब केही वर्षभित्रमा भारतले नै चुनौती दिन्छ होला उनीहरूलाई।

**यो विश्वकपमा तपाईंलाई मन परेको खेलाडी ?**

श्रीलंकाका लसिथ मालिंगा। अहिलेको खेल हेर्दा उसले भविष्यमा निकै राम्रो गर्न सक्छ जस्तो देखिन्छ। खेलको हिसाबले अस्ट्रेलियाका सबैजसो खेलाडी मलाई राम्रा लागे, खासगरी म्याथ्यु हेडेन र ग्लेन म्याक्ग्राथ।

## को सेक्सी ?

नवौं विश्वकप क्रिकेटका दौरान एक स्थानीय अखबारले आयोजना गरेको सर्वाधिक कामुक खेलाडीको उपाधि उपविजेता श्रीलंकाका लसिथ मलिंगाले पाएका छन्।

यो विश्वकपमा सर्वाधिक कामुक खेलाडीहरूको सूचीमा ब्रायन लारालगायत ड्यानियल भिटोरी, सेन टेट, क्रिस गेल, केभिन पिटरसन, एन्ड्रु फिन्टोफसहित मखाया एन्टोनी थिए। बारबाडोसबाट प्रकाशित हुने सन्डे सन पत्रिकाले गरेको सर्वेक्षणमा लसिथ मलिंगा कामुक खेलाडी छनौट भएका हुन्।



अखबारले आफ्नो सर्वेक्षणलाई पुष्टि गर्दै लेखेको छ- लसिथ मलिङ्गा यो विश्वकपमा आफ्नो सुनौलो घुमाउरो कपालका कारण सबैको ध्यान आफूतर्फ खिच्न सफल भए। यसबाहेक उनको वाइसेपमा रहेको टाटुले पनि उनीप्रति थप आकर्षण सिर्जना गर्‍यो। कालो वर्णका २३ वर्षीय मलिंगाले आफ्नो आकर्षणलाई दक्षिण अफ्रिकाविरुद्धको खेलमा अझ बढाए। दक्षिण अफ्रिकाविरुद्धको खेलमा चार बलमा चार विकेट लिएर उनले विश्वकप क्रिकेटमा नयाँ कीर्तिमानसमेत कायम गरेका थिए।



## विम्बल्डनमा पुरस्कार राशि बढ्यो

विम्बल्डन प्रतियोगिता सर्वाधिक प्रतिष्ठित ग्रान्डस्ल्याम प्रतियोगिता भएको कुरा यसको इतिहास र लोकप्रियताले पुष्टि गरिसकेको छ। यही क्रममा विम्बल्डनले आफूलाई सर्वाधिक धनराशि रहेको ग्रान्डस्ल्याम प्रतियोगिताका रूपमा पनिस्थापित गरेको छ।

अहिले विम्बल्डनमा दिइने पुरस्कार राशिमा ८ दशमलव ७ प्रतिशतले वृद्धि गरेर २ करोड २५ लाख ७२ हजार डलर पुऱ्याइएको छ। यस पटक उपाधि जित्ने खेलाडीले १४ लाख डलर पुरस्कारबापत पाउनेछन्। विगतका ग्रान्डस्ल्याम प्रतियोगितामा महिला र पुरुष खेलाडीले पाउने पुरस्कार राशिमा समानता नभएको गुनासो आएपछि यस पटकदेखि विम्बल्डन प्रतियोगिताका आयोजकले पुरस्कार राशिमा पनि समानता ल्याएका छन्। यसअघि अन्य ग्रान्डस्ल्याम प्रतियोगिताले महिला र पुरुष खेलाडीहरूले पाउने पुरस्कार राशिमा समानता ल्याइसकेका छन्। गत वर्ष सम्पन्न भएको विम्बल्डन प्रतियोगितामा पुरुषतर्फको विजेता रोजर फेडेररले ११ लाख ७० हजार डलर पुरस्कारबापत पाएका थिए भने महिलातर्फको उपाधि विजेता एमिली माउरेस्मोले ११ लाख १० हजार डलर पाएकी थिइन्।

## साप्ताहिक विश्वकप क्रिकेट क्विजको नतिजा

नवौं विश्वकप क्रिकेटको सन्दर्भमा साप्ताहिकले सञ्चालन गरेको विश्वकप क्रिकेट क्विजमा ७ हजार ४ सय ८४ पाठकको सहभागिता रह्यो। तीमध्ये २६ जना सहभागीले क्विजमा सोधिएका ५ वटै प्रश्नको सही जवाफ पठाउनुभएको थियो। पूर्व घोषित कार्यक्रमअनुसार हामीले ५ जनालाई प्रथम, १० जनालाई द्वितीय र २० जनालाई तृतीय पुरस्कार दिनुपर्ने थियो तर २३ वटा मात्र सही उत्तर प्राप्त भएकाले सोही अनुसार ४ जनालाई प्रथम, ८ जनालाई द्वितीय तथा ११ जनालाई तृतीय पुरस्कार दिने निर्णय गरिएको छ। जसअनुसार देहायका पाठकले पुरस्कार प्राप्त गर्नुभएको छ।

**प्रथम पुरस्कार प्राप्त गर्नेहरू**

१.नरेन्द्रप्रसाद जोशी, शान्तिनगर, काठमाडौं
२. राजन सुनुवार, मैजुबहाल, काठमाडौं
३.तीर्थराज कार्की, विराटनगर, मोरङ
४.बाबुराम सापकोटा, भरतपुर, चितवन

**द्वितीय पुरस्कार प्राप्त गर्नेहरू**

१. सञ्जय केसी, चावहिल, काठमाडौं
२. सन्तोष पोखरेल, रातोपुल, काठमाडौं
३. भोजराज श्रेष्ठ, दुलारी, मोरङ
४. धर्म खड्का, सीतापाइला, काठमाडौं
५.दिनेश श्रेष्ठ, मन्थली, रामेछाप
६. मिलन राई, विर्तामोड, झापा
७.अच्युतराज शर्मा, नरदेवी, काठमाडौं
८.माधवलाल श्रेष्ठ, नख्खु, ललितपुर

**तृतीय पुरस्कार प्राप्त गर्नेहरू**

१. राजनबाबु काफ्ले, घट्टेकुलो, काठमाडौं
२. लुकमान गुरुङ, कपन, काठमाडौं
३. माधवप्रसाद ज्ञवाली, रिडी, गुल्मी
४. भवानीप्रसाद रिजाल, पथरी, मोरङ
५.मनिष पोखरेल, भद्रपुर, झापा
६.दिलीप बानियाँ, हेटौंडा, मकवानपुर
७.आशिष ढकाल, धुलिखेल, काभ्रे
८. यामप्रसाद गैरे, बाणगंगा, कपिलवस्तु
९. कृष्ण गिरी, भिमाद, तनहुँ
१० शैलेन्द्रकुमार शाह, सिंहदरबार, काठमाडौं
११.बलराम बज्जाडे, नयाँबानेश्वर, काठमाडौं

पुरस्कृत पाठकले कान्तिपुर पब्लिकेसन्स प्रा.लि.को काठमाडौं, विराटनगर र भरतपुरस्थित ग्राहक सेवा तथा वितरण शाखामा आफ्नो परिचयपत्रसहित सम्पर्क राख्नुहोला। प्रतियोगितामा उत्साहपूर्वक सहभागिताका लागि हामी आदरणीय पाठकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

# विराटनगरमा प्रथम खेल महोत्सव सम्पन्न



विराटनगर- विराटनगरमा पहिलो पटक सम्पन्न बृहत् अन्तरविद्यालय खेलकुद महोत्सव-२०६४ मा विभिन्न खेलमा ९ स्वर्ण, ७ रजत तथा ५ वटा कांस्य पदक जितेर बूढानीलकण्ठ इङ्लिस बोर्डिङ स्कुलले प्रथम स्थान हासिल गरेको छ। ६ स्वर्ण, १२ रजत र ९ वटा कांस्य पदक प्राप्त गरी सेन्टजोसेफ उच्च मा.वि. दोस्रो स्थानमा आयो भने ४ स्वर्ण, ३ रजत र २ कांस्य पदक प्राप्त गरी डनबस्को बोर्डिङ स्कुल तेस्रो स्थानमा रह्यो।

विराटनगरका ३४ विद्यालयले भाग लिएको महोत्सवमा २ हजार ५ सय विद्यार्थीले सहभागिता जनाएका थिए। प्रदर्शनी खेलमा मात्रै ५ सयजति विद्यार्थी खेलाडी सहभागी भएको कराँते प्रशिक्षक विमल पोखरेलले बताए। महोत्सवमा एथलेटिक्सतर्फ छात्रछात्रा १ सय, २ सय र ४ सय मिटर दौडका साथै छात्रछात्रा लङजम्प, हाईजम्प, रिले दौड, ज्याब्लिङ थ्रो, कपर्दी, सटपुटजस्ता खेल खेलाइयो। कोसी विद्यामन्दिर कक्षा ८ की छात्रा जेवा खानले सय र दुई सय मिटर दौड तथा लङजम्पमा गरी ३ स्वर्ण पदक जितिन्।

भलिबलमा सरस्वती मा.वि. प्रथम, सेन्टजोसेफ दोस्रो र बीकेभीएम तेस्रो भए। क्रिकेटमा आदर्श मा.वि. प्रथम, सरस्वती मा.वि. द्वितीय र बीकेभीएम तृतीय भए। चेसमा भने साहिल थपलिया प्रथम, सावन मेहता द्वितीय र सजन श्रेष्ठ तृतीय भए।

ब्याडमिन्टन छात्रा सिंगलमा एलु भट्टराई प्रथम, सेवा कोइराला द्वितीय, अञ्जली भट्टराई र मनीषा बोहरा तृतीय भए। छात्र सिंगलतर्फ शोयस कार्की पहिलो, प्रभात राई दोस्रो, सुशील रौनियार र सुनील रौनियार तेस्रो भए। छात्रा टिम इभेन्टमा बूढानीलकण्ठ प्रथम, ग्यालेक्सी मा. वि. द्वितीय तथा सिद्धार्थ शिशु सदन र नमुना विद्या मन्दिर तृतीय भए। छात्र टिम इभेन्टमा सेन्टजोसेफ, बूढानीलकण्ठ प्रथम र द्वितीय तथा एजेलिया बोर्डिङ र कोसी विद्या मन्दिर तृतीय भए।

टेबुलटेनिस छात्र सिंगलमा निश्चल प्रधान पहिलो, महेश ढकाल दोस्रो, आशुतोष मिश्र र सुरज पौडेल तेस्रो भए। छात्रा सिंगल खेलमा मेरिस्ना केसी प्रथम, सविता गिरी द्वितीय, मनीष खड्का र सुधेस्ना गुवा तृतीय भए। छात्र टिम इभेन्टमा बूढानीलकण्ठ पहिलो, डनबस्को दोस्रो, सिद्धार्थ शिशु सदन र देबकोटा मा.वि. तेस्रो भए। छात्रा टिम इभेन्टमा बूढानीलकण्ठ पहिलो, जेम्स बोर्डिङ दोस्रो, सेन्टजोसेफ र नमुना विद्या मन्दिर तेस्रो भए। यस्तो खेल महोत्सवलाई प्रत्येक वर्ष निरन्तरता दिने योजना रहेको आयोजक समितिले जनाएको छ।

–कमल रिमाल

# जेठ अंकको नारी जेठ १ गते बजारमा आउँदैछ

# पुलिस र पश्चिमाञ्चलको वर्चस्व



मकवानपुर- हेटौंडामा सम्पन्न १४ औं महिला तथा २४ औं पुरुष राष्ट्रिय भलिबल प्रतियोगितामा महिलातर्फ पश्चिमाञ्चल टिम तथा पुरुषतर्फ महेन्द्र पुलिस क्लबले उपाधि हात पारेका छन्। अट्ठाइस वर्षपछि यो प्रतियोगिता हेटौंडामा आयोजना गरिएको हो। उपाधिसँगै दुवै टिमले बंगलादेशमा हुने एघारौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी हुने अवसर प्राप्त गरेका छन्।

हेटौंडाको सिद्धार्थ माध्यमिक विद्यालयको चौरमा सम्पन्न पुरुषतर्फको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई हराउँदै महेन्द्र पुलिस क्लबले शिल्डमाथि कब्जा जमायो। लगातार तीन पटकको विजयसँगै पुलिसले शिल्ड स्थायीसमेत गरेको छ। पुलिसले आर्मीलाई २५-२०, २१-२५, २५-२१ र २५-१८ ले हराएको थियो। त्यसैगरी महिलातर्फको फाइनलमा महेन्द्र पुलिसलाई हराउँदै पश्चिमाञ्चल टिम प्रथम भएको छ। पश्चिमाञ्चलले पुलिसलाई २५-२१, २१-२५, १७-२५, २५-२३ र २५-१३ ले हराएको थियो।

महिलातर्फ पश्चिमाञ्चलले दोस्रो पटक राष्ट्रिय भलिबलको उपाधिमा कब्जा जमाएको छ। यस वर्ष पुरुषतर्फ उदियमान खेलाडी दीपक थापामगर तथा उत्कृष्ट खेलाडी सरोज श्रेष्ठलाई छानिएको छ। महिलातर्फ भने पश्चिमाञ्चलका सिपोरा गुरुङ उदियमान र मञ्जु गुरुङ उत्कृष्ट भएकी थिइन्। पुरुषतर्फ ज्ञानेन्द्र एपीएफ तथा महिलातर्फ सुदूर पश्चिमाञ्चल टिम तृतीय भएका छन्।

–शिवकुमार काशी

FIRST
ECAN
educational
fair-2007

Get Counseling Only From ECAN Members

• Date: 24th-27th May, 2007
• Time: 11:00 am - 6:00 pm
• Venue: BICC, New Baneshwor

SILVER SPONSORS
BRITISH COUNCIL
Stratford College London

SUPPORTED BY
Ministry of Education & Sports
THE EMBASSY OF THE PEOPLES REPUBLIC OF CHINA
THE EMBASSY OF MALAYSIA
STUDY IN AUSTRALIA

ORGANIZED BY:
ECAN

OFFICIAL SPONSORS
TELEVISION: KANTIPUR
FM
NEPALI NEWSPAPER: कान्तिपुर
ENGLISH NEWSPAPER: THE KATHMANDU POST
BANK: BANK OF KATHMANDU LTD.
AIR-EXPRESS COMPANY: DHL
HOTEL: The Everest Hotel
AD AGENCY: Spectrum

For details please contact:
Educational Consultancy Association of Nepal
P.O.Box: 8975 EPC 5491, Dillibazar, Kathmandu, Nepal
Tel: 2004667, Cell: 9851048879, e-mail: info@ecan.org.np, URL: www.ecan.org.np



# रिया बनिन् पहिलो पोखरा समलिङ्गी सुन्दरी

पोखरा- 'नौलो बिहानी' नामक संस्थाले यहाँ आयोजना गरेको पहिलो पोखरा समलिङ्गी प्रतियोगितामा ठेलमठेल दर्शकले सहभागीहरूलाई हौसला दिइरहेका थिए। लुकेर रहेका समलिङ्गीहरूलाई बाहिर ल्याउने तथा उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले आयोजना भएको प्रतियोगितामा अमरसिंहचोककी २१ वर्षीया रिया गुरुङले पोखरा समलिङ्गी सुन्दरी प्रतियोगिताको मुकुट पहिरिन्। टप थ्री राउन्डमा पुगेका रियासहित दुई जना प्रतियोगीलाई ब्युटिसियन मीना गुरुङले सोधेको 'यदि तपाईं पोखरा समलिङ्गी सुन्दरी बन्नुभयो भने समाजमा लुकेर रहेका समलिङ्गीहरूलाई के सन्देश दिन चाहनुहुन्छ?' भन्ने प्रश्नमा रिया अर्थात् राजु गुरुङले समाजमा समलिङ्गीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जनचेतनामूलक अभियानमा जुट्ने उत्तर दिएका थिए।

आफू समलिङ्गी भएको परिचय दिन नहिचकिचाउने रिया पौडी, नृत्य तथा पत्रपत्रिका अध्ययनमा रुचि राख्छिन्। प्रतियोगितामा ताज जितेपछि हर्षित मुद्रामा उनले साप्ताहिकसँग भनिन्- 'अब समलिङ्गीको क्षेत्रमा काम गर्ने जिम्मेवारी बढेको छ।' त्यसो त उनी सुनौलो बिहानी संस्थामा एक वर्षदेखि 'आउट रिड एडुकेटर' पदमा कार्यरत छिन्।

पारिवारिक बन्देज तथा आफ्नै समस्याका कारण अपेक्षा गरिएभन्दा पनि कम प्रतियोगी सहभागी भएको यो प्रतियोगितामा समलिङ्गीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन आग्रह पनि गरिएको थियो। प्रतियोगितामा सिर्जनाचोककी २० वर्षीया बिन्ध्या गौतम (राज) फस्ट रनर-अप भइन्। उनले समलिङ्गीहरूप्रतिको भेदभाव अब बन्ने नयाँ संविधानले मेटाउनुपर्ने विचार व्यक्त गर्दा सभाहलमा ताली बर्सिएको थियो। प्रतियोगितामा वालिङ स्याङ्जाकी श्रेया थापा (सुमीत) सेकेन्ड रनर-अप बनिन्। प्रतियोगितामा सुन्दरी प्रतियोगितामा प्रदान गरिने अन्य टाइटल भने वितरण गरिएको थिएन।

दर्शकहरूले अग्ली र केही आकर्षक देखिएकी सोफिया लामाको पक्षमा कार्यक्रमको सुरुवातदेखि नै हुटिङ गरे पनि उनी टप थ्रि राउन्डमा नपुगी बाहिरिएकी थिइन्। सुरुमा परिचय राउन्ड हुँदै ट्यालेन्ट सो, प्रश्नोत्तर, टप थ्री, मोडन गरी अन्त्यमा टप थ्री गरी चरण छुट्ट्याइएको थियो। टप थ्रीमा परेका बिन्ध्या गौतम, श्रेया गुरुङ र रिया गुरुङमध्येबाट रिया गुरुङ पहिलो समलिङ्गी सुन्दरी घोषित भएकी थिइन्। प्रतियोगितामा उनीहरूका अतिरिक्त छायाँ गुरुङ, सुवानी शाही, सोफिया लामा, बेबी थापाको सहभागिता थियो।

पुरुषका रूपमा जन्मिए पनि नारी स्वभाव मन पराउने पुरुषहरूलाई दृष्टिगत गरेर आयोजित प्रतियोगितामा सहभागीहरूले आफ्नो यौनिकता अप्राकृतिक नभै प्राकृतिक भएको तथा सुन्दरी बन्न सुन्दरता मात्र नभै भित्री आत्मा पनि सुन्दर हुनुपर्ने बताएका थिए। समलिङ्गी पनि पुरुष, महिला, तेस्रो लिङ्गीय र इन्टर सेक्सुअल गरी पाँच खालका रहेको अध्ययनले देखाएको छ। समलिङ्गीहरू समाजमा समान्य मानिससरह जीवनयापन गर्न सकून् भनेर चेतना प्रवाहका लागि यो कार्यक्रम आयोजित गरिएको हो, नौलो बिहानीका संयोजक कृष्ण अधिकारीले भने- 'आगामी वर्ष पनि हामीले कार्यक्रमलाई निरन्तरता दिनेछौं।' संस्थाले पोखरामा एक वर्षदेखि समलिङ्गी तथा एचआईभीका क्षेत्रमा काम गर्दै आएको छ।

पोखरामा अहिले २ हजार जति समलिङ्गी भएका बताइन्छ। प्रतियोगतामा सहभागी एक समलिङ्गीले आफ्नो वास्तविक नाम बताउन चाहेनन्। उनले भने- 'मलाई पुरुषको नाम भन्दा लाज लाग्छ।' यहाँ विजय भएका प्रतियोगीहरूले काठमाडौंमा हुने प्रतियोगितामा सहभागी हुने अवसर पाउने छन्। नेपालको कुल जनसंख्याको १० प्रतिशत समलिङ्गी भएको दाबी गरिंदै आएको छ।

**– शिव शर्मा**

# करुण छानिए मास्टर स्टार २००७

राजधानीस्थित प्रज्ञाभवनको प्रेक्षालयको पर्दा उघारिन्छ। देशमा दीर्घकालीन शान्तिको कामना गर्दै सञ्चारकर्मी एवम् गायक अशोक प्यासी राईको गीतमा चन्द्र-सूर्य अंकित राष्ट्रिय झन्डा बोकेका २९ जना बालकले सामूहिक नृत्य प्रस्तुत गर्छन्, अनि अघि बढ्छ मास्टर स्टारको प्रतिस्पर्धा। सहभागी सबै बालकले आत्मविश्वासका साथ आ-आफ्ना परिचय दिन्छन्। कार्यक्रमको ट्यालेन्ट राउन्डमा प्रतिस्पर्धी बालकहरूले आआफ्नो प्रतिभा र दक्षता प्रदर्शन गरे। यही क्रममा मानकाजीले बालिकाको ड्रेसअपमा प्रस्तुत भएर केटीकै जस्तो आकर्षक हाउभाउका साथ नृत्य गरेका थिए। उनको यो प्रस्तुतिलाई दर्शकदीर्घाले तालीले कदर त गरे नै, साथै निर्णायकहरूले पनि मास्टर ट्यालेन्टको एवार्डबाट सम्मान गरे। त्यसपछि पालो भयो बेस्ट ड्रेस राउन्डको, जसमा सहभागीहरू फरक-फरक वेशभूषामा प्रस्तुत भए। मास्टर बेस्ट ड्रेसको उपाधि भने अन्जन महर्जनले जिते। परिमार्जित नेवारी पहिरनमा सजिएका अन्जनको पहिरनमा योमरीको माला, लालीगुराँस, राष्ट्रिय झन्डा, स्वयम्भू आदि अंकित थिए भने खुट्टामा अन्जनले सुकुलको जुत्ता लगाएका थिए।

नेपलिज फेसन होमको आयोजनामा रोहिया महर्जन र विवेक श्रेष्ठको कोरियोग्राफीमा गत शनिबार राजधानीस्थित प्रज्ञाभवनमा सञ्चालित 'मास्टर स्टार-२००७' प्रतिस्पर्धामा टपटेन राउन्डबाट छानिएका पाँच जना बालकबीच 'मास्टर स्टार' उपाधिका लागि अन्तिम निर्णायक प्रश्नको उत्तरमा प्रतिस्पर्धा भयो। अन्तिम प्रश्न थियो- 'तपाईंका लागि संसारको सबैभन्दा मूल्यवान् कुरा के हो र किन?' अन्तिम चरणमा पुगेका ५ जना प्रतिस्पर्धीको उत्तर मुख्य उपाधिका लागि दावेदार देखिन्थे, तर प्रतिस्पर्धाको नियममा विजेता एक जना मात्रै हुने भएकाले मास्टर स्टार करुण पन्त छानिए। उल्लेखित प्रश्नको उत्तरमा करुणले यो सुन्दर संसार र आफूलाई जन्म दिने आमालाई हेर्ने अवसर आफ्ना आँखाबाट प्राप्त भएकाले आफ्ना लागि आँखा नै संसारको सबैभन्दा मूल्यवान् कुरा भएको लिखित जवाफ दिएका थिए।



प्रतिस्पर्धामा फस्ट रनरअप प्रशान्त खतिवडा छानिए भने सेकेन्ड रनरअपमा सोयुज भट्टराईले कब्जा जमाए। अन्य उपाधिहरूतर्फ मनीष महर्जन- फ्रेन्डसीप, अन्जन महर्जन- पर्सनालिटी, आङछिरिङ शेर्पा- डिसिप्लिन, राहुल राउत- बेस्ट पर्फर्मेन्स, शिवाङ सिंह- इनोसेन्ट, प्रशान्त खतिवडा- बेस्ट स्माइल, विधान लामा- फोटोजेनिक, धीरज गुरुङ- ह्यान्डसम र मोहित खरेल- बेस्ट हेयरतर्फ उत्कृष्ट छानिए।

## गर्मीमा डान्सपार्टी



विराटनगर– तराईमा अत्यधिक बढेको गर्मीले दिउँसो बजारको चहलपहलमा कमी आएको छ। दिउँसो चर्को घाम हुने भएकाले अपराह्न मात्रै मानिसहरू बजारमा घुमफिरका लागि निस्किन्छन्। यस्तै गर्मीको बीचमा गत शनिबार विराटनगरमा सम्पन्न डान्सपार्टीमा युवायुवतीहरू उन्मुक्त भएर नाचे। प्याराडाइज होटलको हलमा चर्को संगीतको तालमा नाच्ने युवायुवतीहरूले हलभित्रको तापक्रमको पर्वाह गरेनन्।

बेलुका ५ बजे सुरु भएको डान्सपार्टी गर्मीकै कारण तीन घण्टा मात्रै चल्यो। फ्रिजको चिसो पानी शरीरमा छर्कंदै चिसोको महसुस गरेर नाचेका युवायुवतीहरू बन्द हलको ताप सहन नसकी लगाएका कपडासमेत खोल्न थालेका थिए। न्यू टाइगर युथ क्लबले नयाँ वर्षमा गर्न लागेको डान्स पार्टी सरेर यहाँसम्म आइपुगेको हो।

स्थानीय साउन्ड सिस्टमले संयोजन गरेको संगीतसँगै लोकल डिजेले डान्सरहरूलाई नचाउने प्रयास गरेका थिए। पार्टीको रौनक बढाउन आयोजकहरूले डान्सरहरू खोजेर ल्याएका थिए। केही समययता यहाँका युवायुवतीमा डान्सपार्टीप्रतिको आकर्षण बढेको देखेरै यो डान्सपार्टीको आयोजना गरिएको आयोजक कमल पाण्डेले साप्ताहिकलाई बताए।

**–कमल रिमाल**

## पर्यटन सुन्दरीका लागि दौड प्रारम्भ



आगामी जुलाई महिनामा चीनमा सम्पन्न हुने मिस टुरिज्म क्विन इन्टरनेसनल प्रतियोगितामा नेपालका तर्फबाट सहभागिता गराउन ग्रुप अफ इभेन्ट इन्टरटेनर्स (जीईई) को आयोजनामा हुन लागेको 'टुरिज्म क्विन इन्टरनेसनल नेपाल- २००७' का लागि सहभागीहरूको प्रारम्भिक छनौट प्रारम्भ भएको छ। गत सोमबार राजधानीमा सम्पन्न एक छनौट कार्यक्रममा आवेदन दिएका सुन्दरीहरूको आत्मविश्वास, सामान्यज्ञान, देशको पर्यटन, कला-संस्कृतिसम्बन्धी जानकारी एवं व्यक्तित्वको मूल्यांकन निर्णायक-मण्डलमा सम्मिलित साप्ताहिकका सम्पादक सुवास ढकाल, संगीतकर्मी सुरेन्द्र श्रेष्ठ, कोरियोग्राफरद्वय जयन सुब्बा मानन्धर र प्रभा अमात्य, सञ्चारकर्मी रोजिन शाक्य तथा ई-नशा डटकमका अभिनव कसजू र दीपंकर कसजूले गरेका थिए। पोखरास्थित फूलबारी रिसोर्टमा आगामी जून महिनाको पहिलो साता सम्पन्न हुने मिस टुरिज्म क्विन प्रतियोगिताको कोरियोग्राफीको अभिभारा प्रभा अमात्यले पाएकी छिन् भने प्रतिस्पर्धीहरूका लागि पहिरन भने राजधानीस्थित एन.ई.एफ.टी. डिजाइनिङ संस्था तथा पोखरास्थित गुलमोहर बुटिकले तयार पार्नेछन्।

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt ★Tour Operation ★ Airlines & Travel (Amadeus, Abacus & Galileo) ★ Hotel Management ★ F & B Management ★ Cook ★ Front Office ★ Waiter ★ Bartender ★ Bakery ★Housekeeping
SATS Course मा आधारीत तालीम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
स्थापनाको आठौं वर्ष
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

अंग्रेजि दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दे नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in: UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम जेष्ठ १ गते देखि शुरु हुँदैछ। भर्ना खुल्यो।
•चाइनिज कूकिङ्ग बिहान ११:०० बजे
•बेकरी दिउँसो १२:३० बजे
•इण्डियन कूकिङ्ग दिउँसो २:०० बजे
जमलेश्वर इन्स्टिच्यूट (first & the foremost)
जमल- रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१/९८५१०८२४००

निःशुल्क ब्युटिसियन ट्रेनिङ्ग
Basic, Diploma, Advance, Beautician Teacher Training, Hair dressing / Special Short
SLC दिएकालाई विशेष सहुलियत
ITC प्रशिक्षण केन्द्र

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।